२६८

# भक्तपुर मासिक

Bhaktapur Monthly

वैशाख २०७६




## भूकम्प इन्जिनियरिङ र विपद्पछिको पुनर्निर्माण योजनाबारे

# दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन

- सम्पदा संरक्षणमा विदेशीको भर पर्नु गलत
- कर्मचारीहरूको इमानदारीको परीक्षण आर्थिक मामिलाबाट हुने
- भक्तपुर नपाबाट उत्कृष्ट खेलाडीहरू सम्मानित
- भागिराम कायस्थ
- चिनियाँयात्री ई-त्सिङ
- लिच्छविकालीन नेपाली समाज : एक अध्ययन
- भादगाउँले कालो टोपीको शान
- भक्तपुर नपाका गतिविधिहरू




भूकम्प इन्जिनियरिङ र विपद्पछिको पुनर्निर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा मञ्चासिन अतिथिगण

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{ #^ ⭑ cÆ ^ ⭑ g}; ⫩!#( ⭑ lj-; ⫩@)&^j }zfv ⭑ A.D.2019

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

## सन् १९२० मा धरहराबाट देखिएको काठमाडौंको एक भाग



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘उनीहरू कहिल्यै असफल हुँदैनन् जसको मृत्यु महान् उद्देश्यको लागि हुन्छ ।’–बाइरन**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भूकम्प इन्जिनियरिङ र विपद् पछिको पुनःनिर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन | – | ३ |
| २) | भक्तपुर नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादन निरीक्षण | – | १६ |
| ३) | भक्तपुरको रानी पोखरी परिसर सरसफाइ | – | १७ |
| ४) | भक्तपुर नपाबाट भक्तपुरका ७५ सालका उत्कृष्ट खेलाडीहरू सम्मानित | – | १८ |
| ५) | कर्मचारीहरूको इमानदारीको परीक्षण आर्थिक मामिलाबाट हुने | – | २१ |
| ६) | कृषि प्राविधिक तालिमको उद्घाटन | – | २१ |
| ७) | सहयोगको नाउँमा हस्तक्षेप हुनेप्रति सचेत हुनुपर्ने | – | २२ |
| ८) | बिस्का जात्राको समीक्षा तथा धन्यवाद ज्ञापन | – | २३ |
| ९) | झटाप्व फल्चा उद्घाटन तथा पुस्तकालय भवनको शिलान्यास | – | २४ |
| १०) | सम्पदाको संरक्षण विज्ञानसम्मत हुनुपर्ने | – | २६ |
| ११) | स्थानीय पाठ्यक्रमले योग्य पुस्ता तयार गर्न सहयोग पुग्ने | – | २७ |
| १२) | राष्ट्रिय विकास परिषद्को बैठकमा पञ्चवर्षीय योजनाबारे छलफल | – | २८ |
| १३) | व्यवस्थित र शान्तिपूर्ण बिस्का जात्राका लागि जनचेतना ऱ्याली | – | २९ |
| १४) | बिस्का जात्रा शान्तिपूर्ण भए देशकै प्रतिष्ठा बढ्ने | – | ३० |
| १५) | वागीश्वरीमा प्रदेश नं. ३ का सामाजिक विकास मन्त्री | – | ३१ |
| १६) | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबीच अभिमुखीकरण | – | ३२ |
| १७) | सङ्घनायक भिक्षु अस्वघोषको निधन | – | ३३ |
| १८) | कार्यशालाका चित्रकला प्रदर्शनी उद्घाटन | – | ३४ |
| १९) | शुभकामना आदानप्रदान कार्यक्रम | – | ३५ |
| २०) | ‘सम्पदा संरक्षणमा विदेशीको भर पर्नु गलत’–अध्यक्ष बिजुक्छें | – | ३६ |
| २१) | ‘जनता बिना बर्दीका प्रहरी हुन्’– प्रमुख प्रजापति | – | ३७ |
| २२) | समाज भड्काउनेका सन्तानले बिगार्न सक्छ | – | ३८ |
| २३) | अनुसन्धानको विषय कामदार जनताको हितमा हुनुपर्ने | – | ४३ |
| २४) | ‘शिक्षकले समाज रूपान्तरणको निम्ति आधार तयार गर्छ’– का.रोहित | – | ४४ |
| २५) | चोछेंको मरुचा पाटी उद्घाटन | – | ४७ |
| २६) | समाजवादी मेयर | – | ५१ |
| २७) | भादगाउँले कालो टोपीको शान | ओम धौभडेल | ५२ |
| २८) | भागिराम कायस्थ : भक्तपुर दरबारका चर्चित व्यक्ति | डा. वीरेन्द्रप्रसाद कायस्थ | ५४ |
| २९) | बहुआयामिक व्यक्तित्व खलिल जिब्रान | न्हुछेरत्न बुद्धाचार्य | ५६ |
| ३०) | लिच्छविकालीन नेपाली समाजः एक अध्ययन | डा. बलराम कायस्थ | ५८ |
| ३१) | महान् चिनियाँयात्री ई–त्सिङ | रत्नसुन्दर शाक्य | ६४ |
| ३२) | रुसमा बौद्ध धर्मः परिचय र विशेषता | रविन्द्र मुनंकर्मी | ६६ |
| ३३) | रानीपोखरी पुनःनिर्माणको एक महिना | कृष्णप्रसाद दुमरु | ७० |
| ३४) | भक्तपुरबाट सिक्ने हो कि ! | नन्दु उप्रेती | ७२ |
| ३५) | SKETCHES FROM NIPAL (36) | Henry Ambrose Oldfield | ७४ |
| ३६) | पंचायती शैलीको संघीयता (सम्पादकको पृष्ठ) | – | ८० |


**साथमा**


निजी खर्चमा सार्वजनिक ढुंगेधाराको जीर्णोद्धार–५ ⁄ कालो टोपी बनाउने स्थानीयहरूको भेला–२० ⁄ पहिलो नेपाली भूउपग्रह प्रक्षेपण–२५ ⁄ जन्मको आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई वंशजको नागरिकता बारे सर्वोच्चको फरक आदेश–३१ ⁄ मुख्यमन्त्री–जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी अभिमुखीकरण–३२ ⁄ हाते व्यापारीहरूको भेला–३६ ⁄ दत्तात्रय, टौमढी र दरबार क्षेत्रका स्थानीय एवम् व्यवसायीहरूको भेला–३७ ⁄ रंगीन पृष्ठ–३९ देखि ४२ ⁄ वागीश्वरी कलेजमा अनुसन्धान लेखन र प्रकाशनसम्बन्धी तालिम सम्पन्न–४३ ⁄ ‘राम्रो शिक्षकबाट मात्रै योग्य विद्यार्थी उत्पादन हुन्छ’ –४५ ⁄ ‘शिक्षा व्यवस्था राम्रो भएको देशको विकास पनि छिटो हुने’–४५ ⁄ व्यक्तिलाई भन्दा समाजलाई अगाडि बढाउनुपर्ने–४६ ⁄ नेपालमा आएको पहिलो ‘टोर्नाडो’–४८ ⁄ भक्तपुर नपाको बजार अनुगमन–४९ ⁄ भैरवनाथको रथमा बेतः द्यःको नयाँ प्रतिमा–५० ⁄ बसिबियाँलो –५७ ⁄ भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ चैत महिनाको प्रतिवेदन–७३ ⁄ नेपालको संविधान २०७२, भाग–३२ ⁄ विविध(४३)–७६ ⁄ दही र मोही कतिको खानुहुन्छ ?–७८ ⁄ चैत महिनाको पर्यटक तथ्याङ्क– ७९ ।

# भूकम्प इन्जिनियरिङ र विपद् पछिको पुन:निर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा वैशाख १२ गते तीनदिने भूकम्प इन्जिनियरिङ र विपद् पछिको पुन:निर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो ।

## समुद्घाटन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले कलात्मक पानसमा दीप प्रज्वलन गरी सम्मेलनको उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि अध्यक्ष बिजुक्छेंले सम्मेलनको सफलताको शुभकामना दिनुहुँदै अन्तर्राष्ट्रिय सम्मेलनबाट प्राप्त प्राविधिक परामर्श र निचोडलाई संघीय सरकार, प्रादेशिक सरकारहरू र स्थानीय तहका सरकारहरूलाई सम्बन्धित विषयमा जोखिम न्युनीकरण गर्न ऐन–कानुनहरूको तर्जुमा गर्न कलेजहरूमार्फत् ती सल्लाहबारे अवगत गराउनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो – ‘चार वर्षपछि पनि भूकम्पको पराकम्पनले समाजलाई तर्साउँदै छ, हाम्रो देश भूकम्पीय क्षेत्रमा परेको हुनाले यसबाट हामी मुक्त हुन नसक्नेबारे सबै जानकार छौं ।’ समाजलाई भूकम्पको जोखिमबाट कसरी न्युनीकरण गर्ने भन्नेबारे सम्मेलनमा देशी र विदेशी प्राविधिकहरूले आ–आफ्नो अनुभव, ज्ञान र जानकारीको आदान–प्रदान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।




नारायणमान बिजुक्छें

भवन निर्माण र भौतिक संरचनाहरू निर्माण गर्दा पुराना र प्रचलित आचारसंहितालाई पालना

नगर्दा धेरै पुराना भवन र सम्पदाहरूलाई संरक्षण गर्न नसकेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले भवन निर्माणका ऐन–कानुन र आचारसंहितालाई बेवास्ता गर्दा २०७२ सालको भूकम्प र पराकम्पनले धेरै जनधनको क्षति बेहोर्नुपरेको र अब त्यसबाट शिक्षा लिएर निर्माण संहिताअनुसार भवन निर्माण र समय–समयमा मर्मत सम्भार गर्दै जानुपर्ने बताउनुभयो।

संघीय बन्दोबस्त र गणतन्त्रमा धेरै कमी–कमजोरीहरू भएको औंल्याउनुहुँदै उहाँले बहुदलीय व्यवस्थामा हरेक विषयमा भिन्न मत हुनु पनि स्वाभाविकभएको हुँदा फरक मत, अभिव्यक्ति स्वतन्त्रता र छलफलबाट टुंगो लगाउने कार्यशैली नै बहुदलीय प्रजातन्त्रको सौन्दर्य हो भन्नुभयो। *(मन्तव्य पृष्ठ ६ मा)*



प्रेम सुवाल

कार्यक्रममा नेमकिपाका सचिव तथा संघीय सांसद प्रेम सुवालले भूकम्पबाट हुने क्षति घटाउन देशको सन्तुलित विकास आवश्यक भएको बताउनुहुँदै पुनःनिर्माणको जिम्मा स्थानीय तहलाई दिइनुपर्नेमा जोड दिनुभयो।

उहाँले काठमाडौं उपत्यकामा करोडौं जनसंख्या बसाउने सरकारको नीतिकै कारण थप क्षति र विपद्को सिर्जना हुने बताउनुहुँदै सांसद सुवालले खुला क्षेत्र र सार्वजनिक सम्पदामा भएको अतिक्रमण र अनियमितता व्यापक भएको बताउनुभयो। गणतन्त्र स्थापना भएको चौध वर्षमा भ्रष्टाचार र अनियमितता बढेको बताउनुहुँदै सांसद सुवालले बागमती र हनुमन्ते खोलाको नदी साँघुरो बनाएकै कारण बर्सेनी काठमाडौं उपत्यका डुबानमा परेको बताउनुभयो। *(मन्तव्य पृष्ठ ७ मा)*



सुनिल प्रजापति

कार्यक्रमका सभापति एवम् ख्वप इञ्जिनियरिङ कलेज सञ्चालक समितिका अध्यक्ष नपा प्रमुख सुनिल प्रजापतिले २०७२ सालको भूकम्पबाट ७ लाख ६२ हजार ६०४ घर पूर्ण क्षति भएकोमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका अनुसार ३ लाख ८२ हजार ६०० घरको पुनःनिर्माण सम्पन्न भइसकेको र भूकम्प गएको ४ वर्ष बितिसक्दा पनि लाखौं घरहरू पुनःनिर्माण गर्न बाँकी रहेको बताउनुभयो।



सुरेन्द्रराज गोसाई

प्रमुख प्रजापतिले भक्तपुर नपाले १७ वटा मन्दिर, ३४ वटा पाटी, ४ वटा द्यो छेँ, ३ वटा प्रवेशद्वार, ५ वटा ढुंगेधारा र अन्य ५ वटा गरी ८३ वटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुहुँदै ३२ वटा सम्पदाहरू निर्माणाधिन अवस्थामा रहेको र सम्पदा संरक्षणको लागि नगरपालिकाले २३ करोड ३७ लाख ७८ हजार रूपैयाँ खर्च गरिसकेको जानकारी गराउनुभयो।



सृजना सैंजु

उहाँले मौलिक शैलीलाई जोगाउन जनताको सक्रिय सहयोग विना सम्भव नहुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले पुरानो नगर क्षेत्रमा नक्सा नियमानुसार र परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडामा लाग्ने काठ, इँटा र झिँगटीमा ३५ प्रतिशत अनुदान दिँदै आएको बताउनुभयो। *(मन्तव्य पृष्ठ ९ मा)*



रजनी जोशी

नेमकिपा प्रदेश नं. ३ का प्रदेश सांसद सुरेन्द्रराज गोसाईले विदेशी सहयोगले नेपालको पुनःनिर्माण गरिनु उचित नभएको बताउनुहुँदै सांस्कृतिक सम्पदाहरूको नियमित मर्मतसम्भार र संरक्षण गर्न आवश्यक भएको बताउनुभयो।



डिल्लीरमण निरौला

प्रदेश नं. ३ का सांसद सृजना सैंजुले सम्पदा संरक्षण र भक्तपुरको स्वरूप परिवर्तन गर्न भक्तपुर नगरपालिकाले सराहनीय कार्य गरिरहेको चर्चा गर्नुहुँदै भूकम्प गएको चार वर्ष बितिसक्दा पनि



रामचन्द्र सापकोटा



नारायणप्रसाद भट्ट



हिमालयकुमार श्रेष्ठ



यामलाल अधिकारी

पुन:निर्माणको कार्य सन्तोषजनक हुन नसक्नुमा सरकार स्वयम् जिम्मेवार भएको बताउनुभयो ।

सम्मेलनमा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा आर्किटेक्ट रजनी जोशीले भक्तपुरको सम्पदा पुन:निर्माणमा भएका चुनौतीबारे अवगत गराउनु हुँदै भक्तपुर नगरपालिकाले स्वाबलम्बी रूपमै पुन:निर्माण कार्य गरिरहेको बताउनु भयो । *(मन्तव्य पृष्ठ १० मा)*

नेपाल इञ्जिनियरिङ परिषद्का अध्यक्ष डिल्लीरमण निरौलाले भूकम्पले भन्दा पनि हामीले निर्माण गर्ने कमजोर संरचनाका कारण बढी क्षति पुग्ने बताउनुहुँदै भूकम्प प्रतिरोधी भवन निर्माणको आवश्यकता औंल्याउनुभयो ।

इञ्जिनियरिङ अध्ययन संस्थाका डीन रामचन्द्र सापकोटाले ख्वप इञ्जिनियरिङ कलेज भूकम्प इञ्जिनियरिङ अध्ययन–अध्यापन गराउने देशकै पहिलो कलेज भएको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ नारायणप्रसाद भट्टले ख्वप इञ्जिनियरिङ कलेजले समाज र देश निर्माणको निम्ति आवश्यक बहुआयामिक हिसाबले सेवा गर्ने जनशक्ति उत्पादन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले पनि आ–आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

# निजी खर्चमा सार्वजनिक ढुंगेधाराको जीर्णोद्धार

भक्तपुर नपा वडा नं. ९ स्थित वाकुपति नारायण मन्दिर परिसर भित्रको जीर्ण ढुंगेधारा निजी खर्चमा जीर्णोद्धार सम्पन्न भएको छ ।



प्राप्त खबरअनुसार उक्त ढुंगेधारा जीर्णोद्धार गर्न स्थानीय सरश्वती प्रजापतिले दिएको निवेदनअनुसार गएको पुस २९ गते अनुमति प्रदान गरिएको थियो । उक्त ढुंगेधारा परम्परागत निर्माण सामग्री र शैलीमा जीर्णोद्धार कार्य वैशाख १५ गते सम्पन्न भएको छ ।

उक्त कार्यमा सामान तर्फ रु. ४७,९२८।– र ज्यालातर्फ रु. २९,५५०।– गरी कूल खर्च रु. ७७,४७८।– भएको छ ।

वडा नं. ९ कार्यालयले उक्त जीर्णोद्धार कार्यका सहयोगकर्ताहरू सरश्वती प्रजापति र इन्द्रप्रसाद प्रजापतिलाई धन्यवाद ज्ञापन गरेको छ ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

**दोस्रो अन्तराष्ट्रिय सम्मेलनमा व्यक्त चार मन्तव्य**

# सरकारले पुरानै शैलीको भवन निर्माण गर्न सहयोग पुऱ्याउनु आवश्यक



**• नारायणमान बिजुक्छें, नेमकिपा अध्यक्ष**

यस महत्त्वपूर्ण दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भई सबै साथीका अभिव्यक्तिहरू सुन्न पाउने र परिचित हुने अवसर प्रदान गरेकोमा दुवै इन्जिनियरिङ कलेजका आयोजक साथीहरूलाई धन्यवाद दिन चाहन्छु र सम्मेलनको पूर्ण सफलताको कामना गर्न चाहन्छु।

चार वर्षपछि पनि भूकम्पको पराकम्पनले समाजलाई तर्साउँदै छ, हाम्रो देश भूकम्पीय क्षेत्रमा परेको हुनाले यसबाट मुक्त हुन नसक्नेबारे हामी सबै जानकार छौं। तर, हाम्रो समाजलाई भूकम्पको जोखिमबाट कसरी न्यूनीकरण गर्ने हो भन्नेबारे सम्मेलनमा देशी र विदेशी प्राविधिक साथीहरूले आ-आफ्नो अनुभव, ज्ञान र जानकारीको आदान-प्रदान गर्नहुनेछ। ती जानकारी, अनुभव र ज्ञानको आधारमा सम्मेलनमा प्रस्तुत हुने प्राविधिक परामर्श र निचोड समाजको निम्ति मूल्यवान सल्लाह सावित हुनेछ।

सम्मेलनबाट प्राप्त त्यही प्राविधिक परामर्श निचोडलाई संघीय सरकार, प्रादेशिक सरकारहरू र स्थानीय तहका सरकारहरूलाई सम्बन्धित विषयमा जोखिम न्यूनीकरण गर्न ऐन-कानुनहरूको तर्जुमा गर्न कलेजहरूमार्फत ती सल्लाहहरू अवगत गराउनेछन्।

तीनै प्राविधिक सल्लाहको आधारमा बन्ने भवन निर्माण र अन्य भौतिक संरचनाहरूको ऐन-कानुन र आचारसंहिताले देश र जनतालाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउनेमा कुनै शङ्का छैन। त्यसबाट हामी सबै जनता लाभान्वित हुनेछौं।

भवन निर्माण र भौतिक संरचनाहरूकै निर्माण गर्दा हामीले पुराना र प्रचलित आचारसंहितालाई पालना नगर्दा धेरै पुराना भवनहरू र सम्पदाहरूलाई संरक्षण गर्न नसकेको जानकारहरू बताउँछन्। ती निर्माणका ऐन-कानुन र आचारसंहितालाई बेवास्ता गर्दा २०७२ को भूकम्प र पराकम्पले धेरै जनधनको क्षति गऱ्यो। अब त्यसबाट शिक्षा लिएर निर्माण संहिताअनुसार भवन निर्माण र समय-समयमा मर्मत सम्भार गर्दै गयौं भने निश्चय पनि क्षति न्यूनीकरण हुनेमा दुईमत हुनेछैन।

आधुनिक नगर निर्माणका धेरै चर्चा सुनिँदै छ, तर सिमेन्ट, फलामे डण्डी र कंक्रिटका घरहरू बनाउने हो भने ५०-६० र १०० वर्षमा ठूलो रकम खर्च गरेर भत्काउनुपर्ने नै छ। भत्काएको थुप्रोलाई बन्दोबस्त गर्न वा फाल्न अर्को ठूलो झन्झट व्यहोर्नुपर्नेछ। यसकारण सरकारले पुरानै शैलीको भवन निर्माण गर्न जनतालाई उत्साहित गर्न सहयोग पुऱ्याउनु आवश्यक छ। विदेशमा चोरी निकासी हुने नेपाली काठलाई आफ्नै देशमा सस्तोमा आवश्यक जिल्लाहरूमा पुऱ्याउन सके देशको सामान र पैसा देशमै उपयोग हुनेछ। भवनको आयु पनि धेरै लामो हुनेछ र सम्भावित रोगब्याधीबाट पनि हामी जोगिने छौं। त्यसका निम्ति इन्जिनियरिङ कलेजहरूले पुरानै शैलीका घर निर्माण गर्ने प्राविधिक श्रमिकहरू र गुरुहरू तयार गर्दा देश र जनतालाई अत्यन्त ठूलो राहत मिल्नेछ।

> इन्जिनियरिङ कलेजहरूले पुरानै शैलीका घर निर्माण गर्ने प्राविधिक श्रमिकहरू र गुरुहरू तयार गर्दा देश र जनतालाई अत्यन्त ठूलो राहत मिल्नेछ।

प्राचीन स्मारक र सम्पदाहरू संरक्षण गर्न पनि इन्जिनियरिङ कलेजहरूले डकर्मी-सिकर्मी र प्राविधिक श्रमिकहरू तयार गर्नतिर ध्यान दिनु आवश्यक देख्छु। आशा छ, यस सम्मेलनमा आमन्त्रित देशी र विदेशी प्राविधिकहरूको अनुभव र सल्लाहबाट हामी लाभान्वित हुनेछौं।

पूर्ववक्ता साथीहरूले देशको वर्तमान राजनैतिक परिस्थितिबारे आ-आफ्नो दृष्टिकोण प्रस्ट राख्नुभयो। हाम्रो देशले भर्खरै सङ्घीय बन्दोबस्त र गणतन्त्रको अनुभव गर्दैछ। यसका अनेक कमी-कमजोरीहरूबाट हामी आत्तिएका छौं र अनेक प्रतिक्रियाहरू आउनु स्वाभाविक छ। बहुदलीय व्यवस्थामा हरेक विषयमा भिन्न मत हुनु स्वाभाविक हो। आ-आफ्नो मत प्रकट गर्ने, विरोध वा आलोचना गर्न पाउने अधिकार पनि प्रजातन्त्रमा अन्तरनिहित विषय हो। वास्तवमा फरक मत र अभिव्यक्ति स्वतन्त्रता र छलफलबाट टुङ्गो लगाउने कार्यशैली नै बहुदलीय प्रजातन्त्रको सौन्दर्य हो।

तर नयाँ समाजको प्रसव वेदना हाम्रो देश र जनताले झेल्दैछन् भन्नेबारे सबै अवगत छौं।

अन्तमा, पुनः यस सम्मेलनको पूर्ण सफलताको कामना गर्दै विदेशी प्राविधिक पाहुनाहरूलाई हाम्रो देश र नगरमा स्वागत गर्न पाउँदा हामी साऱ्है खुसीको अनुभव गर्दैछौं।

# भूकम्प पीडित जनतालाई अनुदान र कर्जा दिने अवधि थप्नुपर्छ




**• प्रेम सुवाल, प्रतिनिधिसभा सदस्य**

भूकम्पीय जोखिम न्यूनीकरण प्रविधिसहितको पूर्वाधार निर्माण विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु। सम्मेलनमा प्रस्तुत हुने करिब ६०–६५ वटा स्वदेशी तथा विदेशी कार्यपत्र भूकम्पीय जोखिम न्यूनीकरण प्रविधिसहित मानव आवास, विद्यालय, कलेज, स्वास्थ्य चौकी, अस्पताल, सडक निर्माण र अन्य पूर्वाधार बनाउन सहयोगी हुने अपेक्षा गर्दछु। ४ वर्षमा नेपालमा ४५ हजार भूकम्पको पराकम्प गएको समाचार छ। भूकम्पपछिको पुनःनिर्माणको लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरण गठन भएको ४० महिना भयो। यसको नेतृत्व प्रधानमन्त्रीबाटै भइरहेको छ।

२०७६ वैशाख ४ गतेसम्मको प्राधिकरणाको अभिलेखअनुसार ८,२४,६२१ भूकम्प पीडित परिवार छन्। प्रतिपरिवार ४ जना सदस्यले ३२,९८,४८४ भूकम्प पीडित नेपाली छन्। ७,५६,४०८ भूकम्प पीडित परिवारले पहिलो किस्ताको रू. ५० हजारको घर पुनःनिर्माण अनुदान लिएका छन्। दोस्रो किस्ता रू. १ लाख ५० हजार अनुदान लिने भूकम्प पीडित परिवार ५,६४,९४४ छन्। तेस्रो किस्ता रू. १ लाख अनुदान लिने ४,०३,७७६ परिवार छन्। निर्माण सम्पन्न घर सङ्ख्या ३,८२,००० मात्र छन्।

आंशिक क्षति भएका ६४,३९७ भूकम्प पीडित परिवारले घर प्रवलीकरणको पहिलो किस्ता रू. ५० हजार अनुदान लिने १९,१९७ परिवार छन्। घर प्रवलीकरणको काम सम्पन्न भएपछि रू. ५० हजार दोस्रो किस्तामात्र पाउने प्रावधान छ। पहिलो किस्ता रू. ५० हजार लिएका सम्पूर्ण भूकम्प पीडितले आउने असार महिनाभित्र घर निर्माण गरिसक्नुपर्ने प्राधिकरणको लक्ष्य छ। ८,२४,६२१ भूकम्प पीडित परिवारमध्ये ४,०३,७७६ जनाले मात्र तेस्रो किस्तासम्म रू. ३ लाख अनुदान लिएका छन्। बाँकी ४,२०,६४५ भूकम्प पीडित परिवारले आगामी दुई महिना अर्थात् असारभित्र घर बनाउनसक्ने सम्भावना छैन। आर्थिक स्रोत नभएरै बाँकी भूकम्प पीडितहरूले घर बनाउन नसकेका हुन्। कतिपय भूकम्प पीडितले आफ्नो जग्गा बेचेर घर पुनःनिर्माण गरेका छन्। भूकम्पपछि उखानझैं चल्यो – जग्गा चलान घर ढलान।

> काठमाडौँ उपत्यकामा मात्र करोडौँ जनसङ्ख्या बसाल्ने सरकारी नीति गलत छ। यसले थप विपद् ल्याउनेछ। विश्व स्वास्थ्य सङ्गठनले प्रतिव्यक्ति ९ वर्गमिटर खुला क्षेत्र हुनुपर्ने मापदण्ड तोकेको छ। तर, काठमाडौँ उपत्यकामा प्रतिव्यक्ति ०.२५ वर्गमिटरमात्र खुला ठाउँ छ।

झण्डै ९ लाख भूकम्प पीडितमध्ये करिब १३ सय परिवारले मात्र सहुलियत ब्याज २ प्रतिशतको घर निर्माण पुनः कर्जा प्राप्त गर्नसके। भक्तपुर जिल्लाका २८ हजार भूकम्प पीडित परिवारमध्ये अझै एकतिहाइको घर निर्माण भएको छैन। करिब ३० जनाले मात्र सहुलियत व्याजको पुनः कर्जा पाउन सके। काठमाडौँ उपत्यकाका घनाबस्तीभित्रका भूकम्प पीडितको धराप घर पन्छाउन नै दशौं लाख खर्च लाग्छ। प्राधिकरणबाट दिइने रू. ५० हजारको पहिलो किस्ताबाट धराप घर पन्छाएर जगसम्म पुनःनिर्माण गर्नु सम्भव छैन। भूकम्पको चार वर्षपछि महँगी आकाशियो। यसकारण घर बनाउन बाँकी भूकम्प पीडितलाई सरकारले दिने अनुदान कम्तीमा रू. १० लाख पुऱ्याउनु आवश्यक छ। सहुलियत व्याजको पुनः कर्जा पनि रोक्नुहुँदैन, चालू राख्नुपर्दछ। अनुदान र पुनः कर्जाको अवधि अझ ५–७ वर्ष थप्नु आवश्यक छ।

पुनःनिर्माणको लागि आवश्यक रू. ९ खर्ब ३८ अर्बमध्ये प्राधिकरणले रू. ५ खर्ब ५० अर्ब जुटाउनसक्ने र अझै रू. ४ खर्ब नपुग्ने बतायो। यसकारण प्राधिकरणको बाँकी अवधि आगामी २० महिनाभित्र सबै पुनःनिर्माणको बाँकी काम सम्पन्न हुने सम्भावना छैन। सरकारले भूकम्पलगत्तै पुनःनिर्माण सुरू गर्नुपर्नेमा प्राधिकरण गठन गर्ने भनी झण्डै १ वर्ष अलमलमा बितायो। भएका तत्कालीन स्थानीय निकायबाटै पुनःनिर्माण अविलम्व सुरू गरिएको भए यति बिलम्ब हुने थिएन। अहिले पनि पुनःनिर्माणको जिम्मेवारी स्थानीय तहलाई दिइएको छैन। सिंहदरबारभित्रको प्राधिकरण कार्यालयमै बजेट र अधिकार राखिएको छ, यो गलत हो।

भूकम्पबाट हुने क्षति घटाउन देशको सन्तुलित विकास गर्नु आवश्यक छ। काठमाडौँ उपत्यकामा मात्र करोडौँ जनसङ्ख्या बसाल्ने सरकारी नीति गलत छ। यसले थप विपद् ल्याउनेछ। विश्व स्वास्थ्य सङ्गठनले प्रतिव्यक्ति ९ वर्गमिटर खुला क्षेत्र हुनुपर्ने मापदण्ड तोकेको छ। तर,

काठमाडौँ उपत्यकामा प्रतिव्यक्ति ०.२५ वर्गमिटरमात्र खुला ठाउँ छ। ३८ वर्ष अगाडि काठमाडौँ उपत्यकामा २.२९ प्रतिशत सार्वजनिक खुला क्षेत्र भएको र अहिले खुला क्षेत्र आधा पनि बाँकी नरहेको समाचार छ। ३८ वर्ष अगाडि काठमाडौँ उपत्यकामा जल क्षेत्र ३.३८ प्रतिशत थियो। अहिले १ प्रतिशत पनि बाँकी नरहेको समाचार छ।

हाम्रा पुर्खाले पर्याप्त खुला क्षेत्र छोड्नुभएको काठमाडौँको खुलामञ्चदेखि ठमेलको कमल पोखरीसमेत अतिक्रमणमा परेको समाचार छ। बालुवाटारको १२४ रोपनी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गराई बेचबिखन गरिएको र यसमा सरकारी पार्टीका नेताहरू संलग्न रहेको समाचार छ। भक्तपुर दुवाकोटको १९ रोपनी पर्ती जग्गा पनि व्यक्तिको नाममा दर्ता गराई बेचबिखन गरिएको छ। झौखेलको कमलपोखरीदेखि ठाउँ-ठाउँको सार्वजनिक जग्गा र पोखरी व्यक्तिको नाममा दर्ता गराई बेचबिखन भइरहेको छ। कतिपय सार्वजनिक विद्यालय/कलेजले आफ्नो नाममा रहेका खुला क्षेत्र भाडामा लगाएर आर्थिक अनियमिततासमेत गरिरहेको समाचार छ। स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको संयुक्त प्रयासमा ती खुला क्षेत्रलाई यथावत कायम गर्नु आवश्यक छ।

बागमती र हनुमन्ते करिडोर निर्माणको नाममा नदीको चौडाइ साँगुरो बनाइएकै कारण बसेनि दायाँबायाँको जग्गा डुबानमा परेको पीडित जनताको गुनासो छ। सरकारमा गएका पार्टी र नेता तथा मन्त्रालयका सचिव र विभागका महानिर्देशकहरू नै लुटपातमा लागेका हुँदा गणतन्त्रको १४ वर्षमा भ्रष्टाचार झन् बढेको समाचार दैनिक रूपमा प्रकाशित छ। सुनकाण्ड, लडाकु भत्ता काण्ड, नक्कली भ्याट बिल काण्ड, लोकमान काण्ड, एनसेल काण्ड, कर फछ्र्यौट आयोग काण्ड, आयल निगम जग्गा खरिद काण्ड, वाइडबडी खरिद काण्ड, बालुवाटार जग्गा लुट काण्ड, मेडिकल कलेज शुल्क ठगी काण्ड, एनटीसी फोरजी सेवा विस्तार काण्ड, तारागाउँ विकास समितिको शेयर बिक्री काण्ड आदि घोटालाका केही उदाहरणमात्र हुन्। पञ्चायत र गणतन्त्रमा फरक नभएको जनगुनासो छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको एक छानबिनले रू. १ खर्ब १८ अर्ब बराबरको ठेक्का सम्झौताको काम पूरा भएको छैन। ठेक्काको रू. २४ अर्ब बराबर परिचालन पेश्की लिएको ठेक्काको काम पनि अघि बढेको छैन। पप्पु कन्स्ट्रक्सनले बनाएको काठमाडौँ विष्णुमतीको पुल प्राविधिकरूपले फेल भयो। सिक्टा सिंचाइ नहर परीक्षणमै बगाइएको थियो। केही दिनअगाडि गुल्मीमा पुल ढलान हुँदै भत्किएको थियो। केही वर्षअगाडि सुनकोशीको घुर्मीमा बनिसकेको पुल हावाले उडाएको थियो। अधिकांश सरकारी सेवामा नक्कली शैक्षिक प्रमाणपत्र प्रवेश गरेको अख्तियारको दाबी छ। खुला सीमाको कारण भारतबाट नक्कली शैक्षिक प्रमाणपत्र सजिलै प्रवेश भइरहेको हो। नागरिकतासम्बन्धी विश्लेषकहरूले नागरिकता समस्या समाधान गर्न नेपाल-भारत खुला सीमा बन्द गर्नुपर्ने सुझाव दिएका छन्।

भूकम्पबाट क्षति भएका सम्पदा पुन:निर्माणको लागि सामग्री र जनशक्ति सुलभ छैन। वैदेशिक रोजगारीको नाममा दासजस्तै युवा बेचबिखन गरिएको हुँदा जनशक्ति अभाव भएको हो। त्रिविअन्तर्गतको ख्वप कलेज अफ इन्जिनियरिङमा सिभिल र इलेक्ट्रिकल विषय सञ्चालन भइरहेकोमा यो वर्षदेखि कम्प्युटर पनि सञ्चालन भएको सकारात्मक हो। कम्प्युटर विषय सञ्चालन सहमतिको लागि इन्जिनियरिङ परिषद्ले नेपाल सरकारलाई लेखी पठाएको महिनौ भयो तर सरकारले सहमति दिएको छैन। सर्वसाधारण जनताका सन्तानलाई शिक्षा दिने मामिलामा गणतन्त्रका सरकार पनि राणाजस्तै निरङ्कुश र अनुदार छ। भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक पनि तीन वर्षदेखि सरकारले संसदमा पेश गर्ने इच्छा देखाएको छैन।

सरकारले पन्धौँ योजनामा निजी लगानी ५५.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। निजी क्षेत्रको बढी अंशमा विदेशी लगानी छ। विदेशी लगानी साँढेझैँ प्रवेश गरे नेपाली देशभक्त उद्योगी र व्यापारी नाङ्ले पसलमा झर्ने खतरा छ। दलाल पूँजीपति वर्ग फस्टाउनेछ। देश नवउपनिवेशमा परिणत हुनेछ।

देश र जनताका यी समस्याहरू समाधान गर्न गराउन नेपाल मजदुर किसान पार्टीले संसदमा सदाझैँ आवाज राखी सरकारको ध्यानाकर्षण गराउने काम चालू राख्नेछ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्होरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

भक्तपुर नगरपालिका

# मौलिकता जोगाउन सकिएन भने पुनःनिर्माणको कुनै अर्थ नहुने



• सुनिल प्रजापति, नपा प्रमुख

कम शुल्कमा गुणस्तरीय शिक्षा दिने मूल उद्देश्य राखेर भक्तपुर नगरपालिकाले २०५८ सालमा ख्वप इञ्जिनियरिङ कलेज र २०६५ सालमा ख्वप कलेज अफ इञ्जिनियरिङ स्थापना गरेको हो। हालसम्म ख्वप इञ्जिनियरिङ कलेजमा मनाङ बाहेक ७६ जिल्लाका ३,७१९ जना र ख्वप कलेज अफ इञ्जिनियरिङमा १,६७९ जनाले गरी कूल ५३९८ जना विद्यार्थीहरूले इञ्जिनियरिङ अध्ययन गर्ने अवसर प्राप्त गरेका छन्। ख्वप इञ्जिनियरिङ कलेजबाट स्नातक तहमा १६८५ जना र स्नातकोतर तहमा १८४ गरी जम्मा १८६९ र ख्वप कलेज अफ इञ्जिनियरिङबाट ८२४ जना गरी दुवै कलेजबाट जम्मा २६९३ जनाले अध्ययन पूरा गरेका छन्। ती प्राविधिक जनशक्ति देशका विभिन्न क्षेत्रमा कार्यरत छन्। हाल दुवै कलेजमा गरी १,७०० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

सम्पदा पुनःनिर्माण वा जीर्णोद्धारसँगै भनपाले त्यसलाई अध्ययन अनुसन्धानको विषय पनि बनाउँदै छ ।

हाम्रा कलेजहरू देशमै पहिलो पटक नगरपालिकाले संचालन गरेका कलेजहरू हुन्। इञ्जिनियरिङ कलेजहरूलगायत विभिन्न ७ वटा शैक्षिक संस्थाहरू खोलेर देशभरका जनताको सेवा गर्न पाएकोमा हामी भक्तपुरवासीहरू अत्यन्त खुसी छौं। विद्यार्थीहरूमा अध्ययनको साथै देशभक्ति भावना हुनुपर्नेमा पनि हामीले जोड दिंदै आएका छौं।

यो दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन हो। २०७२ साल वैशाख १२ गतेको भूकम्पले देशको धेरै जनधन क्षति भयो। यसलाई ध्यानमा राखेर २०७३ वैशाख १२ गतेदेखि १४ गतेसम्म पहिलो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यौं। त्यस सम्मेलनमा चीन, जापान, नेदरल्याण्डलगायत १४ देशका प्रतिनिधिहरूले भाग लिनु भएको थियो। हाल नेपाल, चीन, जापानलगायतका ६५/६६ जना नेपाली र विदेशी प्रतिनिधिहरूले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुनेछ।

२०७२ सालको भूकम्पबाट ७ लाख ६२ हजार ६०४ घर पूर्णतः क्षति भएकोमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका अनुसार ३ लाख ८२ हजार ६०० घरको पुनःनिर्माण सम्पन्न भइसकेको छ। भूकम्प गएको ४ वर्ष बितिसक्दा पनि अझै लाखौं घरहरू पुनःनिर्माण गर्न बाँकी छन्।

भक्तपुर नगरपालिकाभित्र करिब ८ हजार घर भत्केकोमा कुल ७,६१९ परिवार लाभग्राही सूचीमा परेका छन्। त्यसमध्ये ५,५३० परिवारले पहिलो किस्ताबापत रु. ५०,०००।– पाए भने दोस्रो किस्ता लिनेहरूको सङ्ख्या १,६८९ र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या १,४५० मात्रै छन्। भूकम्पपछिको यस ४ वर्षको अवधिमा करिब २० प्रतिशत मात्रै घर निर्माण सम्पन्न भए।

भक्तपुर भित्र निजी घरहरूसँगै १३० वटा भन्दा बढी सम्पदाहरू क्षतिग्रस्त भयो। यस अवधिमा भनपाले १७ वटा मन्दिर, ३४ वटा पाटी, ४ वटा द्यो छैँ, २ वटा प्रवेशद्वार, ५ वटा ढुंगेधारा, ५ वटा पोखरी, ५ वटा इनार, ६ वटा सत्तल र अन्य ५ वटा गरी ८३ वटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गऱ्यो भने ३२ वटा सम्पदाहरू निर्माणाधिन अवस्थामा छन्। हालसम्म सम्पदा संरक्षणको लागि भनपाले २३ करोड ३७ लाख ७८ हजार रूपैयाँ खर्च गरिसकेको छ। त्यसैगरी नेपाल सरकार पुरातत्त्व विभागले पनि सम्पदा जीर्णोद्धार र पुनःनिर्माण गर्दैछ।

सम्पदा पुनःनिर्माण वा जीर्णोद्धारसँगै भनपाले त्यसलाई अध्ययन अनुसन्धानको विषय पनि बनाउँदै छ। हामीले सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार गर्दा मौलिकता जोगाउनेतर्फ पनि जोड दिन्दैछौं। मौलिकता जोगाउन सकिएन भने पुनःनिर्माणको कुनै अर्थ नहुने प्रति हामी अत्यन्त सचेत छौं।

भूकम्पपछि पीडित परिवारहरूमा 'कंक्रिटको घर नै बलियो र सुरक्षित हुन्छ' भन्ने गलत मानसिकताको विकास भएको पाइन्छ। त्यसैले जति पनि घरहरू बने ती अधिकांश कंक्रिटकै छन्। हाम्रा कतिपय सहरहरूको मौलिक स्वरूपहरू गुम्दैछन्। अब हामीले चाहेर पनि पुरानै अवस्थामा फर्काउन सम्भव छैन।

भक्तपुर नगरपालिकाले सम्पदा पुनःनिर्माण वा जीर्णोद्धार उपभोक्ता समितिमार्फत् गर्दैछ। सम्पदाहरूमा स्थानीय जनताको अपनत्व कायम गर्न, मौलिक स्वरूप बिग्रन नदिन, गुणस्तरीय निर्माण गर्न र स्थानीय जनतालाई रोजगारीको अवसर प्रदान गर्न उपभोक्ता समितिलाई जोड दिंदै आएको हो। तर जनताले वर्षभरि दुःख गरी

# THE VALUE OF HERITAGES WAS ENHANCED BY ALL THE CULTURAL PROCEEDINGS AND PRACTICES



• **Rajani Joshi-Vice Mayor, Bhaktapur Municipality**

It is my great pleasure to welcome you all in the Cultural city of Bhaktapur on this very Second International Conference on **EARTHQUAKE ENGINEERING AND POST DISASTER RECONSTRUCTION PLANNING (ICEE-PDRP 2019)**

Ladies and Gentlemen, we feel proud to share you all that we successfully conducted the 1st International Conference for three days, a year after we had earthquake in 2015 to mark the first memory as well as learning and sharing from such calamity with national and international experts. We believe it was of a grand success in respect of knowledge sharing and using such knowledge in Restoration and Reconstruction of our monuments accordingly and got the opportunities to learn the immense value of our own society; monuments and culture. So I therefore would like to take the opportunity to thank all the guests, delegates and especially participants those who have delivered their valuable papers in 2016 conference & we just had a reminder aftershocks yesterday morning, knocking our doorway.

As the Vision of Bhaktapur Municipality is to **"Intellectualize our society"** to make our society be the exemplary in every action that the society needs and make Bhaktapur **"a city of art/ architecture and culture"** along with **"an arena of science and technology"**, the municipality established seven institutions as we all know that "What we do **Today** can improve all our **Tomorrows**". For this, the municipality followed the manifesto provided by Nepal Workers and Peasants' Party.

---

➲➲ निर्माण गरेका संरचनाहरूको मूल्याङ्कन एक दुइ दिन हिसाब हेर्ने पदाधिकारीहरूले वास्तविकता कति बुझ्छन् भन्नेबारे पनि प्रश्न उठ्ने गरेको छ । जनताले गरेका श्रमदान र योगदान सरकारको हिसाबमा नरहे पनि जनताको स्मरणमा भने संधै रहिरहने छ । उपभोक्ता समितिमार्फत काम गर्दा केही सहजतासँगै थुप्रै कानुनी चुनौतीहरू हाम्रो सामु खडा छन् । यद्यपि यसलाई हामी निरन्तरता दिँदै जानेछौं ।

पर्याप्त बजेट नहुनु, आवश्यकताअनुसार काठ सहज उपलब्ध नहुनु, माल सामानको मूल्यवृद्धि, जनशक्तिको अभाव र निर्माण सामग्री खरिदको नाउँमा अर्बौं पैसा विदेशिनु हामी सबैको साझा चुनौतीहरू हुन् । मौलिक शैलीलाई जोगाउन जनताको सक्रिय सहयोग विना सम्भव नहुने भएकोले भक्तपुर नगरपालिकाले पुरानो नगर क्षेत्रमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडामा लाग्ने काठ, इँटा र झिँङ्टीमा ३५ प्रतिशत अनुदान दिँदै आएको छ ।

भक्तपुरका ठूल्ठूला संरचनाहरूको पुनःनिर्माण र जीर्णोद्धार गर्न अझै केही वर्ष लाग्नेछ । भनपा वडा नं. १ सल्लाघारीस्थित नेपाली सेनाको नियन्त्रणमा रहेको क्षेत्रमा अवस्थित रानी पोखरी, ङातापोल (पाँच तले मन्दिर), दरबार क्षेत्रस्थित पहिले नगरपालिका रहेको भवन र भूमिसुधार रहेको भवन तथा कला सङ्ग्रहालय रहेको भवन, पुजारी मठलगायत महत्त्वपूर्ण सम्पदाहरू अझै जीर्णोद्धार र पुनःनिर्माण गर्न बाँकी छन् । ती सम्पदाहरू एक एक गरी जीर्णोद्धार र पुनःनिर्माण गर्न नगरपालिकाले आवश्यक तयारी गर्दैछ ।

अन्त्यमा, भूकम्प र विपद् व्यवस्थापनमा आइपर्ने चुनौतीहरू समाधान गर्न अनुसन्धानकर्ताहरू, प्राज्ञिक व्यक्तित्वहरू र राजनैतिक नेतृत्वबीच समन्वय गरी नयाँ नयाँ समाधानका उपायहरू पत्ता लगाउनु आजको आवश्यकता हो । यही मान्यताका साथ दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दैछौं ।

सबैको साथ र सहयोगमा सम्मेलन भव्य रूपमा सम्पन्न हुने आशा व्यक्त गर्दछौं र पुनः स्वागत गर्दछौं ।

---

We, after the great Gorkha Earthquake 2015 , choose to deal with and make awareness campaigns to the society by studying the condition and how we can resolve it with minimum casualties in future with such circumstances. As we acquired knowledge from our ancestors and follow their pathways by analyzing what should be the best for the time we are in and without discarding the history.  And moving ahead in a balanced way by employing or creating advanced technology and keeping our society, culture and heritage intact at the same time to continue our identity alive without being **dependable with others** and learn and teach to "**stand on own feet**" with innovate ideas to serve our community" and the nation.

Dear all, being an architect, I would like to share my feelings about our city and the culture of Bhaktapur so that we can carry together and hand over to our upcoming generation.

**Building types in the historic towns and compact settlements have provided visual harmony and order, to the surrounding natural environment.**

As ancient architects and builders made their remarkable contribution in the field of art and architecture which now regarded as Heritages. The building traditions in Nepal developed gradually over the generations with a distinct architectural character and said to have inspired from the nature. Building types in the historic towns and compact settlements have provided visual harmony and order, to the surrounding natural environment.

Traditional towns were built compact on infertile high grounds so as to allow cultivation around their periphery. They were small and grew slowly. They grew according to the peoples' need and wishes. The houses were usually built along the narrow streets and around the squares symmetrically but never monotonous. Traditional dwellings survived as the lifestyle changed very slowly over the centuries.

As we all know that the  main street of Bhaktapur town runs parallel to the *Hanumante* river (*khola*). This thoroughfare and *Hanumante river* are the most important and significant features which connects socio-cultural activities of the street with the river. The temple squares, public spaces and common facilities supplement private dwellings, reflecting on communal activities. The topographical data, social economic facts, and the meaning that the religion has assigned to them, are fused into a unity.

For centuries, festivals have been established along with their values by the communities in these spaces. As we strongly believe that, Tangible heritages are outcome of both intangible heritage and intangible inputs.  The destruction of tangible heritage leads to the loss of intangible heritages. The buildings, historical monuments and places are given as much high priority by the community around it, as intangible culture is given to by the buildings. Tangible heritages are more than a medium for the intangible set values, traditions and preferences for society to express themselves. However, for the communities who reacts with objects and ideas that regarded as a heritage as a part of everyday life. Temples were built for sculpture of shrine and rituals are performed so that the sculpture ascends its material value with the Outstanding Universal Value (OUV) of heritage sites.

With the course of time, physical, social and cultural character of Bhaktapur city

developed up to the matured state, reflected on the built environment and heritages in the town. The value of heritages was enhanced by all the cultural proceedings and practices being performed continuously by all the town dwellers.

As the country was kept stagnant for almost two decades (BS. 2056 till BS 2074); since without local government that reflected reverse impact on social, cultural as well as in physical environment throughout the country yet mostly being taken care of by its local leaders and the people in Bhaktapur. The condition accelerated by the Earthquake 2015 AD with huge number of casualties and damages of many infrastructures including heritages in the country that made a paradigm shift in the socio-cultural and socio-economic along with physical environment due to the disposition towards the out skirts of old city core of the local community to the safer places to reside.

With the elected body in Bhaktapur municipality, started by planning to fulfill the basic need such as: health, education, safe and clean environment as well as making Bhaktapur “A Vibrant City” with its restored both tangible and intangible heritages and associated cultures. The plan and policies were made “for the people by the people” of Bhaktapur. As to focus on the revitalization of both tangible and intangible heritages, restoration and reconstruction of destroyed and damaged heritages and maintenances were carried out and many are in the process throughout the town.

Similarly, associated intangible heritages like festivals, rituals all over the town are in the process of being restored by the municipality those were in danger. The municipality organized competitions of different dances and music for the upcoming generation for additional skills as well as they know the value of intangible heritages and be the part of these festivals and rituals where they themselves will perform/ participate and continue to handover to the following generations. For this, through education, Bhaktapur municipality has introduced syllabus regarding local geography, culture, rituals, monuments and the values to all the schools under the municipality (92 schools registered in the Bhaktapur Municipality) up to grade eight.

In addition, the municipality has organised several trainings related to culture and rituals and being continued. One of the most important components is the local language to understand ones culture and to learn about its value one should be able to read and write scripts written by ancestors. This is being neglected by the then government for a long span of time, leaving the newer generation being put aside. Now Bhaktapur Municipality realized that this is the major tool to reinstate those valuable culture and rituals to hand over the people and retain vibrancy of the town and keep Bhaktapur “A lively city” and handed down “Our Art and Culture - the creation of our predecessors” meticulously to newer generations.

Therefore Bhaktapur municipality with the great support from Nepal Workers and Peasants’ Party and its manifesto, has been working in full spirit and energy to save our heritages and serve our people and keep our identity alive. Yes TOGETHER WE CAN WE WILL!

## टौमढी–सुकुलढोकामा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिबाट वैशाख १७ गते टौमढी–सुकुलढोकाका नौ वटा पसल अनुगमन भयो ।

अनुगमनमा दर्ता नभएका विभिन्न पसल धनीहरूलाई दर्ता गर्न, दर्ता गरेको भए दर्ता प्रमाण पत्रसहित नगरपालिकामा उपस्थित हुन, म्याद नाघेका सामान नष्ट गर्न, पसलमा सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

# दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न




समापन समारोहमा मञ्चासिन अतिथिगण

तीनदिने 'भूकम्प इञ्जिनियरिङ र विपद्पछिको पुनःनिर्माण योजना' विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन वैशाख १४ गते एक समारोहबीच सम्पन्न भयो ।

समापन समारोहमा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद प्रेम सुवालले अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुहुँदै नीति अनुसारको कार्यान्वयन नहुँदा देशमा अहिले राजनीतिक संस्कृति नै संकटमा परेको बताउनुभयो ।

उहाँले भूकम्प, डुबान, असिना–पानी, बाढी–पहिरो जस्ता प्राकृतिक प्रकोपको विपद् सम्बोधन गर्न यस सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै संस्कृति र सभ्यता मानव विकाससँग सम्बन्धित भएको बताउनुभयो ।

सांसद सुवालले भूकम्पपश्चात निर्माण सामग्री र दक्ष जनशक्तिको अभाव भएको बताउनुहुँदै सरकारले जिम्मेवारीपूर्वक सरकार सञ्चालन गर्न नसक्दा भूकम्पपश्चातका पुनःनिर्माण कार्यमा ढिलाइ भइरहेको बताउनुभयो ।

अमानत, उपभोक्ता समिति र जनताको सहभागितामा निर्माण भएका सांस्कृतिक सम्पदा लागतभन्दा कम रकममा गुणस्तरीय निर्माण हुने बताउनुहुँदै सांसद सुवालले सरकारले देशको संस्कृति संरक्षणको कार्यलाई जिम्मेवारीपूर्वक अगाडि बढाउनुपर्ने बताउनुभयो ।



सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी र सुशीलचन्द्र ज्ञवाली







प्रा.डा. सुदर्शनराज तिवारी, प्रा.डा. प्रेमनाथ मास्के, प्रो.डा. सुसुमो कोनो र सहायक डीन छियाङ्ग वाङ्ग

कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाअन्तर्गत सञ्चालित सबै कलेजहरूलाई अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुहुँदै भूकम्पबाट क्षतिग्रस्त पुनःनिर्माण तथा जीर्णोद्धारको काममा स्थानीय स्रोतसाधन र जनशक्ति नै परिचालित हुनु सकारात्मक भएको बताउनुभयो ।

स्थानीय जनता, बुद्धिजीवीलगायतका विभिन्न तह र तप्काका जनताको साथ र सहयोगमा नगरपालिकाले कार्य सञ्चालन गरिरहेको बताउनुहुँदै पुर्खाले बनाएका सम्पदाले भक्तपुरको प्रतिष्ठा बढाइरहेको र त्यसको संरक्षण–सम्बर्द्धन गर्नु सबैको दायित्व भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरको प्राचीन प्रविधि उत्कृष्ट रहेको बताउनुहुँदै भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रको रूपमा स्थापना गर्ने र मौलिक प्रविधि नै हाम्रो पहिचान भएको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र नयाँ पुस्ताको लागि सुरक्षित रूपमा संरक्षण गर्नु आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक सुशीलचन्द्र ज्ञवालीले भूकम्पपश्चातको पुनःनिर्माणको गति ढिला भएको स्वीकार्नुहुँदै देशको राजनीतिक बेथितिले पुनःनिर्माण कार्यमा ढिलाइ भइरहेको बताउनुभयो । उहाँले स्थानीय सरकार जनताको नजिकको सरकार भएको औंल्याउनुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले पुनःनिर्माणको क्षेत्रमा राष्ट्रिय–अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय रूपमा कार्य गरिरहेको बताउनुभयो ।

समापन समारोहमा बोल्नुहुँदै प्रा.डा. सुदर्शनराज तिवारी र प्रा.डा. प्रेमनाथ मास्केले इन्जिनियरिङ कलेजहरूले अध्ययन–अनुसन्धानमा जोड दिनुपर्ने बताउनुहुँदै यस किसिमका सम्मेलनले विचार र अनुभवको आदानप्रदानमा टेवा पुर्‍याउने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, कलेजका उपप्राचार्यद्वय रबिन्द्र फोंजु र रत्नशोभा प्रजापति, प्रो.डा. सुसुमो कोनो, सहायक डीन छियाङ्ग वाङ्ग र प्रा.डा. मञ्जिप शाक्यले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सांसद प्रेम सुवालले सम्मेलनका सहभागीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।







सुजन माक, सुनिल दुवाल, रत्नशोभा प्रजापति र रविन्द्र फोंजु

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनबारे पत्रकार सम्मेलन

दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको पूर्व सन्ध्यामा वैशाख ११ गते आयोजक कलेजहरूले पत्रकार सम्मेलन गरेको थियो। प्राचार्य द्वय सुजन माक र सुनिल दुवालले सहभागी पत्रकारहरूका विभिन्न जिज्ञासाबारे स्पष्ट गरिएको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा भनिएको छ–

भूकम्पीय सुरक्षा र विपद् पछिको पुनः निर्माण सबै मुलुकका लागि चुनौतीको रूपमा रहेको छ। वि.सं. २०७२ वैशाख १२ गते गएको विनासकारी भूकम्प पश्चात आजसम्म पनि नेपालले यस चुनौतीको सामना गर्दैछ। तसर्थ, यस विश्वव्यापी विषयको चुनौती सामना गर्न अनुसन्धानकर्ताहरू, प्राज्ञिक जगत र राजनैतिक नेतृत्वसँगै बसेर नयाँ समाधानका उपायहरू पहिल्याउनु आजको आवश्यकता हो।

भूकम्प र विपद पछिको पुनः निर्माण योजनाका विषयमा आफ्नो अनुसन्धानको उपलब्धि र अनुभवहरू प्रस्तुत गर्न र छलफल गर्न इच्छुक विभिन्न देशका अनुसन्धानकर्ता, प्राज्ञ र पेशाकर्मीहरूलाई एक स्थानमा ल्याउने डबली तैयार गर्नु यस अन्तराष्ट्रिय सम्मेलनको प्रमुख उद्देश्य हो।



सम्मेलनको पहिलो र दोस्रो दिनमा ६ वटा सत्र (Session) मा समानान्तर तीन वटा सेमिनार हल गरी भूकम्प इन्जिनियरिङ र विपद् पछिको पुनः निर्माण योजनासँग सम्बन्धित विभिन्न विषयहरूमा जम्मा ६२ वटा कार्यपत्रहरू प्रस्तुत हुने कार्यक्रम छ।

सम्मेलनमा छिमेकी मुलुक चीन, भारतलगायत जापान, बेलायत, दक्षिण कोरियाका १२ जना विज्ञहरूको प्रस्तुती रहनेछ। करिब १६ जना विदेशी प्राध्यापक, अनुसन्धानकर्ता, शोधकर्ताहरूको सहभागिता रहनेछ। नेपाल र अन्य मुलुकमा बसी अनुसन्धान र शोधकार्य गरिरहेका नेपाली प्राध्यापक र शोधकर्ताहरूका ५० वटा शोध पत्र प्रस्तुति रहने सम्मेलनमा जम्मा २५० जना सहभागीहरूको लागि व्यवस्था गरिएको छ।

२०७२ वैशाख १२ गते गएको विनासकारी भूकम्पको दिन पारेर २०७३ वैशाख १२ – १४ मा यसै विषयमा पहिलो सम्मेलन सफलता पूर्वक सम्पन्न गरेका थियौं। पहिलो सम्मेलनमा विभिन्न देशका विश्वविद्यालय र संस्थाहरूका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो। उक्त सम्मेलनमा सहभागी प्रतिनिधिहरूको सहयोगमा चीन, जापान, नेदरल्याण्डलगायत विभिन्न मुलुकका विश्वविद्यालयहरूसँग यस कलेजको औपचारिक सम्बन्ध अगाडि बढेको छ। पछिल्लो समय विभिन्न देशका विश्वविद्यालय र यस कलेज बीच प्राध्यापक – विद्यार्थी आदान प्रदान (Exchange) कार्यक्रमहरू भइरहेका छन्।

जापानको मिए विश्वविद्यालय (Mie University) का प्राध्यापक – विद्यार्थी र ख्वप इन्जिनियरिङ कलेजका प्राध्यापक विद्यार्थी बीच तीन वर्षको अनुसन्धान कार्यको समझदारी भए अनुसार भक्तपुरका प्रसिद्ध सम्पदा ङातापोल, पुजारीमठ लगायत विभिन्न सम्पदाहरूको संरचनाको अध्ययन गर्ने काम सम्पन्न भइसकेको छ। अन्य धेरै अध्ययन अनुसन्धानका कार्यहरू भएका छन्। यी अनुसन्धानका उपलब्धीहरूबाट यस कलेजका प्राध्यापक, इन्जिनियर र आर्किटेक्टहरूले भक्तपुरमा पुनः निर्माण भइरहेका विभिन्न सम्पदा र नयाँ निर्माणमासमेत महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन्।

पहिलो सम्मेलनको सफलताले कलेजको प्राज्ञिक उन्नयनमा मद्दत गरेको छ। त्यस सम्मेलनले प्राध्यापक, विद्यार्थी र कर्मचारीहरूमा उर्जा थपेको छ।

यस सम्मेलनले पनि भूकम्प पछिको पुनःनिर्माणमा हामीले भोगीराखेका समस्याहरूलाई सामना गर्न नयाँ उपायहरू पहिल्याउन मद्दत गर्ने विश्वास लिएका छौं। भूकम्पीय जोखिमले भरिएको भौगोलिक अवस्थितिमा रहेको हाम्रो मुलुकमा आगामी दिनमा जान सक्ने भूकम्प र त्यसबाट हुने जोखिम न्यूनीकरणमासमेत यस सम्मेलनले मार्गनिर्देशन गर्ने अपेक्षा गरेका छौं।

देश र जनताको सेवा गर्ने कलेजको उद्देश्य पुरा गर्न यस सम्मेलनले थप उर्जा प्रदान गर्नेछ भन्नेमा हामी विश्वस्त छौं। सम्मेलन सफलताका लागि यहाँहरू सबैको साथ र सहयोगको अपेक्षा गरेका छौं। धन्यवाद।

# भक्तपुर नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादन निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग सोमबार जिल्ला अदालतका जिल्ला न्यायाधीश ईश्वर पराजुलीको नेतृत्वमा आएको टोलीले नगरपालिका सभाकक्षमा भेट गर्नुभयो। उक्त टोलीले भक्तपुर नगरपालिकाको न्यायिक समितिबाट भएर गरेका न्याय सम्पादनको निरीक्षण गर्नुभयो। टोलीमा जिल्ला अदालतका शाखा अधिकृत वसन्तप्रसाद मैनाली र नायब सुब्बा छुनु श्रेष्ठको पनि उपस्थिति रहेको थियो।






## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## हार्दिक धन्यवाद

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित सरसफाइ अभियानअन्तर्गत २०७६ वैशाख १५ गते, भक्तपुर नपा वडा नं. १ स्थित रानीपोखरी परिसरमा सरसफाइमा सहभागी हुने जनप्रतिनिधि, कर्मचारी, विद्यालय परिवार, सहकारी संस्था, स्थानीय टीम, क्लव, पुस्तकालय, दाफाभजनका पदाधिकारीहरू, गुठीयारहरू एवम् स्थानीय दाजुभाइ तथा दिदीबहिनीहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

**सरसफाइमा सहभागीहरूको नामावली**

१) श्रद्धेय नारायणमान बिजुक्छें (रोहित), अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
२) माननीय सासद प्रेम सुवाल-सचिव, नेपाल मजदुर किसान पार्टी
३) भनपा जनप्रतिनिधिहरू ४) भनपा कर्मचारीहरू ५) तः गुठी परिवार
६) थिला गुठी परिवार ७) चुकु गुठी परिवार ८) न्हु गुठी परिवार
९) मारी गुठी परिवार १०) ख्वँन्हे गुठी परिवार ११) राजर्षि गुरूकुल
१२) सन्तति आधारभूत विद्यालय १३) गणेश मावि १४) १ वडा खेलकुद समिति
१५) सूर्यविनायक इङ्गलिस स्कूल १६) सैनिक आवासीय विद्यालय १७) नेपाली सेना
१८) स्थानीय युवा, विद्यार्थी र समाजसेवी १९) ज्ञानविजय आधारभूत विद्यालय

# भक्तपुर नपाद्वारा रानी पोखरी परिसर सरसफाइ

भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै वैशाख १५ गते भक्तपुरको रानी पोखरी परिसरको सफाइ गऱ्यो। भक्तपुर नपाका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, कर्मचारी, टीम-क्लब, विद्यालय, स्थानीय र सेनाको संयुक्त प्रयासमा सरसफाइ गरिएको हो।



काठमाडौंको रानी पोखरीभन्दा ४० वर्ष पुरानो भक्तपुरको रानीपोखरी ऐतिहासिक रूपले महत्त्वपूर्ण पोखरी हो। उक्त स्थानमा भक्तपुरका स्थानीय प्रजापति समुदायलगायतका दुगु द्यो पनि भएको हुँदा पोखरी परिसरको सरसफाइमा भक्तपुर नपा वडा नं. १ स्थित विभिन्न गुठिका गुठियारहरूको उल्लेख्य सहभागिता रहेको थियो।

रानी पोखरी सरसफाइ कार्यक्रम अवलोकनमा आउनुभएका अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले सम्पदा पुन:निर्माण र संरक्षणमा अरु ठाउँमा भन्दा भक्तपुरमा व्यवस्थित र उल्लेखनीय कार्य भएको बताउनुहुँदै भक्तपुरका ऐतिहासिक ठाउँहरूको मौलिक नामलाई बचाइ राख्नुपर्नेमा जोड दिनुभयो।



उहाँले सार्वजनिक स्थलको अतिक्रमण हुनबाट जोगाउन सम्बन्धित निकाय सचेत हुनुपर्ने र सम्पदा पुन:निर्माणको कार्य ठेकेदारबाट बनाउन लगाउनु अनुचित हुने बताउनुभयो। उहाँले पुरातात्त्विक महत्त्वका मन्दिर र सम्पदा पुन:निर्माणमा विज्ञहरूको राय-सुझाव महत्त्वपूर्ण हुने बताउनुहुँदै विवाद नआउने गरी प्राप्त प्रमाणकै आधारमा परम्परागत शैलीमा सम्पदा पुन:निर्माण हुनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय चाड देवाली पूजा (दिगु पुजा) नजिकिँदै गएको अवस्थामा यस ठाउँको सरसफाइ कार्यलाई निरन्तरता दिएको बताउनुहुँदै भक्तपुरको रानीपोखरी जनताकै ठाउँ भएको र यो ठाउँको नाप नक्सा गरी पुराना भेटिएका तस्बिरहरूका आधारमा पुरानै शैली र परम्परागत निर्माण सामग्री प्रयोग गरी पुन:निर्माण गर्न सम्बन्धित निकायसँग छलफल भइरहेको बताउनुभयो।

रानी पोखरी पुन:निर्माणमा केही प्राविधिक समस्या भएको बताउनुहुँदै उहाँले रानी पोखरीलाई पुन:जीवन दिने प्रयासमा नगरपालिका अग्रसर रहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले सरसफाइ कार्यक्रमको निरीक्षण गर्नुभएको थियो।

भक्तपुर नगरपालिकाले यो समेत स्थानीय जनता,



टीम-क्लब, दाफा-भजन, विद्यालय, सेना, गुठीलगायतको सहयोगमा ३ पटक सफाइ गरिसकेको छ। सरसफाइ कार्यक्रममा प्रजापति समुदायका त गुठी, थिला गुठी, चुकु गुठी, न्हु गुठी, मारी गुठी र ख्वँ रे गुठीलगायतको उपस्थिति रहेको थियो।

# भक्तपुर नपाबाट भक्तपुरका ७५ सालका उत्कृष्ट खेलाडीहरू सम्मानित




भक्तपुर नपाद्वारा भक्तपुर जिल्लाका ७५ सालका विभिन्न खेलका उत्कृष्ट खेलाडीहरूलाई एक समारोहबीच वैशाख १३ गते सम्मान गरियो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा शहीद स्मृति खेल मैदानमा सम्पन्न वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई सम्मान गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले भक्तपुर नगरव्यापी विद्यालयस्तरीय मार्च पास प्रतियोगिताका विजयीहरूलाई सोही समारोहमा पुरस्कार वितरण गर्नुभएको थियो ।

समारोहमा नेमकिपाका अध्यक्ष बिजुक्छेंले खेलाडीहरूलाई अनुशासित रूपमा खेल खेल्न आह्वान गर्नुहुँदै युग सुहाउँदो प्रतिस्पर्धी खेलाडीहरूले देशको प्रतिष्ठा बढाउने बताउनुभयो । उहाँले खेलाडीहरूले व्यक्तिगत स्वार्थमा फस्न नहुने बताउनुहुँदै विद्यालय जीवनदेखि खेल क्षेत्रमा संलग्नताले विद्यार्थीको आत्मविश्वास बढाउन मद्दत पुग्ने र विद्यार्थीको अतिरिक्त क्रियाकलापमा स्तर मापनमा सहयोग पुग्ने बताउनुभयो ।

उहाँले खेलकुद प्रतियोगिता र सम्मान कार्यक्रमले विद्यार्थी भाइ बहिनीहरूलाई खेकलुदप्रति आकर्षित गरी कुलतबाट जोगाउन मद्दत पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीको शारीरिक र मानसिक विकास गराउन मार्चपास प्रदर्शन आयोजना गरेको बताउनुहुँदै समाजलाई सभ्य र सुसंस्कृत बनाउन खेलकुदको आवश्यकता औंल्याउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले समुदायमा आधारित गतिविधिमा जोड दिनुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाबाट राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न खेलकुदलाई प्राथमिकतामा राखी कार्य गरिरहेको स्पष्ट पार्नुभयो ।

प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले भक्तपुर नगरपालिकाद्वारा आयोजित खेलाडी केन्द्रित गतिविधिले खेलाडीहरूको जोश, जाँगर र स्फूर्ति कायम रहने विश्वास व्यक्त गर्नुहुँदै खेल क्षेत्रलाई अझ व्यवस्थित ढंगले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । मार्चपास प्रतियोगिताले विद्यार्थीलाई सक्रिय बनाइराख्ने बताउनुहुँदै सांसद गोसाईंले भक्तपुर नपाले शिक्षा, खेलकुदमा जस्तै अन्य रचनात्मक क्षेत्रका उल्लेखनीय कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

युवा तथा खेलकुद समितिका संयोजक एवम् वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले फुटबल, भलिबल, बक्सिङ, कराते र टेबुलटेनिस खेलको प्रशिक्षण दिंदै आएको बताउनुहुँदै खेलकुद गतिविधिहरूलाई वडा तहबाटै व्यापक बनाइएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले विद्यालय जीवनमा खेल क्षेत्र पनि अति आवश्यक भएको बताउनुहुँदै विद्यार्थीको स्तर पहिचानमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष र वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्ले पनि बोल्नुभएको थियो ।

## वर्षका विभिन्न खेलका उत्कृष्ट खेलाडीहरू

टेबल टेनिस – रेखाङ तामाङ र दिया देउला
ब्याडमिन्टन – प्रज्वल खत्री र रमा मातां
बास्केटबल – मनोजराज राजोपाध्याय र आयुषा नायभारी
कसिमला पायँ – मनिष तोलांगे र कृषा नागा
कबड्डी– अजय मानन्धर र इसुदा गिरी,
कराते – सुन्दर तामाङ र सरिता तामाङ,
किक बक्सिङ – प्रकाशकुमार विष्ट र पद्मा सम्भवी तामाङ
खो खो – रोहन सुवाल र तृष्णा सिलाकार
पोर्टबल – सन्जीव तामाङ र प्रशन्ना सुजखु
बक्सिङ – सुजन पौडेल र अस्मिता दुवाल
जिम्नास्टिक – प्राञ्जल थापा मगर र तारा सिवाकोटी
एथ्लेटिक्स – क्रिजल धुख्वा र स्वागता खाईजू
भलिबल – दुर्गाबहादुर सुनार र मन्जु लागेजु
बुद्धिचाल – निकेन कुसाथा र अंशुदिल प्रजापति
उसु – कान्ति लामा र लुमन्ती श्रेष्ठ
शारीरिक सुगठन – प्रवेश श्रेष्ठ
लन टेनिस – कृष्णगोविन्द कासुला
फुटबल – किशोर सुवाल र करुणा परियार
पावर लिफ्टिङ – राजेश सुवाल र पार्वती खड्का
तेक्वाण्डो – किरण सितिखु र रिता मुस्याख्व

## उत्कृष्ट निर्णायक र खेल

आशाराम गोठे (एथलेटिक्स)
सुमेध प्रधान (टेबलटेनिस)
विकास ख्याजु (टेबलटेनिस)
सुशान्त नायजु (टेबलटेनिस),
गणेशप्रसाद सुवाल (शारीरिक सुगठन)
विष्णुबहादुर मानन्धर (शारीरिक सुगठन)
श्याम लाखा (शारीरिक सुगठन)
बाबुकाजी मानन्धर (शारीरिक सुगठन)
अशोक घजु (शारीरिक सुगठन)
जोन्सन जोन्छे (शारीरिक सुगठन)
रामबहादुर क्षेत्री (तेक्वाण्डो)
सुजन तामाङ (तेक्वाण्डो)
सरोज लवजु (तेक्वाण्डो)
राजेश कुसी (तेक्वाण्डो)
बिना नावाछें श्रेष्ठ (फुटबल)
राजकुमार लघु (बुद्धिचाल)
ईन्द्रभक्त पंच (बुद्धिचाल)
पूर्णसुन्दर श्रेष्ठ (बुद्धिचाल)
शिवसुन्दर श्रेष्ठ (बुद्धिचाल)
सुमन जोशी (बुद्धिचाल)
अनिष सुवाल (कबड्डी)
प्रशिक्षक कोर्ष उत्तीर्ण प्रशिक्षकहरू
सुन्दर प्रजापति (पेन्टाथलन)
रूपेशकुमार विष्ट (भलिबल)
लक्ष्मी बन (भारतोलन)
पद्मा खयरगोली (क्येकुसिन)

## भारतको नयाँ दिल्लीमा भएको अर्न्तराष्ट्रिय तेक्वाण्डो प्रतियोगितामा पदक प्राप्त

सोफिया त्यात (तेक्वाण्डो)
प्राची किवानायो (तेक्वाण्डो)



### कालो टोपी बनाउने स्थानीयहरूको भेला

# मौलिक पेशाहरूलाई व्यवसायीकरण गर्नुपर्ने

भक्तपुर नगरपालिकाले भक्तपुर नपाभित्र कालो टोपी (तका टपुली) बनाउने स्थानीयहरूको भेला वैशाख १६ गते गर्‍यो।



भेलामा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको मौलिक उत्पादनमा जोड दिई त्यसको मौलिकता जोगाउने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो।

उहाँले पर्यटकीय नगर भक्तपुरमा आन्तरिक र बाह्य पर्यटकहरूको आवागमन बढिरहेको बताउनुहुँदै मौलिक वस्तुहरूमा भएको गुणस्तरीयताले त्यसको महत्त्वलाई बढाउने चर्चा गर्नुभयो।

उहाँले मौलिक वस्तुको बेवास्ता गर्दा परिचय गुम्ने खतरा भएको बताउनुहुँदै प्रमुख प्रजापतिले मौलिक पेशाहरूलाई नयाँ पुस्तामाझ हस्तान्तरण गरी व्यवसायीकरण गर्दै लानुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुरको पहिचान भनेकै यहाँका सांस्कृतिक सम्पदा, नाचगान, मूर्त-अमूर्त सम्पदा रहेको बताउनुहुँदै कालो टोपी बनाउने नगरवासीहरूको पहिचान गरी वडागत रूपमा तथ्याङ्क संकलन गरिरहेको बताउनुभयो। उहाँले सस्तोभन्दा गुणस्तरीय टोपी बनाउनुपर्नेमा जोड दिनुभयो।

➲➲ सुन्दर सुवाल (तेक्वाण्डो)
अर्वित सितिखु (तेक्वाण्डो)
कैलाशभक्त तज (तेक्वाण्डो)

## मार्च पास

भक्तपुर नपाद्वारा वैशाख १३ गते नै आयोजित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय मार्च पास प्रतियोगितामा भक्तपुर नगरभित्रका १४ वटा विद्यालयको सहभागिता रह्यो। विभिन्न अरु विद्यालय ऱ्यालीमा सहभागी थिए।

मार्च पास प्रतियोगितामा मेधा मावि प्रथम, जेसिस ई. स्कूल द्वितीय, माउण्ट भ्याली तृतीय, एभरेष्ट ई. स्कूल र डेमोस ई. स्कूलले सान्त्वना स्थान हासिल गरेको छ। मार्च पासको मूल्यांकन मार्गको दत्तात्रय, टौमढी र नःपुखुमा गरिएको थियो। भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरु भएको ऱ्याली इनाचो, गोल्मढी, टौमढी, नासमना, वंशगोपाल हुँदै शहीद स्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो।

सम्मानित वर्षका उत्कृष्ट खेलाडीहरूलाई प्रमुख अतिथि नारायणमान बिजुक्छेंले मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो।

## बेरूजु र प्रतिव्यक्ति ऋण

महालेखा परीक्षकको कार्यालयले ५६ औं वार्षिक प्रतिवेदन गएको चैत २९ गते सार्वजनिक गरेको छ। त्यस प्रतिवेदनअनुसार आ.व. २०७४/७५ सम्म सरकारी बेरुजु रकम ६ खर्ब ८३ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ। अघिल्लो आ.व. मा बेरूजु रकम पाँच खर्ब आठ करोड रूपैंयाँ रहेको थियो। यस हिसाबले दुई तिहाइको सरकारमा ३६.७१ प्रतिशतले सरकारी बेरुजु बढेको छ।

महालेखा परीक्षक टङ्कमणी शर्माका अनुसार सार्वजनिक जवाफदेहिता कमजोर देखिएको छ।

एक अर्को तथ्यांकअनुसार प्रत्येक नेपालीको टाउकोमा ऋण भार बढेको छ। प्रतिव्यक्ति ऋण भार रू.२४,७०७/- ऋण रहेकोमा सन् २०१७/१८ मा रू.७०४३।- ले बढेर रू.३१,७५०।- पुगेको छ।

**बेरूजु देखिएका प्रमुख मन्त्रालय र रकम**

अर्थ – रू ३१ अर्ब
भौतिक पूर्वाधार तथा यातायात – रू. २० अर्ब ६६ करोड
रक्षा – रू ११ अर्ब २३ करोड
शिक्षा, विज्ञान तथा प्रविधि – रू ७ अर्ब १४ करोड
खानेपानी – रू ६ अर्ब ४ करोड
उर्जा, जलश्रोत र सिचाइ – रू ५ अर्ब ९० करोड।

### लेखासम्बन्धी कर्मचारीहरूको पुनर्ताजगी कार्यक्रम

# कर्मचारीहरूको इमानदारीको परीक्षण आर्थिक मामिलाबाट हुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लेखासम्बन्धी नगरपालिकाका कर्मचारीहरूको पुन:ताजगी कार्यक्रमको वैशाख १५ गते उद्घाटन गर्नुभयो।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले कर्मचारीहरूमा सैद्धान्तिक र व्यवहारिक ज्ञानको सन्तुलनको आवश्यकता भएको र व्यवहारिक रूपमा आएको कठिनाईका समस्या समाधान गर्न तालिमले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो।




शक्तिको भरमा संसार कब्जा गर्ने अमेरिकी साम्राज्यवादी नीति र अमेरिकी व्यापार युद्धले अमेरिकालाई नै नोक्सान पुऱ्याउने बताउनुहुँदै प्रमुख प्रजापतिले समाजवादी देश चीनलाई अगाडि बढ्न कसैले रोक्न नसक्ने बताउनुभयो।

उहाँले कर्मचारीहरूको इमानदारीको परीक्षण आर्थिक मामिलाबाट हुने बताउनुहुँदै संस्थालाई घाटामा पुऱ्याउने काम नगर्न र आर्थिक हिसाबकिताबमा नियमितता आवश्यक भएको बताउनुभयो। देशको कानुन र आर्थिक ऐनहरूबारे जानकार हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले कर्मचारीहरू पैसा कमाउने उद्देश्यले भन्दा सेवाभावले काम गर्न प्रेरित हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवं लेखा समितिका संयोजक हरिप्रसाद बासुकलाले लेखासम्बन्धी तालिमले आर्थिक कारोबारमा सहयोगी भूमिका खेल्ने बताउनुहुँदै नियमसंगत रूपले आर्थिक हिसाब-किताब राख्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले संस्थाको आर्थिक पारदर्शिताले आर्थिक र भौतिक संरक्षण भएको प्रस्टिने बताउनुभयो। उहाँले खर्चको बील, भर्पाईलाई पारदर्शी ढङ्गले प्रस्तुत गर्नुपर्ने बताउनुहुँदै लेखाको नियमसंगत हिसाबकिताबले संस्था व्यवस्थित रूपमा सञ्चालन हुने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडा सदस्य जितेन्द्र मुनंकर्मी र भक्तपुर नगरपालिकाका आन्तरिक लेखा परीक्षक विनोद आगञ्जाले लेखाका आधारभूत सिद्धान्त र महत्त्वबारे प्रस्ट पार्नुभएको थियो।

# कृषि प्राविधिक तालिमको उद्घाटन

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले आधुनिकताको नाममा विकृति भित्रिरहेको बताउनुहुँदै खानेकुरामा हुने मिसावटले जनस्वास्थ्यमा नराम्रो असर पर्ने हुँदा स्वस्थ खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख १५ गते भएको कृषि प्राविधिक तालिमको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै उपप्रमुख जोशीले कृषि पेशा सम्मानित पेशा भएको र कृषि प्राविधिक तालिमको औचित्यताबारे प्रस्ट पार्नुभयो।

कृषि क्षेत्रमा भएको प्राविधिक अनुसन्धानले नयाँ नयाँ तथ्य पत्ता लाग्ने बताउनुहुँदै उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले किसानहरूको हितलाई ध्यानमा राखेर उन्नत जातको आलु र गहुँको बिउ नि:शुल्क वितरण गर्दै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले कृषक लक्षित गतिविधिहरूलाई नगरपालिकाले प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै सबै वडामा स्थानीय किसानहरूको भेला गरी वडास्तरीय कृषक




समूह गठन गरिसकेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद हयौमिखा, कार्यपालिका सदस्यद्वय कृष्णलक्ष्मी दुवाल र सुनिता अवालले पनि बोल्नुभएको थियो।

# सहयोगको नाउँमा हस्तक्षेप हुनेप्रति सचेत हुनुपर्ने

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ११ गते भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाका अध्यक्ष र लेखा समितिका संयोजकहरूबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।




अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साम्राज्यवादी मुलुकहरूले आर्थिक सहयोगको नाममा विभिन्न अनुचित शर्तहरू लगाई विकासोन्मुख मुलुकहरूको सार्वभौमिकतामाथि खुला हस्तक्षेप गर्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले स्थानीय स्रोत र साधन परिचालन गर्दै स्थानीय मौलिक उत्पादन प्रवर्द्धन गर्नको लागि लगानी गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भक्तपुरको मौलिक काष्ठकला, चित्रकला, मुकुन्डो कला, मृतिकाकलालगायत अन्य विविध कलाहरू र सीपसम्बन्धी तालिम सञ्चालन गरी नगरवासीहरूमा रोजगारीको अवसर सिर्जना गर्न सहकारी संस्थाहरूले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

निजीकरणको बाटोले समाजवादमा पुग्न नसक्ने धारणा प्रस्तुत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपालमा नवउदारवाद आक्रामक रूपमा प्रस्तुत भइरहेको बताउनुभयो।

आर्थिक अनुशासन, पारदर्शीता, निक्षेप संकलन र ऋण प्रवाहमा नियमितता अत्यन्त जरुरी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले वित्तीय क्षमताअनुसार सहकारीहरूले सामाजिक कल्याण र स्थानीय विकासको लागि समेत लगानी गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सहकारी संस्थाले गरिब जनताको जीवन उत्थानको निम्ति सहयोगी संस्थाको रूपमा भूमिका खेल्नुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाको लक्ष्य प्राप्तिमा सहकारी संस्थाले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले सहकारी साझा हितको निम्ति हुनुपर्नेमा जोड दिनुभयो भने वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले सहकारी संस्थाले देशको आर्थिक, सामाजिक क्षेत्रको सुधारको लागि आवश्यक भएको बताउनुहुँदै आर्थिक अनुशासन कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर जिल्ला बचत संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी संस्थाका मूलभूत सिद्धान्तबारे प्रस्ट पार्दै सहकारी संस्थाको मूल्यमान्यता अँगाल्दै पारदर्शी ढंगले कार्य सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।



कार्यक्रमका सहभागीहरू

# बिस्का जात्राको समीक्षा तथा धन्यवाद ज्ञापन

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ९ गते भक्तपुरको प्रसिद्ध बिस्का जात्राको समीक्षा तथा धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका विभिन्न चाड पर्वहरू मध्ये बिस्का जात्रा अत्यन्त महत्त्वपूर्ण जात्रा भएको बताउनुहुँदै बिस्का जात्रामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने जिल्ला प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सरोकारवाला टीम, क्लब, दाफा–भजन तथा स्थानीय जनतालाई भक्तपुर नगरपालिकाको




तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले अहिलेको कमीकमजोरी र सुझावहरू आगामी वर्षको लागि मार्गदर्शन हुने बताउनुभयो ।

भैरवनाथ जीर्णोद्वारको लागि बाँधिएका खटमा कुनै असर नपर्नु, कुनै अप्रिय घटना नघट्नु र जनताबीच जनप्रतिनिधि, प्रशासन निरन्तर रहनु सकारात्मक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले जात्रा समयमा शुरु नहुनु, भैरवनाथको खट निर्माण कमजोर देखिनु, खटमा चाहिनेभन्दा बढी मानिस चढ्नु र चैत्र २७ गते निर्धारित स्थानमा खट (द्यो थाते लाकेगु) पुऱ्याउन नसक्नु जात्राको कमजोर पक्ष भएको बताउनुभयो ।

नगरपालिकाले जात्राको समयमा वडा वडामा नर्स र स्वास्थ्य स्वयंसेविकाहरू परिचालन गरी प्राथमिक उपचार कक्षको व्यवस्था गरेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले जनताको व्यापक सहभागितामा ब्रम्हायणी जात्रा, माहेश्वरी जात्रा, छुमा गणेशको जात्रा, इन्द्रायणी जात्रालगायत सबै जात्राहरू शान्तिपूर्ण रूपमा सम्पन्न भएको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सम्पदा पुन:निर्माण गर्दा मौलिक प्रविधिमा जोड दिनुपर्ने बताउनुहुँदै रथ निर्माण कार्य अझ व्यवस्थित ढंगले अगाडि बढाई सांस्कृतिक पक्षलाई पनि ध्यानमा राख्नुपर्ने बताउनुभयो । उहाँले नगरवासीहरू स्वयम् इञ्जिनियरको रूपमा कार्यरत रहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ नारायणप्रसाद भट्टले बिस्का जात्रा जनताको जात्राको रूपमा स्थापित गर्न सफल भएको बताउनुहुँदै जात्राको समयमा प्रहरीलाई स्वयम्सेवकको रूपमा परिचालन गर्नुपर्ने र गुठी संस्थान थप चनाखो भई प्रस्तुत हुनुपर्ने बताउनुभयो । रथलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिंनुहुँदै प्रजिअ भट्टले जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न हुँदा भक्तपुरको प्रतिष्ठा बढाउन मद्दत पुगेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका एस.पी. हिमालयकुमार श्रेष्ठले जात्राको तयारी प्रहरीले पाँच महिनादेखि गरेको जानकारी दिनुहुँदै हामी हारेर पनि भक्तपुरवासीलाई जिताउने मानसिकताले काम गरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले जात्रा निर्धारित समयभन्दा ढिलो सुरु भए पनि शान्तिपूर्ण ढंगले सम्पन्न भएकोमा खुसी प्रकट गर्नुहुँदै रथमा प्रयोग हुने चुकुलहरू मजबुत बनाउनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले जात्रा सुरु हुनु अगाडि भएको जनचेतना ऱ्यालीले जात्रा शान्तिपूर्ण बनाउन नगरवासीहरूमा सकारात्मक प्रचार भएको बताउनुभयो । रथले बिगारेका सम्पदाहरूको संरक्षण, जात्राको समयमा व्यक्तिगत रूपमा क्षति पुगेकालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

गुठी संस्थानका प्रमुख हरिप्रसाद सुवेदीले पुजा विधिले गर्दा बिस्का जात्रा समयमा सुरु हुन नसकेको, रथमा प्रयोग हुने केही काठ र चुकुलहरू पुरानो भएकोले रथ केही कमजोर भएको र नयाँ रथ बनाउन अहिलेदेखि नै अगुवाई गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले जात्रा व्यवस्थापनमा भक्तपुर नपाको अगुवाई सराहनीय भएको बताउनुहुँदै आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न जात्राको ऐतिहासिकताबारे पनि प्रचारप्रसार आवश्यक भएको बताउनुभयो ।

भैरवनाथ जात्रा व्यवस्थापन समितिका अध्यक्ष न्हुछेराम भेलेले आगामी वर्षको लागि भैरवनाथको नयाँ रथ बनाउन तर्जुमा गर्नुपर्ने, रथ तान्ने रुटको सीमा तोक्न नहुने, रथ तान्न बलियो डोरी प्रयोग गर्नुपर्ने र माइकिङमार्फत् व्यवस्थित प्रचार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा दूरसञ्चारका कार्यालय प्रमुख वीरेन्द्ररत्न शाक्य र स्थानीय शिवनारायण गोथेले भैरवनाथको जगेडा छाना व्यवस्थापन गर्नुपर्ने, जात्राको समयमा परिचालित टीम–क्लबका स्वयम्सेवकहरूको सेवाको कदर गर्नुपर्नेमा जोड दिनुभयो ।

# झटाप्व फल्चा उद्घाटन तथा पुस्तकालय भवनको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वैशाख ७ गते भक्तपुर नगरपालिका वडा नं. ८ जेंलास्थित पुनःनिर्मित झटाप्व पाटीको उद्घाटन गर्नुभयो। उहाँले सोही कार्यक्रममा सार्वजनिक शौचालयको ठाउँमा पुस्तकालयको नयाँ भवनको शिलान्यास गर्नुभयो।



२०७२ सालको भूकम्पले भत्किएको उक्त पाटी पुनःनिर्माणको हिसाबकिताब सार्वजनिकीकरण तथा पुस्तकालय भवनको शिलान्यास कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भूकम्पले भत्किएका ३४ वटा सार्वजनिक पाटीको पुनःनिर्माण कार्य सकिसकेको जानकारी गराउनुहुँदै भक्तपुर नपाले भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनःनिर्माणमा जोड दिइरहेको बताउनुभयो।

उहाँले सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा उच्च शिक्षा दिने, समाजलाई बुद्धिजीवीकरण गर्ने, नयाँ पुस्तालाई एक्काइसौं शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम बनाउन भक्तपुर नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ च्याम्हासिंहस्थित जनस्वास्थ्य केन्द्रसँगै २५ शय्याको ख्वप अस्पताल निर्माण सुरु भइसकेको र नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्रमा मोतिविन्दु शल्यक्रिया सेवा प्रारम्भ भइसकेको जानकारी उहाँले दिनुभयो।

भक्तपुरको सरसफाइमा नगरवासी नै सचेत हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले नसर्ने रोगको जोखिम बढिरहेको हुँदा नगरपालिकाले विभिन्न रोगहरूको स्वास्थ्य शिविरहरू पनि सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले पाटी पुनःनिर्माणमा उपभोक्ता समिति र जनश्रमदानका कारण लगत इस्टिमेटभन्दा कम रकममा गुणस्तरीय काम भएको बताउनुहुँदै भक्तपुरको कला संस्कृति, सम्पदा संरक्षण तथा सार्वजनिक ठाउँको जगेर्नामा निरन्तर कार्यहरू गरिरहेको बताउनुभयो।

कार्यक्रममा उपभोक्ता समितिका उपाध्यक्ष राम प्रजापतिले सार्वजनिक शौचालयको ठाउँमा पुस्तकालय निर्माण गरी नयाँ पुस्ताको शैक्षिक स्तर उकास्न र समाजलाई अगाडि बढाउन मद्दत पुग्ने बताउनुभयो।

कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष रत्नभक्त प्रजापति, समाज सुधार माविका प्रधानाध्यापक लक्ष्मीनारायण दुवाल र उपभोक्ता समितिका सदस्य सत्यप्रसाद प्रजापतिले पनि बोल्नुभएको थियो।

झटाप्व फल्चाको ल.इ. २९ लाख १० हजार ४७ रूपैयाँ रहेको उपभोक्ता समितिले जनाएको छ।



## भक्तपुर नगरपालिका शिक्षा शाखाको शिक्षा अधिकृत मेघनाथ रिमाललाई बिदाइ

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मंगलबार भक्तपुर नगरपालिका शिक्षा शाखाका शिक्षा अधिकृत मेघनाथ रिमाललाई चैत २६ गते भादगाउँले टोपी लगाइ बिदाइ गर्नुभयो।

# पहिलो नेपाली भूउपग्रह प्रक्षेपण



(तस्बिर-इन्टरनेट)

नेपालको पहिलो भूउपग्रह २०७६ वैशाख ५ गते (अप्रिल १७) प्रक्षेपण गरिएको छ । जापानमा स्पेस टेक्नोलोजीमा इन्जिनियरिङ गरिरहनुभएका आभाष मास्के र इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातकोत्तर गरिरहनुभएका हरिराम श्रेष्ठको पहलमा उक्त कार्यक्रम जापानको 'बर्ड-३' परियोजनाअन्तर्गत संयुक्त राज्य अमेरिकाबाट अघि बढेको हो ।

यस अघि 'बर्ड-३' ले जापान, नेपाल र श्रीलङ्काको भूउपग्रह अमेरिकाबाट एकैसाथ प्रक्षेपण गर्न लागेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)का प्रविधि सङ्काय प्रमुख रवीन्द्रप्रसाद ढकालले जानकारी दिनुभयो । नेपाली भूउपग्रहको नाम 'नेपाली स्याट-१', श्रीलङ्काको 'रावण-१' र जापानको 'यु-बिसु' राखिएको छ । ढकालले भन्नुभयो, 'भूउपग्रहले देशका विभिन्न स्थानका तस्बिर सङ्कलन तथा अभिलेखीकरण गर्नाका साथै यहाँको हिमाल, पहाड, तराई, वन, पाखा, हिमनदीका बारेमा सूचना र जानकारी प्रवाह गर्नेछ ।'


आषष मास्के

यो भूउपग्रह अन्तरिक्षमा पुगेपछि एक महिनासम्म इन्टरनेश्नल स्पेस स्टेशनमा रहनेछ ।

नेपाली स्याट- १ नामक उक्त भूउपग्रहमा नेपालको झण्डाका साथै नाष्टको प्रतीकचिह्न अङ्कित छ ।

## प्रमुख सुनिल प्रजापतिसँग खानेपानी कार्यालय प्रमुख हरिदत्त पौड्यालको भेट

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग प्रदेश नं. ३ खानेपानी डिभिजन कार्यालयका प्रमुख हरिदत्त पौड्यालले वैशाख ५ गते भक्तपुरमा भेट गर्नुभयो । भेटमा भक्तपुरको खानेपानी, फोहर र ढल व्यवस्थापनबारे कुराकानी भयो । भेटमा वडाध्यक्षहरू उकेश कवां र महेन्द्र खायमलीको पनि उपस्थिति रहेको थियो ।



पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

विश्व सम्पदा दिवसमा प्रवचन कार्यक्रम

# सम्पदाको संरक्षण विज्ञानसम्मत हुनुपर्ने




भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ५ गते विश्व सम्पदा दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका सचिव एवम् संघीय सांसद प्रेम सुवालले प्राचीन स्मारक ऐनअनुसार एक सय वर्ष पुरानो भौतिक वस्तुहरू देशकै सम्पदाको रूपमा स्थापित हुने बताउनुहुँदै सम्पदा संरक्षण विज्ञानसम्मत हुनुपर्ने र अन्धविश्वासलाई अन्त्य गर्ने ढंगले संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो।

उहाँले सत्तामा पुगेका शासक दलहरूले समाज परिवर्तनको निम्ति काम गर्न नसकेको औंल्याउनुहुँदै देशको सन्तुलित विकासमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांस्कृतिक सम्पदा संरक्षणले आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्नुका साथै नयाँ पुस्ताको सेवा हुने बताउनुहुँदै सांसद सुवालले अमानत र उपभोक्ता समितिमार्फत् विकास निर्माणको कार्य अगाडि बढाउनु उचित हुने विचार व्यक्त गर्नुभयो।

'द पीस अवार्ड अफ द युनेस्को इन एसिया एण्ड प्यासिफिक' र ट्रान्सपरेन्सी इन्टरनेश्नलबाट 'सदाचारको टापू' भक्तपुर नपाबाट पुरस्कृत भएको बताउनुहुँदै उहाँले विश्व सम्पदामा सुचिकृत भक्तपुरका सम्पदा संरक्षण र सरसफाइमा अझ व्यवस्थित ढंगले अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदा संरक्षणमा संघ सरकारले उचित बजेट व्यवस्थापन गर्न नसकेको गुनासो व्यक्त गर्नुहुँदै आवश्यक काठ, निर्माण सामग्री र दक्ष जनशक्तिको अभावका कारण पुनःनिर्माण कार्यमा चुनौतीहरू सामना गर्नुपरेको बताउनुभयो।

भक्तपुरको दृश्य प्रदूषण रोक्न अव्यवस्थित तारहरू भूमिगत गर्ने प्रक्रिया अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले पर्यटकको बसाई लम्ब्याउन आवश्यक व्यवस्थापन भइरहेको जानकारी दिनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले 'भक्तपुर नगरपालिकाका भौतिक र अभौतिक सम्पदाको पुनःजीवन' (Revitalisation of tangible and intangible heritages of Bhaktapur City) विषयमा प्रस्तुतीकरण दिनुहुँदै भक्तपुरको सांस्कृतिक सम्पदा जगेर्ना गरी नयाँ पुस्तामा हस्तान्तरण गर्नु आजको आवश्यकता भएको बताउनुभयो।

इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले सम्पदा संरक्षण कार्यमा भक्तपुर नगरपालिकाको काम सराहनीय भएको बताउनुहुँदै कुनै पनि ठाउँको संस्कृति जोगाउन खुला स्थानहरूको जगेर्ना गर्नु आवश्यक भएको बताउनुभयो। नेपालमण्डलको सभ्यता किसानहरूको काँधबाट उठेको बताउनुहुँदै इतिहासविद् श्रेष्ठले भक्तपुरको प्राचीन राजकुलो ब्युँताउन आवश्यक भएको बताउनुभयो।

भक्तपुर जिल्लाका सहायक प्रजिअ दिलिप लामिछानेले भक्तपुरको पुरानो स्वरूपको गहन अध्ययनको आवश्यकता औंल्याउनुहुँदै पर्यटक केन्द्रित गतिविधिमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा सम्पदा शाखाका प्रमुख रामगोविन्द श्रेष्ठ र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

ख्वप इ. कलेजका विद्यार्थी आ. रबिता शिल्पकारले भक्तपुर नपा वडा नं. ८ जेंलामा अवस्थित जेंला पुखुचा (पोखरी) को स्थलगत प्रतिवेदनबारे कार्यक्रममा प्रस्तुतीकरण देखाउनुभएको थियो।

सोही कार्यक्रममा भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिलाई जेंला पुखुचाको स्थलगत अध्ययन प्रतिवेदन ख्वप इ. कलेजका प्राचार्य सुजन माकले हस्तान्तरण गर्नुभयो।

विश्व सम्पदा दिवसको अवसरमा भक्तपुरको दरबार क्षेत्रमा सांस्कृतिक सम्पदाहरूको फोटो प्रदर्शनी पनि राखिएको थियो।

### नयाँ शैक्षिक सत्र तथा स्थानीय पाठ्यक्रमबारे अभिमुखीकरण

# स्थानीय पाठ्यक्रमले योग्य पुस्ता तयार गर्न सहयोग पुग्ने

भक्तपुर नगरपालिकाको आयोजनामा चैत २८ गते नयाँ शैक्षिक सत्र तथा स्थानीय पाठ्यक्रमबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले आर्थिक रूपले स्वतन्त्र नभएको देश राजनैतिक रूपले पनि स्वतन्त्र नहुने विचार व्यक्त गर्नुहुँदै शासक दलहरू भारतको निर्देशनमा चलिरहेको आरोप लगाउनुभयो।

शिक्षकहरूको व्यापक दृष्टिकोणले शिक्षामा न्याय हुने प्रसङ्ग कोट्याउनुहुँदै अध्यक्ष बिजुक्छेंले विद्यालयहरूमा स्थानीय पाठ्यक्रमअनुसार अध्ययन-अध्यापनले २१ औं शताब्दीको निम्ति योग्य पुस्ता तयार गर्न सहयोग पुग्ने बताउनुभयो। उहाँले विद्यार्थीलाई भूगोल र इतिहास अध्ययनमा जोड दिएर पढाउनुका साथै स्थानीय बाजा, कला-संस्कृति, नाचगान, खेलकुदलगायतको अध्ययनमा जोड दिंदै व्यापक दृष्टिकोणको विकास गराउनु आवश्यक भएको बताउनुभयो।






विद्यार्थीलाई विभिन्न जिल्लाको भ्रमण, अध्ययन र त्यहाँको विशेषताबारे जानकार गराउँदै राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिक विषयमा अन्तरक्रिया तथा छलफलमार्फत विद्यार्थीको सैद्धान्तिक स्तर उकास्न शिक्षक-शिक्षिकाहरूले भूमिका निर्वाह गर्नुपर्ने अध्यक्ष बिजुक्छेंले बताउनुभयो।

विद्यालय तथा कलेजका पाठ्यपुस्तक समय-समयमा फेरिने हुँदा पाठ्यपुस्तकबाहेक अन्य पुस्तकहरू अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले नयाँ तथ्य तथ्याङ्कबारे अद्यावधिक रहनुपर्ने बताउनुभयो।

नेमकिपाका सचिव तथा संघीय सांसद प्रेम सुवालले नेपालको शिक्षा ऐनबारे चर्चा गर्नुहुँदै देशको सन्तुलित विकासको लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। विद्यालयहरूले नैतिक र वैज्ञानिक शिक्षामा जोड दिनुका साथै सबैलाई समान शिक्षा र व्यक्तित्व विकासमा समान अवसरको आवश्यकता रहेको सांसद सुवालले प्रस्ट पार्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सार्वजनिक विद्यालय तथा कलेजलाई राज्यले प्राथमिकता दिई संरक्षण गरे निजी कलेजहरूमा आकर्षण घट्ने विचार प्रस्तुत गर्नुभयो। प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरवासीलाई मात्र नभई देशभरिका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा दिई देशको लागि आवश्यक योग्य नागरिक तयार गरिरहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई देशको कला-संस्कृति, रीतिरिवाज, चाडबाडबारे थाहा दिन स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै विद्यालयहरूले व्यवहारिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, नगर शिक्षा शाखाका प्रमुख कृष्णप्रसाद कर्माचार्य र शिक्षाविद् सिद्धिरत्न शाक्यले स्थानीय पाठ्यक्रमको आवश्यकता र विशेषताबारे प्रस्ट पार्नुभयो। कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो।

अभिमुखीकरण कार्यक्रममा प्रमुख अतिथि नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिक्षक तालिमका विभिन्न विषयमा सहजकर्ता भूमिका निर्वाह गर्ने शिक्षकहरूलाई कदर पत्र प्रदान गर्नुभयो। सांसद सुवालले तालिममा सहभागी शिक्षक-शिक्षकाहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

# राष्ट्रिय विकास परिषद्को बैठकमा पञ्चवर्षीय योजनाबारे छलफल

राष्ट्रिय योजना आयोगको आयोजनामा भएको राष्ट्रिय विकास परिषद् बैठकले पन्ध्रौं पञ्चवर्षीय योजना २०७६-७७ देखि २०८०-८१ आधारपत्रको मस्यौदा पारित गर्‍यो । बैठक चैत्र २० र २१ गते सम्पन्न भएको थियो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री केपी शर्मा ओलीले भन्नुभयो, '२००७ र २०४६ को आन्दोलनको उपलब्धि टिक्न सकेन । सहयात्रीलाई चिन्न नसक्दा त्यस्तो स्थिति भएको हो । अब अलमलिने, झस्किने र तर्सिने होइन । अबको प्रजातन्त्रलाई कसैले भत्काउन सक्नेछैन । झण्डै दुईतिहाइ मतको सरकार हो । भत्काउने दुःस्वप्न कसैले नदेखे हुन्छ । विदेशीहरू पनि नेपालीलाई सहयोग गर्न इच्छुक, उत्सुक र तत्पर छन् । गफ गर्ने होइन काम गर्ने सरकार हो । आधुनिक नेपाल बनाउँछौं । भोकमरी अन्त्य भएको घोषणा गर्छौं । विषालु खाद्यान्न उत्पादन गर्दैनौं । अधिनायकवाद होइन समाजवादतिर जान्छौं ।'




कार्यक्रममा नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले संविधानमा उल्लेख समाजवादउन्मुख लक्ष्य प्राप्तिको लागि सरकारको योजना, नीति तथा कार्यक्रम, बजेट, विधेयक र विदेशीसँग सन्धि-सम्झौतासमेत सोहीअनुरूप हुनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'प्रस्तुत आधारपत्रमा समावेश विषयवस्तु समाजवादउन्मुख लक्ष्य प्राप्त गर्ने गरी आएको छैन । योजना ठोसरूपमा पेश गरिनुपर्छ । पाँच वर्षभित्र जोत्नेलाई जमिन, प्राङ्गारिक मल र बीउ-बिजन र सिंचाइको व्यवस्था गर्नुपर्छ । ८३ हजार मेगावाट जलविद्युत् उत्पादन क्षमता छ । तर, मात्र १००० मेगावाट उत्पादन भएको तथ्याङ्क



प्रमुख सुनिल प्रजापति



सांसद प्रेम सुवाल

छ । पाँच वर्षभित्र उत्पादन गर्ने विद्युतको मेगावाट उल्लेख गर्नुपर्दछ । पेट्रोलियम पदार्थ आयात घटाउने लक्ष्य किटान हुनुपर्दछ । शिक्षामा मावि निःशुल्क र अनिवार्य गर्ने, विश्वविद्यालय निःशुल्क गर्ने लक्ष्य राख्नु आवश्यक छ ।'

भक्तपुर नपाको प्रमुख सुनिल प्रजापतिले भन्नुभयो, 'सङ्घीयताको अर्थ अधिकार विकेन्द्रीकरण हो । सबै अधिकार सिंहदरबारमा केन्द्रित गरेर सङ्घीयता कार्यान्वयन हुनसक्दैन ।'

केन्द्रले स्थानीयमा कर्मचारी पठाउनु र कानुन नबनाई आदेशको भरमा स्थानीय तह चलाउन खोज्नु गलत रहेको चर्चा गर्नुहुँदै उहाँले स्थानीय तहको अधिकारमाथि कुनै रूपमा हस्तक्षेप गर्न नमिल्ने बताउनुभयो ।

नेकपाका अध्यक्ष पुष्पकमल दाहालले भन्नुभयो, 'दुईतिहाइको सरकारले गरेर देखाउनुपर्दछ । वर्गीय समाज अन्त्य गर्नु आवश्यक छ ।'

अर्थमन्त्री युवराज खतिवडाले उच्च आय भएका १० प्रतिशत र कम आय भएका ४० प्रतिशत भएको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै कम आय भएकालाई माथि उठाउनु आवश्यक भएको बताउनुभयो ।

नेकाका उपनेता विजयकुमार गच्छदारले आयोगले आयोजना बनाउँदा अङ्ग ढाक्न नसकेका गरिबको तस्बिर हेरेर बनाउनु आवश्यक भएको औंल्याउनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेलले पच्चीस वर्षको दीर्घकालीन सोच र पाँच वर्षको योजना मस्यौदालाई अन्तिम रूप दिन बैठक आयोजना गरिएको बताउनुभयो ।

उहाँले पच्चीस वर्षमा गरिबीको रेखामुनिको जनसङ्ख्या शून्य बनाउने योजना रहेको बताउनुभयो ।

# व्यवस्थित र शान्तिपूर्ण बिस्का जात्राका लागि जनचेतना र्‍याली




बिस्का जात्रा व्यवस्थित र शान्तिपूर्ण रूपमा सञ्चालन गर्न भक्तपुर नगरपालिकाको आयोजनामा चैत २७ गते भक्तपुरको दत्तात्रयबाट जनचेतना र्‍याली सुरु भई इनाचो, साकोथा, दरबार क्षेत्र, इटाछेँ, वंशगोपाल, नासमना हुँदै टौमढीमा पुगी सभामा परिणत भयो।

सभालाई सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सांस्कृतिक सुन्दरता कायम गर्न र हाम्रो पहिचान बचाइ राख्न बिस्का जात्रालाई राम्रो अवसरको रूपमा सदुपयोग गरी जात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आह्वान गर्नुभयो।

पर्यटकमाझ बिस्का जात्राको गरिमा बढाउन सम्बन्धित सरोकारवालाहरूले इमानदारीपूर्वक भूमिका खेल्न आवश्यक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले जात्रालाई अझ सभ्य, भव्य, शान्तिपूर्वक एवं मर्यादित ढंगले मनाउनु हामी सबैको कर्तब्य र दायित्व भएको बताउनुभयो।

जात्राको समय स्वस्थवर्द्धक खानपान र सरसफाइमा ध्यान दिनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले विश्व सम्पदा सूचीमा सूचिकृत ठाउँको प्रतिष्ठा बढाउन तथा बिस्का जात्रालाई मर्यादित बनाउन समयमै जात्रा सुरु गरी तोकिएको समयमै सम्पन्न गर्न अनुरोध गर्नुभयो।

भक्तपुरका प्रजिअ नारायणप्रसाद भट्टले जात्रामा अवाञ्छित क्रियाकलाप गर्नेहरू सजायको भागीदार हुनुपर्ने बताउनुभयो। बिस्का जात्रामार्फत् भक्तपुरको पहिचान देश-विदेशमा प्रचार हुने बताउनुहुँदै उहाँले जात्रा शान्तिपूर्ण रूपमा सञ्चालन गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले जात्रास्थलमा अव्यवस्थित रूपमा पसल नराख्न र पार्किङ नगर्न, जात्राको समयमा पुरानो नगर क्षेत्रमा दुईपांग्रे र चारपांग्रे सवारीसाधन नचलाउन अनुरोध गर्नुहुँदै जात्राका सम्पूर्ण गतिविधि सी.सी. क्यामेरामार्फत् निगरानीमा रहने जानकारी दिनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले भैरवनाथको रथमा गुठी नाइके, पूजारी, चौगुठीलगायत तोकिएका व्यक्तिहरूबाहेक अन्य व्यक्तिहरू अनधिकृत रूपमा नचढ्न, जात्रा स्थलमा मादक पदार्थ सेवन गरी अभद्र व्यवहार नगर्न र शान्तिपूर्ण रूपमा जात्रा शुभारम्भ गर्न आग्रह गर्नुभयो।

भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले बिस्का जात्रामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढिरहेको बताउँदै बिस्का जात्राको गरिमा बढाउन सामूहिक प्रयास आवश्यक भएको बताउनुभयो।

गुठी संस्थान भक्तपुरका प्रमुख हरि सुवेदीले यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण हुने विश्वास प्रकट गर्दै जात्रा तोकिएकै समयमा सुरु भए सम्भावित दुर्घटनाहरूमा कमी आउने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा आयोजित उक्त जनचेतना र्‍यालीमा भक्तपुर नपाका १० वटै वडाका वडाअध्यक्ष एवम् जनप्रतिनिधिहरू, कर्मचारी, दाफा-भजन, टीम-क्लब, विद्यालय, कलेज, सहकारी संस्थालगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।



# बिस्का जात्रा शान्तिपूर्ण भए देशकै प्रतिष्ठा बढ्ने

भक्तपुरको ऐतिहासिक बिस्का जात्रा व्यवस्थित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न चैत १९ गते भक्तपुर नपा वडा नं. ४ र ५ का टीम क्लब, पुस्तकालय, वाचनालय, सहकारी र संघ-संस्थाका प्रतिनिधिको भेला सम्पन्न भयो।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले जात्रा समयमै सञ्चालन गरी समयमै सम्पन्न गर्न सके सम्भावित दुर्घटनाहरूमा कमी आउने बताउनुभयो। उहाँले जात्रामा युवाहरूको उल्लेख्य सहभागिता रहने हुँदा जनचेतना र्‍याली तथा कार्यक्रम सञ्चालन गर्ने, भार्वाचोदेखि दत्तात्रयसम्म नगरका ठाउँ ठाउँमा सी.सी. टिभी क्यामेरा जडान गर्ने, विभिन्न सञ्चारमाध्यममार्फत सूचनाहरू प्रभावकारी रूपमा प्रकाशन र प्रसारण गर्ने जानकारी दिनुभयो।

भक्तपुर नगरपालिका साझा हितको लागि काम गर्ने संस्था भएको र जनताको सुझावअनुरूप नै अगाडि बढ्ने बताउनुहुँदै प्रमुख प्रजापतिले ऐतिहासिक जात्रालाई सभ्य र व्यवस्थित ढंगले सम्पन्न गर्न सके भक्तपुर नगर र देशकै प्रतिष्ठा बढ्ने र सकारात्मक प्रचार हुने बताउनुभयो।

बिस्का जात्रा भक्तपुरवासीको ऐतिहासिक र महान् पर्व भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको जात्रा, कला-संस्कृति र सम्पदाहरू बचाइराख्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले सांघुरो गल्लीहरूमा बत्तीको व्यवस्था गर्ने, अव्यवस्थित तार-केबलहरूको व्यवस्थापन हुने र उच्छृङ्खल गतिविधि गर्नेहरूलाई दण्ड सजाय गरिने बताउनुभयो।

गुठी संस्थान भक्तपुरका प्रमुख हरि सुवेदीले रथ निर्माणको कार्य सुरु भइसकेको जानकारी गराउनुहुँदै जात्रालाई सभ्य ढंगले सञ्चालन गर्न सम्बन्धित संघ-संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याखवले जात्रा सञ्चालनमा सम्बन्धित संघ-संस्थाहरूलाई आ-आफ्नो भूमिका निर्वाह गर्न जोड दिनुभयो।

कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूले बिस्का जात्रा व्यवस्थित सञ्चालनको लागि आ-आफ्नो राय-सुझावहरू प्रस्तुत गर्नुभयो।

त्यस्तै भक्तपुरको ऐतिहासिक तथा प्रसिद्ध बिस्का जात्रालाई शान्तिपूर्ण र मर्यादित रूपमा भव्यताका साथ सम्पन्न गर्न गठित विशेष कार्यदलको बैठक चैत २१ गते भक्तपुर नपाको सभाकक्षमा बस्यो।

बैठकले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, सुरक्षा निकाय, सरकारी कार्यालयहरू, स्थानीय टीम, क्लब, पुस्तकालय, वाचनालय, विद्यालय, कलेज, सहकारी संस्था, दाफा भजन व्यवसायीलगायतको सहभागितामा २०७५ चैत्र बिहान ७ बजे सद्भाव र्‍याली तथा जनचेतना सभा आयोजना गर्ने, जात्राको अवधिमा रथ तानिने मूल सडक, जात्रा हुने स्थान र चोकहरूमा राखिएका भग्नावशेष एवम् निर्माण सामग्रीहरू यही २०७५ चैत २५ गतेभित्र सम्बन्धित व्यक्तिहरू आफैले हटाउन सार्वजनिक सूचना प्रकाशित गर्ने, २०७५ चैत २७ गते र ०७६ वैशाख ५ गते भैरवनाथको रथ तानेर पूर्वमा बढीमा बुलबुल हिटी, सुकुलढोकासम्म र पश्चिममा बढीमा नासमनासम्म मात्र लाने सीमा निर्धारण गर्ने, ती दिनहरूमा भैरवनाथको रथ दिनको २ बजेबाट तान्न सुरु गरेर साँझ ६ बजेसम्ममा निर्धारित स्थानमा रथ बिसर्जन गर्ने, जात्रालाई शान्तिपूर्ण र व्यवस्थित बनाउन नगरपालिका, गुठी संस्थान,



प्रहरी प्रशासन, भैरवनाथ जात्रा व्यवस्थापन समिति, स्थानीय टिम र क्लब, स्थानीय जनताले आवश्यक सुरक्षा प्रबन्धका लागि समन्वयात्मक भूमिका खेल्ने, जात्रालाई शान्तिपूर्ण रूपमा भव्यताका साथ सम्पन्न गर्न सर्वसाधारण जनतामा आह्वानसहित प्रचारप्रसार तथा सभा कार्यक्रम आयोजना गर्ने र जात्राको समयावधिमा भक्तपुर नगर क्षेत्रका भट्टी पसल तथा मदिरा पसलहरूमाथि निगरानी एवम् नियन्त्रण गर्न प्रहरी प्रशासन परिचालन गर्ने निर्णय गर्‍यो।

# वागीश्वरीमा प्रदेश नं. ३ का सामाजिक विकास मन्त्री

प्रदेश नं. ३ का सामाजिक विकास मन्त्री युवराज दुलालले २०७५ चैत ३० गते, शनिबारका दिन वागीश्वरी स्कूल र वागीश्वरी कलेज च्याम्हासिंह भक्तपुरको अवलोकन भ्रमण गर्नुभयो। उक्त भ्रमणमा प्रदेश सभाका सदस्य प्रतिमा श्रेष्ठ पनि हुनुहुन्थ्यो।



अवलोकनका क्रममा उहाँहरूले वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कलेजको वस्तुस्थितिकोबारे जानकारी लिनुभएको थियो।

प्रमुख प्रजापतिले कलेजको बारेमा जानकारी दिनुहुँदै कलेजले तुमचो-चोखा-दुगुरे आवास योजनासँग किनेको १ रोपनी ७ आना जग्गामा आफ्नै भवन निर्माणको प्रकृया अगाडि बढाएको हुँदा प्रदेश सरकारको तर्फबाट पनि उचित सहयोगको अपेक्षा गर्नुभयो।

च्याम्हासिंहको स्कूल प्राङ्गणमा मन्त्री दुलाल र सांसद श्रेष्ठलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्व र प्राचार्य कृष्णप्रसाद धन्छाले फूलको गुच्छा र खाडाले स्वागत गर्दै विद्यालयको विभिन्न पक्षको अवलोकनका साथ जानकारी दिनुभएको थियो।

अवलोकनको क्रममा मन्त्री दुलालले एक विद्यालय एक नर्स कार्यक्रम अरु विद्यालयमा पनि विस्तार गर्ने र हाल सञ्चालित विद्यालयमा पनि सामग्री थप्ने जानकारी दिनुभयो।

मन्त्री दुलाल र सांसद श्रेष्ठले कलेजको आगन्तुक पुस्तिकामा 'चार हजारभन्दा बढी विद्यार्थी पठनपाठन गर्ने यस शिक्षालयको सर्वाङ्गीण विकासको शुभकामनासहित प्रदेश सरकार साथमा रहने' विचार व्यक्त गर्नुभएको छ।

पुस्तिकामा उहाँहरुले 'भौतिक पूर्वाधार, शैक्षिक सामग्री व्यवस्थापन, प्रयोगशालालगायतको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर राम्रो रहेको र यसलाई अझै सुदृढ गर्न सकिने सम्भावना' भएको उल्लेख गर्नुभएको छ।

कलेज र स्कूलको तर्फबाट उहाँहरूलाई मायाको चिनोसहित प्रकाशित कलेजको जर्नल, साहित्य सँगालो, स्मारिका लगायत प्रदान गरिएको थियो।

# जन्मको आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई वंशजको नागरिकता बारे सर्वोच्चको फरक आदेश

जन्मको आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता दिन गृहमन्त्रालयले चैत्र १९ गते गरेको परिपत्र **कार्यान्वयन नगर्न** सर्वोच्च अदालतले चैत २५ गते अन्तरिम आदेश जारी गरेको छ। गृहमन्त्रालयको उक्त परिपत्रविरुद्ध वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले रिट दायर गर्नुभएको थियो।

न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले चैत २५ गते सरकारको नाममा यस्तो आदेश जारी गरेको हो।

तर न्यायाधीश हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको संयुक्त इजलासले वैशाख ३ गते **अन्तरिम आदेश दिनु नपर्ने** गरी न्यायाधीश भण्डारीको आदेश खारेज गरेको छ।

प्रकाशमा आएको समाचारअनुसार २०७३ फागुन २ गते सोही प्रकृतिको मुद्दामा न्यायाधीश द्वय पुरुषोत्तम भण्डारी र हरिकृष्ण कार्कीको इजलासले जन्मका आधारमा नागरिकता पाएकाका सन्तानलाई वंशजको नागरिकता दिन एक मतले फैसला गरेका थिए। तर उनै न्यायाधीश भण्डारीको एकल इजलासले चैत २५, २०७५ मा भने गृहको परिपत्र यथास्थानमा राख्न आदेश दिएको थियो।

उक्त मुद्दाको अन्तिम किनारा नलागेपनि गृह मन्त्रालयको परिपत्रलाई सदर गरेको फैसला बारे विभिन्न क्षेत्रमा टीका टिप्पणी भएको छ र सर्वत्र 'फिजीकरण' को चिन्ता व्यक्त गरिएको छ।

# विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबीच अभिमुखीकरण

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ३ गते शिक्षा ऐन २०७४ बमोजिम नगर क्षेत्रभित्रका सामुदायिक एवम् संस्थागत विद्यालयहरूका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।




कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २१ औं शताब्दीको लागि योग्य र प्रतिस्पर्धी विद्यार्थी तयार गर्न विद्यालय र सञ्चालक समितिबीचको समन्वय राम्रो हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

युवा पुस्तामा व्यवहारिक ज्ञानको कमी रहेको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको कला-संस्कृति, भूगोल, इतिहास, सम्पदा, खेलकुद आदि विषयबारे नयाँ पुस्तालाई जानकारी प्रदान गर्न स्थानीय पाठ्यक्रम बनाइएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राख्दै शिक्षाको लागि बढी लगानी गरिरहेको चर्चा गर्नुहुँदै भक्तपुरका नगरभित्रका सामुदायिक र निजी विद्यालयका शिक्षक-शिक्षिकाहरूको लागि मन्टेश्वरी तालिम, विषयगत तालिमहरूको सञ्चालन गरी शिक्षाको स्तर उकास्न र शिक्षाको गुणस्तर बढाउन नगरपालिकाले प्रयास गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो – ''शिक्षा ऐनको प्रस्तावनामा राखिएको प्राविधिक शिक्षालाई जोड दिई समाजलाई विस्तारै बुद्धिजीवीकरण गर्ने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको छ।''

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुरलाई नमूना शैक्षिक गन्तव्यस्थल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्न आह्वान गर्नुहुँदै विज्ञान र प्रविधिसँग जोडिएको शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले विद्यालय शिक्षा आर्जन गर्ने भूमि रहेको बताउनुहुदै शिक्षाले सामाजिक परिवर्तन ल्याउने र जीविकोपार्जनको निम्ति उपयोगी माध्यम भएको बताउनुभयो।

नगर शिक्षा समितिका प्रमुख कृष्णप्रसाद कर्माचार्यले शिक्षा ऐन २०७४ बारे प्रस्तुतीकरण देखाउनुभएको थियो।

## मुख्यमन्त्री-जनता स्वास्थ्य परीक्षण कार्यक्रमसम्बन्धी अभिमुखीकरण



सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ को आयोजनामा सोमबार 'मुख्यमन्त्री-जनता स्वास्थ्य परीक्षण' सम्बन्धी अभिमुखीकरण कार्यक्रम चैत २५ गते सम्पन्न भयो। कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, १० वटै वडाका वडाअध्यक्षहरू, जनप्रतिनिधिहरू तथा वडासचिवहरूलाई सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरूले प्रस्तुतीकरणबाट अभिमुखीकरण गरिएको थियो।

# सङ्घनायक भिक्षु अस्वघोषको निधन



नेपालमा बुद्ध शिक्षा प्रचार गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने थेरवाद बुद्धधर्म भिक्षु महासङ्घका सङ्घनायक भिक्षु अस्वघोष महास्थवीरको चैत २२ गते निधन भयो। उहाँ मिर्गौला, रक्तचाप, मुटु, कलेजो, पिसाब, निमोनियालगायत समस्याबाट पीडित भिक्षुको ग्राण्डी अस्पतालमा उपचारका क्रममा निधन भएको हो।

करीब आठ दशकदेखि बुद्धदर्शन र साहित्यको प्रवर्द्धनमा लाग्नुभएका ९३ वर्षीय भिक्षु अस्वघोषका थुप्रै पुस्तक र रचनाहरू प्रकाशित छन्। अखिल नेपाल भिक्षु महासङ्घको सल्लाहकारसमेत रहनुभएका भिक्षु नेपाल चीन मैत्री संघका पूर्व सदस्य पनि हुनुहुन्थ्यो।

दिवंगत भिक्षुको पार्थीव देहलाई सर्वसाधारणको दर्शनका लागि ढल्कोस्थित संघराम बिहारमा राखिएको थियो।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले छैटौं संघनायक भिक्षु अश्वघोषप्रति चैत २३ गते हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

काठमाडौं ढल्कोस्थित संघराम विहारमा राखिएको उहाँको पार्थिव शरीरमा फूलको गुच्छा अर्पण गरी सांसद सुवालले उहाँप्रति श्रद्धा व्यक्त गर्नुभएको थियो।

सांसद सुवालले श्रद्धाञ्जली पुस्तिकामा मानव जातिको कल्याणको लागि बुद्धले प्रतिपादन गर्नुभएको बौद्ध दर्शनबारे सर्वसाधारण जनतालाई प्रशिक्षित गर्न संघनायक अश्वघोषले महत्त्वपूर्ण योगदान गर्नुभएको उल्लेख गर्नुभयो।

दिवंगत भिक्षु अश्वघोष महास्थवीरको चैत २४ गते राजकीय सम्मानकासाथ बिजेश्वरी घाटमा अन्त्येष्टि गरियो।

करीब आठ दशकदेखि बुद्धदर्शन र साहित्यको प्रवर्द्धनमा लाग्नुभएका ९३ वर्षीय भिक्षु अश्वघोषका नेपालभाषा, नेपाली र अंग्रेजीमा मौलिक र अनुवाद गरी करीब १५० कृति प्रकाशित छन्।

सन् १९२६ मा पाटनको उकुवहालमा जन्मेका बुद्धरत्न शाक्य नै भिक्षु अश्वघोष हुन्।



## ऐतिहासिक बिस्का जात्राको रथको अवलोकन

भक्तपुरको ऐतिहासिक बिस्का जात्रा शान्तिपूर्ण, भव्य र सभ्य रूपमा सम्पन्न गर्न जात्रास्थल टौमढी, जीर्णोद्धार भइरहेको भैरवनाथ मन्दिर र भैरवनाथ रथको अवलोकन गर्नुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीलगायत।

*(चैत २० गते)*

# कार्यशालाका चित्रकला प्रदर्शनी उद्घाटन

भक्तपुरमा शनिबारीय स्थलगत चित्रकला कार्यशालामा विभिन्न कलाकारहरूले तयार पारेका चित्रहरूको प्रदर्शनी भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपालका प्रथम आधुनिक कलाकार गेहेन्द्रमान अमात्यले संयुक्त रूपमा पानसमा दीप प्रज्ज्वलन गरी चैत २९ गते उद्घाटन





गर्नुभयो ।

उद्घाटन कार्यक्रममा बोल्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि प्रमुख प्रजापतिले भाषाको विकास हुनुभन्दा अगाडिनै चित्रकलाको माध्यमबाट अभिव्यक्ति दिने शैलीको विकास भैसकेको हुनाले यो प्राचीन कलाकारिताको महत्त्व रहेको बताउनुहुँदै अभ्यासले कलाकारहरू परिस्कृत हुने बताउनुभयो । उहाँले कलाकारहरूले आफ्नो सीप र कलालाई समाजको हितको लागि प्रयोग गर्नुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाले चित्रकलाको विकासको लागि विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सञ्चालन गरेको बताउनुहुँदै नगरका विद्यालयहरूमा चित्रकलाको अध्ययन अध्यापनबारे छलफल भइरहेको जानकारी गराउनुभयो । भक्तपुर नगरपालिकाले कला, संस्कृति र सम्पदा संरक्षण परम्परागत मौलिक शैलीमा गर्दै आएको बताउनुहुँदै यसले इतिहासलाई अटुट रूपमा जोड्ने बताउनुभयो । यहाँका कला, संस्कृति र सम्पदा हाम्रो मौलिक पहिचान भएकोले यसको संरक्षण र प्रवर्द्धनको लागि सबैले आ–आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्नेमा जोड दिनुभयो । चित्रकला सृजना गर्ने कलाकारहरूको उत्कृष्ट कार्यले भक्तपुरलाई चिनाउन विशेष मद्दत पुग्ने बताउनु हुँदै उहाँले कलाकारहरूलाई शुभकामना दिनुभयो ।

कार्यक्रममा कलाकारहरू राजेन्द्र याकामी, रमेश प्रधान र विवेकमान सिंह प्रधानलगायतले पनि बोल्नुभएको थियो ।

## ख्वप्रिङ इङ्लिस सेकेन्डरी स्कूलको दीक्षान्त समारोह

**भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ख्वप्रिङ इङ्लिस सेकेन्डरी स्कूलको दीक्षान्त समारोहमा प्रमुख आतिथ्यता ग्रहण गर्नुहुँदै (चैत २८ गते)**



# शुभकामना आदानप्रदान कार्यक्रम

'भक्तपुरको कला र संस्कृति तथा सम्पदाबारे संसारभरि नै सकारात्मक प्रचार प्रसार भइरहेको स्थितिमा यसलाई कायम राख्न कर्मचारीहरूले गम्भीरतापूर्वक आ–आफ्नो जिम्मेवारी निभाउनुपर्दछ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नगरपालिका समितिको आयोजनामा नव वर्ष २०७६ र बिस्केट



जात्राको उपलक्ष्यमा चैत २९ गते आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बताउनु भएको हो।

शुभ काम गरेर शुभकामना व्यक्त गर्ने संस्कारको विकास गर्नुपर्नेमा जोड दिनहुँदै उहाँले कर्मचारीहरूले शिष्टता र नम्रतापूर्वक सेवा प्रवाह गर्नुपर्ने बताउनुभयो।

'भक्तपुर नगरपालिकाले १९ वर्ष अगाडि ख्वप उमावि स्थापना गरेर सुरू गरेको शैक्षिक अभियानले अहिले देशभरि सकारात्मक सन्देश गइरहेको छ। कर्मचारीहरूले देश र जनताको दिगो विकास हुने कार्य गर्नुपर्छ', प्रमुख प्रजापतिले भन्नुभयो।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले उदाहरणीय कार्य गरेर देखाउन जनप्रतिनिधि र कर्मचारीहरू हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

कर्मचारी एशोसिएसनका अध्यक्ष गौतमप्रसाद लासिवाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्व, ६ नं. वडाध्यक्ष हरिराम सुवाल, प्रशासन अधिकृत अम्बिका धौभडेल, दिलकृष्ण माक, राजेश दिस्ती, काशिलाल प्रजापति र विकास प्रजापतिले पनि बोल्नुभएको थियो।

कार्यक्रममा कर्मचारी एशोसिएसनद्वारा प्रकाशित २०७६ को भित्तेपात्रो प्रमुख प्रजापति र उपप्रमुख जोशीले संयुक्त रूपमा सार्वजनिक गर्नुभएको थियो।

त्यस्तै ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा चैत ३० गते शुभकामना कार्यक्रम भयो।

कार्यक्रममा नगर प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले समाजवादीहरू समुदाय र पूँजीवादीहरू निजीकरणको पक्षमा हुन्छ भन्नुभयो।

पाँचतले मन्दिर, ५५ झ्याले दरबार, बत्सला मन्दिरलगायतको अनुसन्धान गरी विद्यावारिधि गर्न सकिने प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख, कलेज सञ्चालक समितिका उपाध्यक्ष एवम् आर्किटेक्ट रजनी जोशीले कालीगढ तथा प्राविधिकहरू तयार गरी मौलिकता झल्कने कार्य गर्नुपर्छ भन्नुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवाल, उपप्राचार्यहरू ई. रविन्द्र फोजू र ई. रत्नशोभा प्रजापति, विभागीय प्रमुखहरू ई. अमितशंकर रंजित, ई.



रमेश बाला, आ. रिजिना बज्राचार्य, ई. शिवकुमार श्रेष्ठ, ई. गजेन्द्रभक्त सुवाल, श्री नवराज बूढाथोकी, प्रा. राजुभाइ त्यात, डा. मन्जिप शाक्य, आ.लिवास फैजू, डा. जटाधर झा र ई. चन्द्रकिरण कवांले शुभकामना दिनुभयो।

त्यस्तै दुवै कलेजका शाखा प्रमुखहरू ई. गणेशराम ध्वजू, सिद्धिराम सुवाल, काजीबहादुर पञ्च, राजन जति, जसतारा कोजू र सन्जय मानन्धरले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

# 'सम्पदा संरक्षणमा विदेशीको भर पर्नु गलत'–अध्यक्ष बिजुक्छें

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें रोहितले नयाँ पुस्तालाई पुरानो शैलीको घर निर्माण गर्न डकर्मी र सिकर्मी तालिमहरू दिनु आवश्यक भएको बताउनुभयो ।




भक्तपुर नगरपालिका वडा नं. १ मा चैत २५ गते क्रियाशील उपभोक्ता समितिबीचको छलफल कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष रोहितले भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षण गर्न दक्ष जनशक्ति आवश्यक भएको बताउनुहुँदै सम्पदा संरक्षणमा विदेशीको भर पर्नु गलत हुने बताउनुभयो । उहाँले भक्तपुरमा ऐतिहासिक महत्त्वका पुराना पोखरीहरूको संरक्षण र सम्बर्द्धन हुनु सकारात्मक भएको बताउनुहुँदै सरकारको काममा अनियमितता र आर्थिक हिनामिना बढी हुँदा विकास निर्माणका कार्यमा ढिलाइ हुने गरेको बताउनुभयो ।

विकास निर्माणमा महिलाहरूको सक्रिय सहभागिताको प्रशंसा गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले नियमित स्वास्थ्य जाँच, स्वस्थ खानपिनमा महिलाहरू सचेत हुनुपर्ने र महिलाहरू राजनैतिक रूपले सचेत हुनुपर्नेमा जोड दिनुभयो । देशका अरु नगरपालिकाको तुलनामा भक्तपुर नपामा व्यवस्थित ढङ्गले काम हुनुमा नगरवासीको प्रतिबद्धता र एकताको भावनाले सफल भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौंको रानी पोखरी पुन:निर्माणमा भक्तपुरले गरेको सहयोग चर्चाको विषय बनिरहेको स्मरण गर्नुहुँदै भक्तपुर नगरपालिकाले नाफालाई नभई गुणस्तरीय र समाजको सेवा गर्ने भावले कार्य गरिरहेको बताउनुभयो ।

आर्थिक अनुशासन र जनताको सहयोगमा भक्तपुरको विकास निर्माणका कार्य अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले आफूसँग भएको सीपको प्रयोग गरी समाज र देशको सेवा गर्ने भावनाले काम गर्न आह्वान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र भक्तपुर नपा वडा नं. १० का नेमकिपाका इन्चार्ज लक्ष्मीनारायण राजलवटले वडामा भइरहेका विभिन्न गतिविधिबारे जानकारी दिनुहुँदै उपभोक्ता समितिमा बसेर काम गर्न उत्साहित पार्नुभयो ।

# हाते व्यापारीहरूको भेला

भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिको आयोजनामा चैत १८ गते हाते व्यापारीहरूको भेला सम्पन्न भयो ।

भेलामा बोल्नुहुँदै भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पर्यटकहरूबाट प्राप्त आम्दानीको स्रोत सम्पूर्ण नगरवासी, नेपाली जनताको आर्थिक, सामाजिक र शैक्षिक उन्नयनमा खर्च भइरहेको बताउनुहुँदै भव्य नगरको सभ्य नागरिकको परिचय दिन व्यापारीमाझ आग्रह गर्नुभयो ।

काठमाडौंको रानी पोखरी पुन:निर्माणमा भक्तपुरका प्राविधिकहरूले सहयोग गरिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले भक्तपुरका सम्पदा पुन:निर्माणका कार्यहरू निरन्तर अघि बढिरहेको चर्चा गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले अनुशासन र इमानदारी असल नागरिकको गहना हो र पर्यटकहरूलाई ठग्ने स्वभाव गलत भएको बताउनुभयो ।

पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले हाते व्यापारीहरूको लागि पोशाक, तालिम र परिचय पत्र आवश्यक भएको, हकर्स व्यवस्थापन आवश्यक भएको बताउनुहुँदै प्रवेश शुल्क नतिरेर नगर प्रवेश गर्ने पर्यटकहरूबारे नगरपालिकालाई समयमै खबर गर्नुपर्नेमा जोड दिनु भयो ।

पर्यटन व्यवसायी सद्भाव संघका अध्यक्ष विन्द्रकुमार श्रेष्ठले पथ प्रदर्शकहरूले पर्यटकहरूलाई हाते व्यापारीको सामान नकिन्न आग्रह गर्ने र हाते व्यापारीको सामानलाई हेपाहा प्रवृत्ति देखाउनु गलत भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेले पनि आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

# 'जनता बिना बर्दीका प्रहरी हुन्' – प्रमुख प्रजापति

भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा चैत २५ गते वडावासीहरू र सामुदायिक वडा प्रहरीबीच साझेदारीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको ऐतिहासिक बिस्का जात्रा शान्तिपूर्ण रूपमा सफल पार्न नगरपालिकाले विभिन्न सरोकारवालाहरूसँग सहकार्य र समन्वय गरिरहेको बताउनुभयो। उहाँले जात्रा निर्धारित समयमा सुरु गरी समयमै सम्पन्न गर्न सके सम्भावित दुर्घटनामा कमी आउने बताउनुहुँदै कानुनले गर्न नहुने गतिविधि गर्दा जो कोही सजायको भागी हुनुपर्ने बताउनुभयो।

जात्रालाई शान्तिपूर्ण बनाउन सभ्य रूपले प्रस्तुत हुन आह्वान गर्नुहुँदै प्रमुख प्रजापतिले जनता स्वयम् बिना बर्दीका प्रहरी भएको बताउनुभयो। दण्ड-सजाय नै समस्याको समाधान नहुनेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले सांस्कृतिक सम्पदाहरू चोरी हुनबाट जोगाउन सम्बन्धित निकायले ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले बिस्का जात्रा शान्तिपूर्ण बनाउन जनचेतनामूलक कार्यक्रमको आवश्यक हुने र भक्तपुर नगरलाई सुविधासम्पन्न नगरको रूपमा विकास गर्ने उद्देश्य रहेको बताउनुभयो। उहाँले भक्तपुर पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने र प्रहरीसँगको सहकार्यले नगरको शान्ति सुरक्षा कायम हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलक र वडा सदस्य ज्ञानकुमार मगजुले नगरवासी सचेत भए समाजलाई अगाडि बढाउन मद्दत पुग्ने र नैतिक जिम्मेवारी सबैको साझा जिम्मेवारी भएको बताउनुभयो।

प्रहरी नायब निरीक्षक रत्नबहादुर थापाले समुदाय प्रहरीको आवश्यकता र भूमिकाबारे प्रस्तुतीकरण दिनुहुँदै शान्तिपूर्ण र सुरक्षित समाजको लागि समुदाय प्रहरीको महत्त्वमाथि प्रकाश पार्नुभयो।

# दत्तात्रय, टौमढी र दरबार क्षेत्रका स्थानीय एवम् व्यवसायीहरूको भेला

भक्तपुर नगरपालिकाको आयोजनामा चैत १८ गते भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यको उपस्थितिमा भक्तपुरको दत्तात्रय, टौमढी र दरबार क्षेत्रका स्थानीय एवम् व्यवसायीहरूको भेला सम्पन्न भयो।

भेलामा पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले भक्तपुर आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आकर्षक गन्तव्यस्थल भएको बताउनुहुँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नमा जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेले फोहोर समयमै उठाउनुपर्ने, मोटरसाइकल पार्किङ व्यवस्थित गर्नुपर्ने र सार्वजनिक शौचालयको आवश्यकता औंल्याउनुभयो।

भक्तपुर उद्योग वाणिज्य संघ, पर्यटन विकासका संयोजक चुडामणी कायष्ठले भक्तपुरमा रात्रीकालीन बत्तीको व्यवस्था गर्नुपर्ने, दरबार क्षेत्रका होटलहरूमा हरेक दिन साँझ ६ बजे फोहोर संकलन गर्नुपर्ने, पर्यटक शौचालय र स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा स्थानीय व्यापारीहरू दिनेशबाबु हाडाले स-साना बच्चाहरूले पर्यटकहरूलाई मागेर दुःख दिइरहेको र सार्वजनिक शौचालय नभएर पर्यटकहरूलाई समस्या भइरहेको, देवानचन्द्र धौभडेलले सांस्कृतिक प्रहरीको भूमिका प्रभावकारी हुनुपर्ने र नगरभित्र हरियाली व्यवस्थापनमा ध्यान दिनुपर्ने, राजु गोसाईंले दत्तात्रयमा धूलो नियन्त्रणको लागि पानी छर्कने व्यवस्था गर्नुपर्ने, नगरभित्र निर्माण सामग्री ल्याउने समय निर्धारण गर्नुपर्ने र पार्किङको उचित व्यवस्था गर्नुपर्नेलगायतका सुझावहरू प्रस्तुत गर्नुभयो।

### बाल विकास सेकेण्डरी स्कूलको ३१ औं वार्षिकोत्सव

# समाज भड्काउनेका सन्तानले बिगार्न सक्छ

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले मजदुर किसानका छोराछोरीहरूलाई शिक्षित गर्ने उद्देश्यले नै भक्तपुरमा विद्यालय स्थापना गरेको बताउनुभएको छ ।

बाल विकास सेकेण्डरी स्कूलको चैत्र २६ गते आयोजित ३१ औँ वार्षिकोत्सव तथा सांस्कृतिक कार्यक्रमको उद्घाटन गर्नुहुँदै अध्यक्ष रोहितले देश र जनताको विरोध गरेर समाज भड्काउने अभिभावकका सन्तानले अरूका छोराछोरीलाई बिगार्न हुँदा त्यस्ता अभिभावकका छोराछोरीलाई भर्ना लिंदा विशेष ध्यान दिनुपर्छ भन्नुभयो । उहाँले विद्यालयबाट प्रकाशित स्मारिका पनि विमोचन गर्नुभएको थियो ।




'महँगो स्कूलमा पढाउने ढँटुवा अभिभावकहरूबाट पनि विद्यालय जोगिनुपर्छ', उहाँले भन्नुभयो ।

अभिभावकले आफ्ना सन्तानहरूको अगाडि शिष्ट र नम्र व्यवहार गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले भन्नुभयो, 'बच्चाहरूले आफूले सिकेको बोली वचन अरू साथीहरूसमक्ष राख्ने हुँदा अभिभावकहरूले बच्चाहरूको अगाडि मनपरी गाली गर्नुहुँदैन ।'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षाको माध्यमबाट समाज परिवर्तन गर्ने उद्देश्यले खोलेको बाल विकास स्कूल देशकै एउटा राम्रो विद्यालय भएको बताउनुभयो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिभावान नागरिक तयार गरेर विद्यालयले समाजमा महत्त्वपूर्ण योगदान गर्ने चर्चा गर्नुहुँदै उहाँले भनपाले नयाँ पुस्तालाई सुसूचित पार्न साहित्य, सामाजिक र राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तित्वहरूको चिनारी दिन पाठ्यक्रमको तयारी गरिरहेको बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले सामूहिक प्रयास र समुदायको सहयोगले विद्यालय निरन्तर प्रगतिको बाटोमा लम्किरहेको उल्लेख गर्नुहुँदै विद्यालयले समाजको सेवा गर्ने र एक्काइसौँ शताब्दी सुहाउँदो गुणस्तरीय शिक्षा दिएर योग्य र दक्ष नागरिक तयार गर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक संघका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले स्वतः अवकासको नाउँमा हजारौँ शिक्षकहरूलाई विस्थापित गरेर र स्थायी शिक्षक नियुक्ति नगरी सरकारले सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई डावाँडोल बनाउन लागिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

सार्वजनिक शैक्षिक गुठी पनि सामुदायिक विद्यालय हुँदा सरकारी शिक्षक खटाएर पठनपाठन गराए अभिभावकमा आर्थिक भार न्यून हुने उल्लेख गर्नुहुँदै उहाँले बाल विकास सेकेण्डरी स्कूल अनुशासित र योग्य नागरिक तयार गर्ने देशको नमुना विद्यालय हो भन्नुभयो ।

इसानका केन्द्रीय कोषाध्यक्ष उकेश कवांले विद्यार्थीहरूको विदेश पलायनले देशको शिक्षा नीति गलत भएको पुष्टि गरेको बताउनुभयो ।

इसानले व्यवहारिक शिक्षासँगै तालिम र अतिरिक्त क्रियाकलाप गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले विद्यालय राम्रो भए समाज पनि राम्रो हुने र विकासमा टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिले कामदार जनता र पछाडि परेका जनताका छोराछोरीलाई शिक्षा दिने उद्देश्यले विद्यालय स्थापना भएको चर्चा गर्नुहुँदै भन्नुभयो, 'सुन्दर र सुसंस्कृत समाज निर्माण गर्नेबाहेक विद्यालयको कुनै स्वार्थ छैन, जनताका विद्यालयले समाजमा उज्यालो छर्ने र सही ज्ञान दिने काम गर्छ ।'

कार्यक्रममा लगातार १० वर्ष सेवा गरेका शिक्षक, कर्मचारी, वर्षका उत्कृष्ट शिक्षक तथा २०७५ मा विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो ।

उद्घाटनपछि सांस्कृतिक कार्यक्रम देखाइएको थियो ।

सोही कार्यक्रममा समाजसेवी एवम् शिक्षासेवी गोपीकृष्ण प्रजापतिका पुत्र दीपक प्रजापतिले छात्रवृत्ति कोषका लागि रु. २ लाखको चेक प्रिन्सिपल सुरेन्द्रराज गोसाईलाई हस्तान्तरण गर्नुभएको थियो ।

भूकम्प इन्जीनियरिङ र विपद्पछिको पुनर्निर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनका केही झलक










भक्तपुर नपाद्वारा आयोजित उत्कृष्ट खेलाडी सम्मान तथा विद्यालयस्तरीय मार्चपास प्रतियोगिताका केही झलक










भक्तपुर नपाद्वारा आयोजित रानीपोखरीको सरसफाइका केही झलक (वैशाख १५ गते)









# भक्तपुर नगरका विभिन्न स्थानका निर्माण सम्पन्न केही सम्पदाहरू


लिस्वको घरमुनिको पाटी


क्वाछेंको भीमसेन पाटी


नासः धौ फल्चा (नित्यनाथ पाटी)


लघु पाटी


ब्यासी पाटी


वालाखु मन्दिर सँगैको पाटी

### वागीश्वरीमा अनुसन्धानसम्बन्धी ३ दिने तालिम

# अनुसन्धानको विषय कामदार जनताको हितमा हुनुपर्ने

वागीश्वरी कलेजको आयोजनामा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ३ दिने Research Based Writing and Publication तालिमको उद्घाटन प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें चैत २४ गते गर्नुभयो।




प्रमुख अतिथि बिजुक्छेंले सारा विश्वका जनताको सेवा गरेका चिन्तकहरूले गरेका विभिन्न अनुसन्धानको बारेमा बताउनुहुँदै शिक्षकहरूले आफ्नो अनुसन्धानको विषय व्यापक कामदार जनताको हितमा हुनु आवश्यक छ भन्नुभयो।

कम्युनिष्ट घोषणापत्रको एउटा वाक्यमा पनि अनेकौं किताब प्रकाशित भएको दृष्टान्त प्रस्तुत गर्नुहुँदै उहाँले अन्तर्राष्ट्रिय राजनीतिक आन्दोलन विभिन्न विद्वानहरूले गरेको अनुसन्धानको परिणाम हो भन्नुभयो।

विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टीको आत्मनिर्भरताको सिद्धान्तबारे बताउनुहुँदै वागीश्वरीले कहिले पनि पैसाको निम्ति काम नगर्ने बताउनुभयो।

देशकै जेठो त्रिभुवन विश्वविद्यालयले अनुसन्धानमा कम बजेट विनियोजन गरेकोमा असन्तुष्टि व्यक्त गर्नुहुँदै देश र देशवासीको भविष्यबारे चिन्तकहरू उत्पादन गर्ने शैक्षिक संस्था विश्व बैंक तथा एशियाली विकास बैंकलगायतका साम्राज्यवादी हतियारहरूको पछि दौडिनु गलत छ भन्नुभयो।

पैसाको लागि तालिममा सहभागी हुने शिक्षकहरूको उदाहरण दिनुहुँदै उहाँले तालिममा सहभागी शिक्षकहरूले २१ औं शताब्दीको लागि योग्य अर्थात् अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी उत्पादनमा ध्यान दिनुपर्छ भन्नुभयो।

कार्यक्रमका सभापति वागीश्वरी अनुसन्धान व्यवस्थापन विभाग (RMC) का संयोजक प्रा.डा. सिद्धिवीर कर्माचार्यको सभापतित्वमा भएको कार्यक्रममा कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छा, वागीश्वरी माविका सहायक प्रअ ज्ञानसागर प्रजापति, शिक्षक राजन चौगुठीलगायतले बोल्नुभएको थियो।

# वागीश्वरी कलेजमा अनुसन्धान लेखन र प्रकाशनसम्बन्धी तालिम सम्पन्न

वागीश्वरी कलेजको आयोजनामा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको अनुसन्धान लेखन र प्रकाशनसम्बन्धी तीन दिने तालिम चैत २८ गते समापन भएको छ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले कुनै पनि नीति तथा योजना बनाउन अनुसन्धान अत्यावश्यक हुने बताउनुभयो।

'संविधान बनाउँदा विभिन्न देशमा लागू गरेको संघीयता राम्रोसँग अध्ययन गरेको भए नेपालको संघीयता अहिलेको जस्तो डामाडोल हुने थिएन,' उहाँले भन्नुभयो।

सरकार चलाउने दलले अनुसन्धानलाई प्राथमिकता नदिएको स्पष्ट पार्दै उहाँले तालिमबाट प्राप्त ज्ञानलाई समाजको हितमा प्रयोग गर्न शिक्षकहरूलाई सुझाव दिनुभयो।

भक्तपुर नगरपालिकाले नगरका सम्पूर्ण विद्यालयलाई नमुना बनाउन शिक्षकहरूलाई तालिम, अनुसन्धानलाई प्राथमिकता र शिक्षामा बजेट बढाएको उहाँले जानकारी दिनुभयो।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाले अनुसन्धानमूलक लेख प्रकाशन गर्न धेरै मिहिनेत गर्नुपर्ने आवश्यकता औंल्याउँदै देश र समाजको

# 'शिक्षकले समाज रूपान्तरणको निम्ति आधार तयार गर्छ'– का.रोहित

वागीश्वरी माध्यमिक विद्यालयको हीरक वर्ष तथा वागीश्वरी कलेजको ११ औं वार्षिक उत्सवको अवसरमा प्रशिक्षण तथा धन्यवाद ज्ञापन कार्यक्रम चैत्र २३ गते सिन्धुपाल्चोकको चौतारामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले २१ औँ शताब्दीमा प्रतिस्पर्धी हुनसक्ने विद्यार्थी तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।



भक्तपुरलाई देशकै शैक्षिक गन्तव्य केन्द्रका रूपमा परीक्षण गरिरहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई कोर्षमा भए पनि नभए पनि देशको समसामयिक विषयहरूमा शिक्षकहरूले बताउनुपर्छ भन्नुभयो ।

व्यापारी र शिक्षकबीच भिन्नता देखाउनुहुँदै उहाँले व्यापारीले पैसालाई महत्त्व दिन्छ भने शिक्षकले समाज रूपान्तरणको निम्ति आधार तयार गर्ने बताउनुभयो ।

अध्यक्ष रोहितले समसामयिक विषयको चर्चा गर्नुहुँदै देशका मुख्य पदहरू भीसी, राजदूतहरू सबैमा भागवण्डाको राजनीतिले गर्दा देश बर्बादीतर्फ गइरहेको बताउनुभयो । उहाँले प्रतिपक्ष नै भागवण्डामा पर्दा छायाँ सरकारले गर्नुपर्ने कर्तव्य पूरा गर्न नसकेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले अरूले सोच्दै नसोचेको काम भक्तपुरले गरेको र सामुदायिक विद्यालयमा वागीश्वरी अगाडि बढिरहेको र सिङ्गो समाजलाई शिक्षाले परिवर्तन गर्न खोजेको बताउनुभयो ।

उहाँले सरकारी, सहकारी र निजीक्षेत्र तीन खम्बे नीतिमा विदेशी प्रभाव परेकोले देश सङ्कटमा गइरहेको बताउनुभयो । लगानी सम्मेलनमा सरकारले खर्बौं विदेशी लगानी भित्र्याउन खोजिएको प्रति सङ्केत गर्दै उहाँले सरकारले धेरै विधेयक विदेशीको लागि पारित गरिरहेको बताउनुभयो । नेपाली लगानीकर्तालाई विदेशीलाई जति सेवा सुविधा दिने हो भने धेरै हदसम्म समस्या समाधान हुने स्पष्ट पार्नुभयो ।

अतिथि प्रदेशसभाका सांसद सुरेन्द्रराज गोसाईले शोषित पीडित जनताका छोराछोरीहरू शासक वर्गमा पुऱ्याउने नेमकिपाको सोचअनुसार नै वागीश्वरीले काम गरेको बताउनुभयो । उहाँले आमूल परिवर्तन हाम्रो गन्तव्य हो, त्यसलाई पूरा गर्न वागीश्वरी लागिरहेको बताउनुभयो ।

अतिथि प्रदेश नं. ३ का सांसद सृजना सैंजूले विदेशी लगानीले नेपालको प्राकृतिक स्रोत–साधन कब्जा गर्ने स्पष्ट पार्नुहुँदै उहाँले सरकारले विदेशीको लगानीबाट समृद्धि आउने बाल रहर पालेको छ भन्नुभयो । धमिराले रूखलाई खोक्रो पारेजस्तै भ्रष्टाचारले देशलाई खोक्रो बनाइरहेको दृष्टान्त दिनुहुँदै उहाँले ९७ प्रतिशत पूरा भएको मेलम्ची खानेपानी आयोजना बीचमा रोकिएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वको सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा, सहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापति, शिक्षक राजन लाखालगायतले बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यालय तथा कलेजमा कार्यरत सम्पूर्ण शिक्षक, शिक्षिका, कर्मचारीहरूलाई धन्यवाद स्वरूप मायाको चिनो प्रदान गर्नुभएको थियो ।

---

विकासमा अनुसन्धानले टेवा पुऱ्याउने आशा व्यक्त गर्नुभयो ।

वागीश्वरी माविका सहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापतिले वागीश्वरी कलेजले अनुसन्धानको क्षेत्रमा पाइला चालेको जानकारी दिनुभयो ।

वागीश्वरी अनुसन्धान विभागका संयोजक प्रा.डा. सिद्धिवीर कर्माचार्यको सभापतित्वमा भएको कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि कृष्णहरि प्रजापति, वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, स्रोतव्यक्ति डा. बलराम दुवाल, सहभागी प्रतिनिधिहरू रामेश्वरी बखुन्छें, बलराम गुभाजु, चन्द्रप्रसाद ढकालगायतले बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले सहभागी तथा सहयोगीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# 'राम्रो शिक्षकबाट मात्रै योग्य विद्यार्थी उत्पादन हुन्छ'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निजी र सामुदायिक विद्यालयबीचको भेद हटाउन र विद्यार्थीलाई समान शिक्षा दिन भक्तपुर नगरपालिकाले शिक्षक-शिक्षिकाहरूलाई विषयगत तालिम सञ्चालन र विद्यार्थी



केन्द्रित प्रतियोगिताहरू आयोजना गरिरहेको बताउनुभयो।

शान्ति निकेतन माध्यमिक विद्यालयको ४९ औं वार्षिकोत्सव कार्यक्रमको चैत २४ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले सामुदायिक विद्यालयको स्तरोन्नति भए त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूले गुणस्तरीय शिक्षा प्राप्त गर्ने बताउनुभयो। योग्य शिक्षकबाट योग्य विद्यार्थी उत्पादनमा सहयोग पुग्ने बताउनुहुँदै उहाँले विद्यार्थीलाई सही राजनीति गर्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो।

ख्वप विश्वविद्यालय स्थापना गरी कम शुल्कमा उच्च शिक्षा प्रदान गर्ने र श्रमसँग जोडिएको शिक्षा दिई योग्य नागरिक तयार गर्ने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले हातमा सीप हुने मानिसले कहिल्यै भोको बस्न नपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार चवालले विद्यालयले योजनाबद्ध रूपमा विद्यार्थीको सर्वाङ्गीण विकासमा भूमिका निर्वाह गर्दै आएको बताउनुहुँदै विद्यालयका सबल पक्षहरूलाई निरन्तरता दिँदै थप उपलब्धीका लागि आवश्यक व्यवस्थापन गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

शान्ति निकेतन माविका प्रधानाध्यापक महेन्द्रगोपाल कर्माचार्यले विद्यालयको मूल उद्देश्य विद्यार्थीलाई सक्षम, सुयोग्य र असल नागरिक बनाउनु हो भन्नुहुँदै सरसफाइ कार्यक्रम तथा चेतनामूलक र्‍यालीहरूमा विद्यार्थीलाई सहभागी गराउँदै समाज सेवामा अग्रसर हुन प्रेरित गर्ने कार्यहरू गरिरहेको बताउनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य मीनालक्ष्मी प्रजापति र निवर्तमान अध्यक्ष पवनकुमार बल्लले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले 'शान्ति निकेतन' बुलेटिनको विमोचन गर्नुका साथै विद्यालयका उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान पत्र प्रदान गर्नुभएको थियो।

# 'शिक्षा व्यवस्था राम्रो भएको देशको विकास पनि छिटो हुने'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा देशकै सबभन्दा राम्रो शिक्षा दिई समाजलाई व्यवस्थित ढंगले अगाडि बढाउने विचार व्यक्त गर्नुभयो।

साइनिङ्ग स्टुडेन्टस्स एकेडेमीको वार्षिक कार्यक्रम अन्तर्गत 'The Shining Hero of the Year 2075' को पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमको चैत २६ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई विभिन्न देशको भाषा सिक्न र तालिमहरू प्राप्त गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो। उहाँले विद्यार्थीहरूको चाहना र इच्छाबमोजिम आफूले रोजेको विषय अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले जुन देशको शिक्षा व्यवस्था राम्रो हुन्छ त्यो देश तुलनात्मक रूपमा अगाडि बढ्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षालाई विकासको आधार मानेको



बताउनुभयो।

नगरपालिकाले स्थानीय सरकार सञ्चालन

# व्यक्तिलाई भन्दा समाजलाई अगाडि बढाउनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीलाई किताबी ज्ञान सँगसँगै देशको भूगोल, कला-संस्कृति, इतिहास र राजनीतिक ज्ञान पनि दिनु आवश्यक भएको बताउनुहुँदै विद्यालयहरूले व्यक्तिलाई भन्दा पनि सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने र समाजलाई अगाडि बढाउने उद्देश्यले अगाडि बढ्नुपर्ने विचार राख्नुभयो।




चैत २५ गते सम्पन्न समाज सुधार माध्यमिक विद्यालयको ४८ औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले सामुदायिक विद्यालयहरूले समयअनुसार शैक्षिक स्तर वृद्धि गर्नुपर्ने र विद्यालयको भौतिक पूर्वाधार निर्माणका साथै योग्य विद्यार्थी उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो- 'भक्तपुर नगरपालिकाले न्यून ब्याजदरमा रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था र इतिहास, भूगोल, राजनीतिशास्त्रलगायत विषयमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको पनि व्यवस्था गरेको छ।'

प्रदेश नं. ३ का प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले सार्वजनिक विद्यालयहरूले शैक्षिक गुणस्तर, विद्यार्थीको सैद्धान्तिक स्तर र व्यक्तित्व विकास गर्न शिक्षक-शिक्षिकाहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले घोकन्ते शिक्षाले विद्यार्थीको प्रगति नहुने बताउनुहुँदै शिक्षा राम्रो भए समाजको विकास छिटो हुने बताउनुभयो। शिक्षा क्षेत्रमा भक्तपुर नगरपालिकाले उल्लेखनीय कार्यहरू गरिरहेको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नगरभित्रका विद्यालयका शिक्षक-शिक्षिकाहरूलाई विषयगत तालिमहरू सञ्चालन गरिरहेको जानकारी गराउनुभयो।

कार्यक्रममा सेवा निवृत्त शिक्षक राम प्रजापति र शिक्षक जगन्नाथ प्रजापतिले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

विद्यालयका प्रधानाध्यापक लक्ष्मीनारायण दुवालले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।



कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले समाज सुधार माविका सेवा निवृत्त शिक्षकद्वय राम प्रजापति र सुरेन्द्रमान वासिंछ्याकलाई दोसल्ला ओढाई सम्मान गर्नुका साथै एसईई परीक्षा २०७४ का उत्तीर्ण विद्यार्थीहरूलाई पदक वितरण गर्नुभएको थियो।

---

➲➲ऐन २०७४ लागु भएपछि भक्तपुर नगरभित्रका विद्यालयहरूमा कक्षा १ र ६ को स्थानीय पाठ्यक्रमको पढाई सुरु गरिसकेको, कक्षा २ र ७ को स्थानीय पाठ्यक्रम तयारीको अवस्थामा रहेको जानकारी दिनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले शिक्षा नाफामुखी नभई जनमुखी हुनुपर्नेमा जोड दिनुहुँदै नक्साबमोजिम घर बनाउन र समयमै कर तिर्न आह्वान गर्नुभयो। उहाँले विद्यार्थीलाई पढाईसँगसँगै अतिरिक्त क्रियाकलापमा संलग्न गराई नियमित स्वास्थ्य जाँच पनि गरिनु आवश्यक भएको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक रबिन छुस्याकीले विद्यार्थीको निगरानीमा अभिभावक सचेत हुनुपर्ने र विद्यालयले अनुशासन र सरसफाइमा विशेष जोड दिइरहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापति र अतिथिहरूले उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार र मायाको चिनो प्रदान गर्नुभएको थियो।

# चोछेँको मरुचा पाटी उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चैत १९ गते भनपा वडा नं. ६ चोछेँस्थित पुन:निर्मित मरुचा पाटी उद्घाटन गर्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विदेशी संघ–संस्थाको सहयोगको भरमा देशको दिगो विकास सम्भव नहुने बताउनुभयो ।

भक्तपुरका सांस्कृतिक सम्पदा संरक्षण कार्य अरु ठाउँको तुलनामा व्यवस्थित भएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरलाई सफा बनाउन नगरवासी सचेत हुनुपर्ने र नगरपालिकाको काममा रचनात्मक साथ र सहयोगको आवश्यकता औंल्याउनुभयो ।

भक्तपुरको ऐतिहासिक रानी पोखरी जीर्णोद्धार वा पुन:निर्माण गरी संरक्षण गर्नु भक्तपुर नपाले आफ्नो दायित्व ठानेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका थुप्रै मठ मन्दिरहरू मौलिक शैलीमै जीर्णोद्धार तथा पुन:निर्माण भइसकेको र कयौं सम्पदाहरू जीर्णोद्धार भइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले स्थानीय उपभोक्ता समिति र अमानतबाट हुने विकास निर्माण कम लागतमा गुणस्तरीय हुनुका साथै स्थानीयलाई रोजगारको अवसर सृजना हुने बताउनुभयो ।

उहाँले वडामा भइरहेका गतिविधिहरूबारे जानकारी दिनुहुँदै स्थानीय जात्रा सञ्चालनको लागि आर्थिक सहयोग पनि वडाले उपलब्ध गराउँदै आएको बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवालले सांस्कृतिक सम्पदाहरू हाम्रो पहिचान भएको हुँदा त्यसको संरक्षण गर्नुपर्ने र नगरभित्र उपभोक्ता समितिमार्फत् गुणस्तरीय ढुंगा छपाइका कार्यहरू अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा वडा सदस्यद्वय गोविन्द दुवाल र सिद्धिराम अवाल, स्थानीय शिक्षक गणेशराम सुवालले पनि बोल्नुभएको थियो ।

उपभोक्ता समितिका अध्यक्ष तुल्सीनारायण सुवालले मरुचा पाटी ६ सय वर्ष पुरानो देखिन आएको र टोलका




मूर्तिहरूको संरक्षण/सम्बर्द्धनमा सम्बन्धित निकायको ध्यान जान आवश्यक भएको बताउनुभयो । उहाँले पाटी पुन:निर्माणमा कूल लागत १७ लाख ६८ हजार ८ सय ६२ रहेको जानकारी दिनुभयो ।

Khwopa Circle
An Undertaking of Bhaktapur Municipality

# नेपालमा आएको पहिलो 'टोर्नाडो'

गएको चैत १७ गते आइतबार बेलुका ७–८ बजेतिर बारा र पर्सामा आएको भूमरीसहितको हावाहुरीले ठूलो क्षति पुऱ्याएको छ। बाराको फेटा, पर्सौनी, महागढीमाई र सुवर्ण गाउँपालिका र पर्साको वीरगञ्जमा ठूलो जनधन क्षति भएको छ। करिब आधाघण्टा चलेको हुरी, असिना, पानीले २८ जनाको ज्यान गएको छ भने पाँच सयभन्दा बढी घाइते भएका छन्। त्यस आधा घण्टामा घरको छाना उडाएको, पर्खाल भत्काएको र रुखहरू ढालेको थियो। भूमरीले भौतिक संरचना उखेल्ने, उडाउने र सोहोरेर लगेको थियो।

प्रभावित क्षेत्रका स्थानीयकाअनुसार पहिले हुरी आयो सँगै ठूलठूला असिना पऱ्यो। त्यतिञ्जेल खासै नोक्सान पारेको थिएन तर जसै मुसलधारे पानी र ठूलो आँधी एकसाथ चल्नथाल्यो त्यसले भयावह स्थिति सिर्जना गऱ्यो। त्यस आँधिको वेग १५० देखि २०० किमी प्रतिघण्टा हुन सक्ने अनुमान गरिएको छ।

त्यस भूमरी सहितको हावाहुरी 'टोर्नाडो' भएको जानकारी नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) का प्राज्ञ तथा मौसमविद् मदनलाल श्रेष्ठसहितको टोलीले गरेको प्रारम्भिक अध्ययन पश्चात दिएको छ। नेपालको इतिहासमै पहिलो पटक 'टोर्नाडो' आएको पुष्टि अध्ययनले गरेको छ।

जल तथा मौसम विज्ञान विभागका पूर्वमहानिर्देशकसमेत रहेका श्रेष्ठका अनुसार 'टोर्नाडो' आउँदा आकाशबाट बादलसहितको वायु सोली आकारमा धर्तीमा केन्द्रित हुन्छ, जहाँ छुन्छ त्यहाँ पुरै विनाश गर्छ। बाहिर बादलको घेरा र भित्र हावाको न्यूनचाप हुने हुँदा यसले छोएको हरेक भौतिक वस्तु उखेलिन्छन्।

अर्का मौसमविद् मीनकुमार अर्यालका अनुसार दुईतिरबाट आएको चिसो र तातो हावाका प्रणाली बाराको आकाशमाथि भेट हुँदा भूमरी चलेको हो।

'एकातिर भू–मध्य सागरबाट आएको पश्चिमी वायुको प्रणाली पोखरा हुँदै दक्षिणपूर्व गइहरेको थियो अर्कोतिर बंगालको खाडी र अरेबियन सागरबाट आएको प्रणाली भारतबाट उत्तरपूर्व गइरहेको थियो,' अर्यालले भने, 'यी दुई प्रणाली बाराको आकाशमा एकअर्कामा मर्ज हुँदा ठूलो भूमरी र हावाहुरी चल्यो।'

पश्चिमी वायुको प्रणाली जमिनको सतहदेखि तीन किलोमिटर माथिबाट बहन्छ। यो प्रणाली निकै चिसो हुन्छ। बंगालको खाडी र अरेबियन सागरबाट आउने प्रणाली जमिनबाट १ देखि डेढ किलोमिटर माथिबाट जान्छ। पर्याप्त जलवाष्पसहित आउने यो प्रणाली पश्चिमी वायुभन्दा तातो हुन्छ।

'आइतबार साँझ माथिबाट बेगमा गइरहेको चिसो



पहिलो 'टोर्नाडो' ले पुऱ्याएको क्षति

हावा तलबाट त्यसरी नै आएको तातो हावासँग ठोक्किँदा तल झऱ्यो। चिसो हावा तल झरेपछि खाली भएको माथिल्लो भागमा तातो हावा गयो। त्यही भूमरी बन्यो,' अर्यालले भने, 'प्रि–मनसुनमा यस्तो अन्त पनि हुन्छ। तर त्यहाँ दुइटा बलिया प्रणाली मिलेकाले हावाको गति निकै तीव्र भयो।'

उनका अनुसार हुरी चल्दा हावा प्रतिसेकेण्ड १८ मिटरको गतिमा बहन्छ। बारामा प्रतिसेकेन्ड ३५ मिटरको गतिमा हावा चलेको देखिन्छ।

यसको थप अध्ययन भइरहेको समाचार प्रकाशमा आएकोछ।

# भक्तपुर नपाको बजार अनुगमन

## दुधपाटी

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वको टोलीले दुधपाटीमा वैशाख १६ गते विभिन्न पसल अनुगमन गऱ्यो। पूर्व अनुगमनको परिणाम धेरै पसलहरू सुधार भएको पाईएको छ।

दर्ता नभएको पसलको स्थल मै दर्ता गराई पसलको बोर्ड राख्न, नविकरण नगरेकालाई नविकरण गर्न र लेबल नभएको सामान बेच बिखन नगर्न-नराख्न, विविध सामग्री सप्लार्यसमा दर्ता गरी रेष्टुरेटँ, मःमः पसल र फेन्सी पसल चलाइ राखेकोले छुट्टा छुट्टै दर्ता गर्न, दर्ता प्रमाणपत्र नभएका पसललाई दर्ता भए प्रमाणपत्र लिई नगरपालिकामा तीन दिन भित्र उपस्थित हुन र दर्ता नभए तीन दिनभित्र दर्ता गर्न निर्देशन दिएको छ।

त्यस्तै अन्य पसलमा भेटिएका म्याद नाघेको नेपाल आईस बियर फिर्ता गराउन, सरसफाइमा ध्यान दिन, र एक पसलमा म्याद नाघेको पेप्सी, बिस्कुट नष्ट गराइएको छ।

कबिन्द्र कोल्ड स्टोर, भाज्यापुखु कफि शप, हाम्रो स्टिक फुड, क्याफे फ्रेस्को रेष्टुरेटँ, भक्तपुर भान्छा घर, दक्षिण बाराही मःमः हाउस सफा सुग्घर र सुधार भई व्यवस्थित भएको वडा निरिक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक प्रेम सिंह कुवँर, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, उद्योग वाणिज्य संघका सञ्जय जोन्छेको सहभागीता थियो।

## कमलविनायक

भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य रोशन मैया सुवालको नेतृत्वको टोलीले कमलविनायकमा चैत २९ गते विभिन्न मिठाई पसलहरू अनुगमन गरियो।

अनुगमनमा लेबल नभएको र पुरानो विभिन्न मिठाई विग्रेको खाने तेल, खान अयोग्य हाईड्रो जफट गरी नष्ट गरियो भने मिठाई पसलको भान्छामा फोहोर देखिएकोले सरसफाइमा ध्यान दिन, लेबल नभएको सामान बिक्री वितरण नगर्न र तीन दिनभित्र नगरपालिकामा सम्पर्क गर्न निर्देशन दियो।

त्यस्तै मिठाईमा फुड कलर प्रतिकिलोग्राममा २०० मिलिग्राममात्र प्रयोग गर्न निर्देशन दियो।

त्यस्तै मःमः पसलमा सरसफाइमा ध्यान दिन, पेटीमा राखेको मःमः पकाउने चुल्हो तीन दिनभित्र हटाउन र मःमः पसल साधारण जलपानमा दर्ता गरेकोले मःमः पसल मै दर्ता गर्न निर्देशन दियो।

ढक तराजू नाप तौल विभागमा नविकरण गर्न अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजबहादुर डगौरा, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य अधिकृत ईश्वर सुवेदीलगायत सहभागी हुनुहुन्थ्यो।

## लिवाली

लिवालीमा भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वको टोलीले चैत २८ गते लिवालीमा खाद्य पसलहरू अनुगमन गर्दा भेटिएका म्याद नाघेका सामान जफत गरी नष्ट गरिएको छ।

अनुगमनमा लेबल नभएको सामान बेचविखन नगर्न र म्याद नाघेका विभिन्न सामानहरू पसलेलाई नै नष्ट गर्न निर्देशन दिई केही सामान जफत गरी नष्ट गरियो।

त्यस्तै ढक तराजु नापतौल विभागमा नविकरण गर्न, तीन दिन भित्र पसल नगरपालिकामा दर्ता गर्न, अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहन देवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजबहादुर डगौरा, राष्ट्रिय उपभोक्ता मञ्चका नारायण राजथला सहभागी हुनुहुन्थ्यो।

## महालक्ष्मी

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वको टोलीले कमलविनायक र सल्लाघारीमा खाद्य पसल र गोदाममा चैत्र १७ र १८ अनुगमन गर्दा म्याद नाघेको, विग्रेको र खान नहुने खाद्य सामानहरू ठूलै मात्रामा भेटिएको छ।

अनुगमनमा फेलापरेका ती सामान जफत गरी नष्ट गरियो भने म्याद नाघेको दालमोठ पसलेलाई नै नष्ट गर्न लगाइयो। त्यस्तै कमलविनायक मिनिस्टोरमा लेवल नभएको सामान हटाउन र पसल नवीकरण गर्न पटक पटक अनुगमनमा निर्देशन दिंदा पनि अटेर गरेकोले सोहि दिन नविकरण गराइयो। त्यस्तै अर्को एक गोदाममा सामानहरू व्यवस्थित राख्न, म्याद नाघेका सामानहरू अलग राख्न निर्देशन दिइयो।

त्यस्तै अर्को पसलमा भेटिएका म्याद नाघेका खाने तेल, सुजी जफत गरी नष्ट गरियो भने बिग्रेका थुप्रै सामानहरू, म्यान नाघेको सामानहरू छुट्याएर नष्ट गर्न साथै पसलमा सामान व्यवस्थित गरी राख्न, विग्रेको, मुसाले काटेको सामान बेचविखन नगर्न, मैदा र पिठो जमिन सतहभन्दा माथि व्यवस्थापन गर्न र नगरपालिकामा तीन दिनभित्र सम्पर्कमा आउन निर्देशन दिइएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशन मैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार ➲➲

# भैरवनाथको रथमा बेतः द्यःको नयाँ प्रतिमा



भक्तपुरको बिस्केट जात्रामा तानिने भैरवनाथको रथ (भैलखः) मा यो वर्ष बेतः द्यः (श्वेत भैरव) को नयाँ प्रतिमा राखिएको छ। भैरवनाथको रथको अग्रभागमा झण्डै ३३ वर्षपछि बेतःद्यः को नयाँ प्रतिमा राखिएको हो। भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित नारायणप्रसाद खाइतूले बेतःद्यःको नयाँ प्रतिमा तयारी गराउनु भएको हो। यसमा भक्तपुरका एकजना सिकर्मी, ठिमीका दुईजना मुकुट बनाउने कर्मी, पाटनका दुईजना धातु कलाकार र भक्तपुरका दुईजना बुट्टा कुँद्ने कलाकार संलग्न रहेको थिए। चैत २३ गते बेतः द्यःको नयाँ प्रतिमा विधिवत स्थापना गरियो।

पुर्ख्यौली घर भक्तपुर नपा वडा नं. ५ टौमढी भई हाल लिबालीमा बस्दै आएका ५० वर्षका नारायणप्रसाद खाइतूको परिवारले गएको पुस महिनामा नवदुर्गा गणका सबै सदस्यलाई तामाको घ्याम्पो चढाएको उनको परिवारले भैरवनाथ रथ गुठीका गुठीयारहरूको अनुरोधमा बेतः द्यःको नयाँ प्रतिमा पनि चढाउन लागेको हो।

बेतः द्यःको प्रतिमा बनाउन प्रयोग गरिने दुर्लभ ब्रह्मकाठ भक्तपुरको सोमला गल्लीस्थित अच्युत जोशीको आँगनबाट ल्याइएको हो। फागुन २३ गते औपचारिक पूजाआजासहित फागुन २५ गते ब्रह्मकाठको रुख काटी प्रतिमा बनाउन थालिएको थियो। ब्रह्मकाठलाई संस्कृतमा वरुण वृक्ष र नेपालभाषामा स्वामीमा भनिन्छ। विशेष प्रकारको सो काठमा बुट्टा कुँदी तामाको पाटाले मोडिएको छ। प्रतिमाको शिरमा अष्टधातु पगालेर बनाइएको बाक्लो धातुको पाटाले मोडेर सुनको जलप लगाएको छ।

खाइतूले बेतः द्यःको प्रतिमासँगै भैरवनाथको नित्य पूजाको लागि आवश्यक चाँदी र तामाका पूजाआजाका वस्तुसमेत प्रदान गरेका छन्। भैरवनाथको नित्य पूजाको लागि आवश्यक पर्ने ३१ तामाका भाँडाकुँडा र पूजाआजाका सामग्रीसहित २ किलो चाँदी बराबरको सामान पनि प्रदान गरेका छन्। यसअघि भैरवनाथको नित्यपूजामा प्रयोग गरिने अधिकांश भाँडाकुँडा माटाका भएको उनले बताए।

बेतः द्यःको पुरानो प्रतिमा बिस्केट जात्रामा भएका इँटा हानाहान र अबीरको रसायनले प्वाल पर्दा नयाँ प्रतिमा बनाउने दाताको खोजी भएको भैरवनाथ गुठीका गुठीयार कृष्णगोपाल नागाले बताए। यसअघि २०४२ सालमा भैरवनाथको रथ तान्दा बेतः द्यः को प्रतिमामा क्षति पुगेपछि नयाँ प्रतिमा प्रतिस्थापन गरिएको थियो।

---

सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक समशेरबहादुर श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, जिल्ला जनस्वास्थ्यका धनञ्जय आचार्य सहभागी हुनुहुन्थ्यो।

## देकोचा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा फागुन १३ गते देकोचामा एकतीस वटा पसल अनुगमन गरिएकोमा चौध वटा पसल दर्ता भएको र सत्र वटा पसल दर्ता नभएको पाइयो।

अनुगमनमा दर्ता नभएका पसलका धनीहरूलाई नियमानुसार दर्ता गर्न निर्देशन दिइयो।

त्यस्तै किराना पसल दर्ता गरी अर्कै पसल सञ्चालन गरेकोलाई दर्ता सच्चाउन म्याद नाघेका सामानहरू नष्ट गर्न जफत गरियो भने पसल सरसफाइ र सामानहरू व्यवस्थित गरी राख्न निर्देशन दियो।

एक उद्योगमा बासी खानेकुरा दुषित अखाद्य तेल जफत गरी नष्ट गरियो भने उद्योग तीन दिनभित्र दर्ता गर्न र फोहर भई दुर्गन्धित भएकोले सरसफाइमा ध्यान दिन निर्देशन दियो।

त्यस्तै एक पसलमा प्रमाणपत्र पसलमा राख्न, बाटो र पेटीमा पसलको सामान नराख्न, पसलमा सरसफाइ र सामान व्यवस्थित राख्न निर्देशन दियो।

अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशन मैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक शिवशरण लुबन्जार, जिल्ला प्रसाशन कार्यालय भक्तपुरका कर्णाखर आचार्य, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी हुनुहुन्थ्यो।

साभार

# समाजवादी मेयर



नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भक्तपुर नपाका मेयर हुन् सुनिल प्रजापति । उनले भक्तपुरलाई सफासुग्घर राख्दै मौलिक र सांस्कृतिकपन जोगाई राखेका छन् । त्योभन्दा धेरै नगरवासीको घरदैलोमै शिक्षा–स्वास्थ्य सेवा पुऱ्याएर खास अर्थमा समाजवादउन्मुख स्थानीय सरकार चलाइरहेका छन् ।

२०४४, २०४९ र ०५४ को स्थानीय निर्वाचनमा वडा–२ को वडाध्यक्षको अनुभव बटुलेका प्रजापतिले २०६४ को संविधानसभामा भक्तपुर–२ बाट सभासद् जितेका थिए । उनै पूर्वसांसद अहिले भक्तपुरलाई देशकै नमुना स्थानीय सरकार बनाउन लागिपरेका छन् । भक्तपुरका प्रत्येक वडावडामा स्वास्थ्य सुविधा पुऱ्याइएको छ । स्वास्थ्य स्वयंसेविका र स्टाफ नर्सहरू ज्येष्ठ नागरिक र गर्भवतीको स्वास्थ्य जाँचका लागि घरघरै पुग्ने गरेका छन् ।

नगरपालिकाले च्याम्हासिंह, भगवतीस्थान र व्यासीमा सञ्चालन गरेका स्वास्थ्य केन्द्रले राम्रो सेवा दिइरहेका छन् । ती केन्द्रमा १६ विशेषज्ञसहित ३० चिकित्सक कार्यरत छन् । स्वास्थ्य जाँचका क्रममा जुन समस्या धेरै देखिन्छ, त्यसैका विशेषज्ञसहित स्वास्थ्य शिविर चल्छ । महिलामा पाठेघरको समस्या देखिएपछि शिविर राखियो । नसर्ने रोग उच्च रक्तचाप, मृगौला र मधुमेहको शिविरपछि भर्खरै आँखा शिविर राखियो । १ साउन २०७४ देखि आयुर्वेदिक स्वास्थ्योपचार सेवासमेत सुरु गरिएको छ । नगरपालिका अहिले २५ शैय्याको ख्वपः अस्पताल निर्माणमा जुटेको छ ।

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, ०७४ लागू भएपछि कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम तयार पारेर पढाइ सुरु गरेको छ । पाठ्यक्रममा भक्तपुरको इतिहास, भूगोल, कला–संस्कृति, सम्पदा, खेलकुद विषय समेटिएका छन् । विद्यालयमा रञ्जना लिपि सिकाइँदैछ । कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्वयंले सञ्चालन गरी समयमै परीक्षाफल सार्वजनिक गऱ्यो । नगरवासीलाई शैक्षिक ऋणका लागि निर्देशिका बनेको छ । प्रत्येक वर्ष दुई विद्यार्थीलाई चिकित्साशास्त्र अध्ययनमा छात्रवृत्ति दिन थालिएको छ ।

नगरका सबै वडा र नगरपालिकाद्वारा सञ्चालित कलेजमा व्यायाम सामग्री वितरण गरी जडान गरिएको छ । त्यसैले हरेक बिहान भक्तपुरमा व्यायाम गर्ने लहर चलेको छ । ज्येष्ठ नागरिक, एकल महिला, अपांगताजस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडा जनप्रतिनिधि घरघरै पुग्छन् । कुहिने र नकुहिने फोहोर भिन्नभिन्न दिन संकलन गरिन्छ । कुहिने फोहोरबाट कम्पोस्ट मल बनाई बिक्री गर्ने गरिएको छ । त्यसले एकातर्फ व्यवस्थित रूपमा फोहोर व्यवस्थापन भएको छ भने अर्कोतर्फ खेतबारी मात्र मलिलो भएको छैन, कौसी र छतमा समेत तरकारी फलिरहेका छन् ।

पुरानो सांस्कृतिक नगर भक्तपुरले कला–संस्कृति र सम्पदा संरक्षणलाई विशेष महत्त्व दिएको छ । वर्षैभरि विभिन्न सांस्कृतिक गतिविधि भइरहने नगरमा संस्कृति र बाजा संरक्षणका लागि उल्लेख्य पहल भएका छन् । ०७२ को भूकम्पबाट क्षति पुगेका ८३ सम्पदाको जीर्णोद्धार तथा पुनर्निर्माण भइसकेको छ ।

लोभलाग्दो ढंगले सम्पदा पुनर्निर्माण भएको देखेका राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भक्तपुरका मेयर प्रजापतिलाई भेटेर रानीपोखरी पुनर्निर्माणमा सहयोग मागे । उनले दक्ष जनशक्ति पठाएर सघाउने प्रतिबद्धता जनाए । त्यसैअनुसार अहिले भक्तपुरका श्रमिकहरू रानीपोखरी पुनर्निर्माणको काम गरिरहेका छन् ।

*(नेपाल साप्ताहिक, चैत २७, २०७५)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भादगाउँले कालो टोपीको शान



ओम धौभडेल

नेपालको मौलिक पहिचानको रूपमा रहेको राष्ट्रिय पोशाकको एक अङ्गको रूपमा दौरा सुरुवालसँग टोपी देख्न सकिन्छ। टोपी एउटा त्यस्तो पोशाकको भाग हो जुन मान्छेको शरीरको सबैभन्दा माथि अर्थात शीरमा शोभायमान हुन्छ। विशेष गरी नेवार संस्कार तथा संस्कृतिमा त टोपीको महत्त्व यति छ कि कुन समयमा कहाँ कस्तो प्रकारको टोपी लगाउने भन्ने आदिको नियम कानुन नै छ। जव बालक अलि उमेर पुगे पछि ब्रतबन्ध गर्ने परम्परा छ। त्यस बखत बालकको टाउकाको बीचको केही रौं टुपी बाँकी राखी अरु सबै खौरिन्छ। यसरी ब्रतबन्धको समयमा केटा मान्छेले पहिलो पटक टोपी लगाउने अवसर पाएको हुन्छ। यस अर्थमा टोपी लगाएको ब्यक्ति वालिग भएको भन्ने बुझिन्छ। जिम्मेवारी पाएको हरेक ब्यक्ति राष्ट्र, समाज तथा परिवारको लागि अति आवश्यक मानिन्छ। धार्मिक एवम् सांस्कृतिक रूपले समेत टोपी लगाएको ब्यक्तिको स्थान सदैव महत्त्वपूर्ण हुन्छ। यस पश्चात कुनै पनि बिबाह, जन्को, जन्मदिन, भाइटिकालगायत अन्य पूजा आदि जस्ता शुभ कार्य गर्दा अनिवार्य रूपले टोपी लगाईन्छ। अनि जुठो पर्दा टोपी फुकालिन्छ। नेवार समाजमा मलामी जाँदा टोपी फुकालिन्छ। कसैको मृत्युको खबर सुन्नासाथ लगाई रहेको टोपी फुकाल्ने संस्कार छ। आफ्नै नजिकको ब्यक्तिको निधन भएमा सेतो कपडाको एकसरो टोपी वर्ष दिनसम्म लगाईन्छ। बर्खि फुकाउँदा ढाका टोपी सगुनको रूपमा दिने चलन छ।

टोपी हाम्रा पूर्खाहरूले कहिलेदेखि लगाउन जान्यो, यो महत्त्वपूर्ण कुरा होईन। तर अहिलेसम्म पनि हामीले टोपी लगाउँदै आएको छ, त्यो अत्यन्त महत्त्वपूर्ण छ। वर्तमान समयमा शीरमा कालो टोपी लगाएको ब्यक्ति नेपाली हो भनेर चिन्ने सबैभन्दा सजिलो माध्यम बनेको छ। जसरी नेपाल सगरमाथाले संसारभर प्रख्यात छ त्यसरी नै टोपीले नेपालीको पहिचान बनेको छ। जसरी नेपाल हिमाल पहाड डाडाँकाँडाले भरिएको छ। त्यसैलाई मध्य नजर गरी हरेक नेपालीले शीरमा ढल्केको टोपी लगाउँछ। मानौं हरेक नेपालीले आफ्नो शीरमा सगरमाथा बोकी हिंडेको छ। एक हिसावले हरेक नेपालीले लगाउने टोपीले नेपालको भौगोलिक धरातलको स्वरूप बताइरहेको हुन्छ।

टोपीले शरीरको सबैभन्दा महत्त्वपूर्ण भाग टाउकोलाई घाम पानी हावाहुरीले सुरक्षा दिने त छँदैछ। गर्मीमा घामबाट बचाउने काम टोपीले गर्छ त जाडोमा चिसोबाट जोगाउने काम पनि टोपीले गरेको हुन्छ। यस अर्थमा बाहिरी चोटपटक लाग्नबाट टोपीले जोगाउँछ।

हाम्रा आस्थाका देवदेवीले शीरमा मुकुट पहिरे जस्तै मान्छेको टाउकोमा टोपी भएपछि त्यसले छुट्टै महत्त्व राख्छ। यस्तो महत्त्वले भरिएको टोपीको वास्तविक इतिहास तथा वर्तमान अवस्थाबारे जानकारी राख्न आवश्यक हुन्छ। टोपी कसरी किन बन्यो। र यसको नामाकरण बारे थाहा पाउन भक्तपुर नै पुग्नुपर्छ। टोपी शब्द नै नेपालभाषाको टपुलीबाट आएको हो। अहिले पनि नेपाल भाषामा टोपीलाई टपुली नै भन्छ, टपुलीको खास अर्थ चाहीं छोप्ने भन्ने लाग्छ। अर्थात शरीरको सबैभन्दा माथिल्लो अङ्ग शीरलाई छोप्ने वस्तु भएकोले यसको नाम नै टपुली भयो। यही टपुलीबाट टोपी भयो। अब टोपीको इतिहास खोज्ने बखत जति हाम्रो पोशाक पुरानो छ, टोपी पनि त्यतिक्कै पुरानो छ भन्ने बुझ्नु पर्छ। अझ कुनै समय त कामकाजी यहाँका किसान वर्गले सुरुवालको सट्टा काँसचा लगाई त्यसमाथि दौरा र टोपी चाहिं अनिवार्य लगाएको हुन्थ्यो।

टोपीको कुरा आउनासाथ भक्तपुरको नाम त्यतिक्कै आईहाल्छ। भाँदगाँउले कालो टोपी त संसारमै प्रख्यात छ। भक्तपुर आफ्नै मौलिक कला, संस्कृति अनि सम्पदाले धनी छ। विश्व प्रसिद्ध ङेङापा झ्यः दरबार, ङातापोल, लुँध्वाकालगायतका सम्पदाहरूले भक्तपुर संसारभरि नामी छ। यहाँ मनाइने विश्वप्रसिद्ध बिस्का जात्रा अनि सापारुले भक्तपुर साँच्चिकै सांस्कृतिक राजधानी हो भन्ने बुझ्न सकिन्छ। त्यसैगरी भक्तपुरको नाम भाँदगाउले कालो टोपीले भक्तपुरको नाम अझ प्रख्यात भएको छ। त्यसो त एकताका भक्तपुरलाई खोपृङ, ख्वप भने झैं एकताका कान्तिपुरका राजा प्रतापमल्लले भक्तपुरलाई भक्तग्राम भनी हेलाको भाव प्रकट गरेको थियो। त्यही भक्तग्रामबाट पछि भादगाउँ हुनपुग्यो। यहाँ बन्ने टोपी

पनि त्यही भादगाउँले टोपीले चिनिन पुग्यो। कालो रंगको भादगाँउले टोपी बाहेक यहाँ ढाकाटोपी पनि तयार हुन्छ। जुन यहाँको धर्मसंस्कृतिमा ब्यापक उपयोग हुन्छ।

भक्तपुरका सात सयभन्दा बढी थरहरू उनीहरूले अपनाई आएको पेशालाई आधार बनाएर सिर्जना भएको छ। नेपालमा समय समयमा भएको जात वर्गीकरण मध्ये सबैभन्दा पछि जयस्थिति मल्लको पालामा आफूले गरी आएको पेशाअनुसार जात वर्गीकरण भएको इतिहास छ। यसमा टोपी बनाउने काम पनि एक परम्परागत पेशा हो। जुन तपुली का थानेगु (टोपीको लागि धागो बुन्ने) र तपुली सुयेगु (टोपी सिउने टोपी बनाउने) पेशासित सम्बन्धित काम हो। भक्तपुरमा टोपी बनाउने काम नगरको सूर्यमढी, गछें, भोलाछें, चोछें, नासमनालगायतका टोलहरूमा हुन्छ। यसमा श्रेष्ठ, देवप्रधान, चुल्याद्य, साखकर्मीहरूले टोपी बनाउने काम गरिआएको छ। साथै नगरको टौमढी, सुकुलढोका, नासमनालगायतका बजार क्षेत्रमा टोपी बेच्ने पसलहरू छन्। साथै विदेशीहरूको लागि दरबार क्षेत्र, टौमढी, तालाक्व, घटखा, इच्छु जस्ता ठाँउमा खोलेका पर्यटक पसलहरूमा टोपी पाईन्छ। यसबाहेक काठमाण्डौ पाटनदेखि नेपालभर र नेपाल बाहिर अचेल दार्जिलिङ्, सिक्किमसम्म पनि भक्तपुरबाट टोपी निर्यात हुँदै आएको छ।

कुनैपनि औपचारिक कार्यक्रम होस् वा सार्वजनिक तथा सामाजिक क्रियाकलापमा टोपी लगाएका ब्यक्तिको ब्यक्तित्व नै फरक हुन्छ। टोपी शालिनताको परिचय हो। अझ नेपालीको लागि त राष्ट्रिय गौरवको विषय हो। यसकारण अचेल बजारमा टोपीको माग बढेको छ। विशेषगरी युवा वर्गलाई कुनै पनि औपचारिक कार्यक्रम, बिबाह, ब्रतबन्ध जस्ता भोज तथा जन्ति आदिमा दौरा सुरुवालमा सजिएर जाने एउटा समयको माग नै बनेको छ। युवाहरूले परम्परागत टोपी लगाउँदा जुन रौनकता छाएको हुन्छ, त्यो अरु पोशाकमा पाइँदैन। यसले भक्तपुरको टोपी व्यवसाय अरु बढी फस्टाएको अवस्था छ। दौरा सुरुवाल र त्यसमाथि भादगाउँले टोपी लगाएको ब्यक्ति सबैको नजरमा परेको हुन्छ। टोपीको यतिविधी महत्त्व भएको कारण एकताका त नेपालको राष्ट्रिय मुद्रामा समेत भाँदगाउले टोपीले स्थान पाएको थियो। राजा त्रिभुवनको भादगाउँले टोपी लगाएको पचास पैसाको मुद्रा अचेल दूर्लभ छ। यसपछिको नेपाली राष्ट्रिय मुद्राहरू विशेष गरी कागजी नोटमा टोपी देख्न सकिन्छ। अहिले पनि राष्ट्रसेवक कर्मचारीहरूको शीरमा टोपी देख्न सकिन्छ। कुनै समय त देशकै मुख्य प्रशासनिक केन्द्र सिंहदरबार पस्न अनिवार्य रूपमा भादगाउँले टोपी लगाउनै पर्थ्यो। यो चलन अझै पनि सरकारी कार्यालयहरूमा लागू गर्न सकिन्छ। यो चलन उच्चपदका कर्मचारी मात्र नभई सबै तहतप्काका कर्मचारीहरूले टोपी लगाउनु पर्ने चलन विकास गर्न सके अझ टोपीको महत्त्व बढ्छ। शाही सेनामा भादगाउँले कालो टोपी त अनिवार्य नै छ। देशको विद्यालयतहदेखि नै पुरुष विद्यार्थीको लागि टोपी अनिवार्य गर्न सके टोपीको महत्त्व अझ शीखरमा पुग्छ।

तर बजारमा मूल्यमा सस्तो टोपीहरू छ्यापछ्याप्ति आउँदा गुणस्तरीय टोपी पाउन छाडेको छ। यसले भक्तपुरको टोपीको साख गिर्दैछ। बजारबाट सस्तो मूल्यमा ल्याएको टोपी एकपटक लगाएर पछि धुन्दा त लगाउनै नमिल्ने भएछ। कालो रंग नै उडेर फुस्रो हुने, टक्क नमिल्ने आदि कारणले पुरानो टोपी प्रयोग गर्न नहुने हुनु वास्तवमा भक्तपुरमा बन्ने टोपीको लक्षण होईन। त्यही भएर सबैजना टोपी सक्कली नै होस् भन्ने चाहन्छन्। कुनै समय भक्तपुरको कालो टोपीमा पानी थापी खान मिल्छ भन्ने धारणा छ। त्यस्तै ढाका टोपीको सन्दर्भमा पनि बजारमा जस्तो पायो त्यस्तो ढाका टोपीले बजार नै बिग्रन थाले पछि सबैको चासो सक्कली ढाकामा अडेको हुन्छ। यी सबै कमी कमजोरीहरूलाई केलाई परम्परागत ढंगले पुरानै सीप र प्रविधि अपनाई भक्तपुरको टोपीको शान जोगाउनु आजको आवश्यकता भएको छ।

यति धेरै महत्त्वले भरिएको भक्तपुरको भादगाउँले टोपीको अस्तित्व बचाउनु हामी सबैको कर्तब्य हो। टोपीले हाम्रो शान, मान तथा प्रतिष्ठा नै उँच्चो रहने यथार्थलाई बुझी टोपीलाई सम्मान गर्न सिकौं। के बालक, के युवा, के बृद्ध, सबैको शिरमा टोपी भए हाम्रो राष्ट्रिय गौरव सदैव कायम हुनेमा दुईमत छैन।


के गर्दैछ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# भागिराम कायस्थ : भक्तपुर दरबारका चर्चित व्यक्ति



डा. वीरेन्द्रप्रसाद कायस्थ

राजा जितामित्र मल्ल जगतप्रकाश मल्लका छोरा थिए। १७२९ मार्ग २९ गते यिनी भक्तपुरको राजगद्दीमा बसे। जगतप्रकाश मल्ल ३४ वर्षको उमेरमा विफर रोगबाट मृत्यु भएको भनी इतिहासमा वर्णन गरेको पाइन्छ। जितामित्र मल्ल इतिहासमा सुमति राजाको रूपमा प्रख्यात छन्।

राजा जितामित्र मल्ल गद्दीमा बस्दा ललितपुर तथा कान्तिपुरमा श्रीनिवास मल्ल र प्रताप मल्ल जस्ता प्रभावशाली राजाहरूले शासन गरेका थिए। राजा जगतप्रकाश मल्लको शासन कालमा यी दुवै राजाहरूसँग टक्कर परिरहन्थ्यो तर जितामित्रको पालामा, यी दुवै राजाहरूसँग टक्कर परेन। त्यसबेला भागिराम कायस्थ भक्तपुरको प्रधानमन्त्री थिए। भागिराम कायस्थको बहुचर्चित नाम भाजु कस हो। त्यसबेला दरबारिया भारदारलाई भारो वा भाजु भन्ने गर्दथे। दरबारिया भारदार 'कस' प्रधानमन्त्री बनेकोले भाजु कस भनेको हो। उनी शारीरिक, मानसिक र बौद्धिक शक्तिमा अद्वितीय थिए। उनको राजभक्ति, देश भक्ति र अति बफादारीको कारण नै राजा जितामित्र मल्लले आफ्नो प्रधानमन्त्री बनाएका थिए।

हुन त कायस्थहरू नान्यदेवको पालादेखि नै सिम्रौनगढमा भारदार थिए। राजा हरिसिंह देवको मन्त्री चण्डेश्वर कायस्थ हुन्। विक्रम सम्बत् १३७१ मा पशुपतिनाथलाई आफ्नै हातले छोएर पूजा गरेको तथा बागमतीको तीरमा तुलादान गरेको वर्णन इतिहासमा पाइन्छ। पूजारी बाहेक कसैले पनि छुन नपाउने पशुपतिनाथलाई मन्त्री चण्डेश्वर कायस्थले आफ्नै हातले छोएर पूजा गरे भन्नु निकै महत्त्वपूर्ण कुरा हो वा सिम्रौनगढको प्रभाव हो। विक्रम सम्वत् १३८२ सालमा हरिसिंह देवकी रानी देवलदेवीका साथ उनी भक्तपुर भित्रिएका थिए।

राजा जितामित्र मल्लले वि.सं. १७३१ सालमा भागिराम कायस्थलाई प्रधामन्त्री नियुक्त गरेका थिए। त्यसभन्दा पहिले १७२९ तिर भाजु देवराम कस प्रधानमन्त्री थिए। भागिराम कायस्थ प्रधानमन्त्री बनेका बेलामा भक्तपुरको निकै उन्नति भएको थियो र त्यसबेला भक्तपुर राज्यमा शान्तिकायम नै थियो। राजा जितामित्रले भागिराम कस (कायस्थ) जस्ता राष्ट्र भक्त, राजभक्त र अति बफादार व्यक्ति राज्यको मुख्य पदमा राख्नाले, कान्तिपुर राज्यले भक्तपुर राज्यलाई आफ्नो कब्जामा राख्न सकेन। जसले गर्दा कान्तिपुरका प्रधानमन्त्री लक्ष्मीनारायण जोशीले भागिराम कसलाई पदच्यूत गर्न धेरै षडयन्त्र रचे। जुन षडयन्त्रले गर्दा भागिराम केही समयको लागि भूमिगत हुनु परेको थियो। पछि लक्ष्मीनारायण जोशीको पतनपछि भागिराम कस पुनः दरबारमा शक्तिशाली बन्न पुगे।

भागिराम कस सकारात्मक विचारका कुवेर थिए। उनी राजनीति र कुटनीति शास्त्रले चुलिएको जुनसुकै पहाड बोक्न सक्ने हनुमान थिए। तिनै हनुमानको परार्मशअनुसार राजाले सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा विभिन्न अद्वितीय सुधारहरू गरेका थिए। राजनैतिक सुधारअनुसार नियुक्त गरेका काजीहरू मार्फत सेरोफेरोका रजौता, द्वारे जस्ता सामन्तहरूलाई वशमा पारी मैत्री सम्बन्ध बढाएर आफूभन्दा शक्तिशाली राज्यबाट हुने खतरालाई न्यून पारेका थिए।

भागिराम कस सुधारवादी विचारको अति प्रभावशाली सुयोग्य व्यक्ति थिए। उनले गरेको सामाजिक आर्थिक, सुधारअनुसार कृषि प्रधान देश भएकोले खेतिपाती गर्न सिचाइको व्यवस्था गरे, पिउने पानीको लागि ढुंगेधारा, कुवा, इनार ठाउँ ठाउँमा बनाए, भर्वाचो र नःपुखु ढोकादेखि पूर्व दत्तात्रयसम्म ढुंगा बिछ्याए, पक्की सडक निर्माण गरे, देव मन्दिर, पाटी पौवा आदि बनाए, तःपुखु मर्मत गरेका आदि सुधारका विभिन्न उल्लेखनीय कार्य गरेकाले राजा जितामित्र मल्लले भागिराम कसलाई विशेष महत्त्व दिएको कुरा विभिन्न अभिलेखबाट बुझ्न सकिन्छ। वि.सं. १७३५ को खौमा टोलको अभिलेखमा त यस्तो समेत उल्लेख छन्– सुमती जितामित्र मल्ल ठूला हुनुहुन्छ। त्यसपछि बुद्धिमान असल मन्त्री भाजुराम कस ठूला छन्। यसरी भाजु राम कसको निकै महत्त्व राजा जितामित्र मल्लको पालामा थियो।

भक्तपुर दरबारमा प्रधानमन्त्री भई राजालाई राजकाजमा सघाई ख्याति कमाउने व्यक्ति भाजु कस हुन्। कला, संस्कृति, भाषा, साहित्यप्रेमी, राजा जितामित्र मल्लबाट अत्यधिक प्रभावित भएर उनले जुन कीर्ति राखे त्यो चुनौतिपूर्ण मात्र नभई, नेपालकै इतिहासमा अग्रपंक्तिमा आउँछ। राजाको अगाडि एकजना भारदारले 'कीर्ति' राख्नु 'भाजु कस' को कौशल देखिन्छ। उनको कीर्ति यसप्रकार छन्–

विक्रम सम्बत १७३७ मा भक्तपुरबाट चाँगु जाने कासन पुल बनाउन लगाएका थिए। जुन पुलले भक्तपुरवासीहरूलाई चाँगुनारायणको दर्शन गर्न सजिलो बनाएको थियो। त्यही वर्ष चाँगुनारायणमा सुनको श्रीवत्स यन्त्रसमेत अर्पण गरेको कुरा त्यहाँको अभिलेखमा उल्लेख छ। राजा नरेन्द्र मल्लको समय देखि चाँगुमा कान्तिपुरको अधिपत्य रहँदै आएको अवस्थामा चाँगुमा सो कीर्ति राख्न सक्नु 'भाजु कस' को ठूलो कुटनीतिक विजय हो। वि.सं.

१७०६ पश्चात भक्तपुरका राजा तथा भारदारहरूले चाँगुमा कुनै पनि कीर्ति राख्न नसकेको अवस्थामा 'भाजु कसले' कुटनीतिक तरिकाबाट मैत्री सम्बन्ध बढाएर कीर्ति स्थापना गर्नु भक्तपुरको कुटनैतिक विजय मान्न सकिन्छ ।



कुण्डली चित्र

विक्रम सम्बत १७३१ सालमा जितामित्र मल्लको प्रथम पुत्र भूपतीद्र मल्लको जन्म भयो । उनको कुण्डली यसप्रकार छन्– वि.सं. १७३१ कार्तिक शुक्ल षष्ठी ५४ पूर्वाषाढा नक्षत्र १६ धृतियोग ७ शनिबारमा उदय घडी २।४७ वृश्चिक लग्न सिंह नवांश प्रथम द्रेस्काणमा जन्म ।

राजा जितामित्र मल्लले भूपतिन्द्र मल्ललाई बालककालदेखि राजकाजमा संलग्न गराएर भविष्यमा योग्य राजा बनाउने प्रयास गरेको देखिन्छ ।

राजा जितामित्रले राख्न लगाएका सुरुका प्रायः अभिलेखहरूमा छोरा भूपतीन्द्र, भाइ उग्रमल्ल र मन्त्री 'भाजु कस' को नाम उल्लेख गरेका छन् । यसरी तीन जनाको नाम राखी अभिलेख राख्ने गरेको वि.सं. १७३५ देखि नै हो । वि.सं. १७४५ सालमा दीक्षा लिएको राजा भूपतीन्द्र मल्लको कुण्डली विचार गर्दा १७४८ सालमा चन्द्रमाको महादशामा शनिको अर्थात धर्म स्थानको मालिकको दशामा सुखस्थानको मालिकको अन्तरमा राजा जितामित्र मल्लले युवराज बनाए । वि.सं. १७५३ मंगलको दशामा मंगलकै अन्तर अर्थात लग्नको मालिकको दशामा शत्रुस्थानको मालिकको अन्तर मा (२१।४) वर्षादि करिव परेको बेलामा राजा भए । उनी महत्त्वांकाक्षी देखिन्छ । भाजु कसको शक्ति बढेको भूपतीन्द्र मल्ललाई असह्य भयो । जसले गर्दा तत्कालीन समयको एक प्रभावशाली व्यक्तिलाई दरबारीया षडयन्त्रको कारणबाट जितामित्रकी कान्छी महारानीसँग नाम जोडेर एक घृणित पात्रको रूपमा बदनाम गरे । इतिहास र पुराण आदि हेरेमा यस्ता षडयन्त्र र घटनाहरू प्रशस्त पाउन सकिन्छ । जस्तै लंकापति रावणलाई पनि सीतासँग नाम जोडेर घृणित पात्रको रूपमा बदनाम गरेको पुराणहरूमा पाइन्छ ।

भाजु पोखरीलाई आधार बनाएर भाजु कसलाई बदनामी गरेको किंवदन्ती यस प्रकार छ– 'भाजु कस' एक बेइमान, षडयन्त्रकारी, महत्त्वाकांक्षी व्यक्तिको रूपमा चित्रण गरेका छन् । सिद्ध पोखरीको पानी सुकाउन, रानीलाई खुसी पार्न एकै रातमा भाजु पोखरीको निर्माण हुँदा मध्य भागमा थुम्को बाँकी रहेको जस्ता चर्चित किंवदन्तीहरू चलेको पाइन्छ । अर्को किंवदन्तीअनुसार भूपतीन्द्र मल्ल तीन वर्षको बालक छँदा 'भाजु कस' र कान्छी महारानीको मिलेमतोमा जंगल लगेर मार्न पठाएको तर जल्लादको कारण बाँच्न सफल भएर तिब्बत पुगेका जुन आख्यान हो, त्यो सत्य नभएको देखिन्छ ।

भाजु पोखरी राजा प्राण मल्लको पालामा तत्कालीन चौतारी भाजु कसले बनाएको देखिन्छ । जुन पोखरीले भक्तपुरको शोभा बढाएको देखिन्छ । यो पोखरीदेखि कान्तिपुरका राजा प्रताप मल्ललाई डाहा भएर १७२७ सालमा कान्तिपुरमा त्यस्तै पोखरी 'रानी पोखरी' निर्माण गर्न लगाए ।

भूपतीन्द्र मल्ल राजा भएपछि भाजु कसको जल्दोबल्दो क्रियाकलापबाट डाहा र ईर्श्याले छट्पटिएका दुष्ट स्वभावका विरोधीहरूले उनको पतनको लागि षडयन्त्र रच्ने मौका पाए । ती दुष्टहरूले राजा भूपतीन्द्र मल्ललाई भाजुकसको विरोधमा भए नभएका कुराहरूको चुक्ली गरी अनुचित प्रभाव पारे । दरबारमा ठूलो षडयन्त्र भयो र भाजु कसको पतन भयो । राजाले भाजु कस र उसका सम्पूर्ण नाता कुटुम्बहरूको सर्वस्व हरण गरी देश निकाला गरे ।

यसरी राज्यमा दुष्ट, छुल्याहा तथा विरोधीहरूको चालबाजीमा परी राजनैतिक र कुटनैतिक समझदारीमा निकै खारिएका, सुयोग्य सुधारवादी, एक सच्चा देश भक्त तथा राजभक्त भाजु कसको दुःखद अन्त्य भयो । भक्तपुरको मल्लकालीन इतिहास कोट्याएर, केलाएर सच्चा हृदयले हेर्ने हो भने यस्ता किसिमको सच्चा परम देशभक्तको जन्म भूतो न भविष्यति भन्ने कुराको जानकारी अवश्य मिल्ने छ ।

अन्तमा वास्तविक इतिहास जे जस्तो भएता पनि 'भाजुकस' को रहस्यमय इतिहास सधैं जितामित्र मल्लको मृत्यु एवं भूपतीन्द्र मल्लको सत्ता प्राप्तिसँग गहिरो सम्बन्ध भएको देखिन्छ ।

यसबारे इतिहासमा अस्पष्ट एवं रहस्यमय नै छ । किनभने यहाँ षडयन्त्र कै गन्ध आउँछ । जहाँ जित्नेको नाममा इतिहास कोरिन्छ । अनि हार्नेको नाममा अनेकौं झुटा लाञ्छनायुक्त किंवदन्तीहरू रचिन्छन् । जून किंवदन्तीहरू सुन्दा पढदा त्यस्ता पात्रहरू सदैव खलनायक मात्र भेटिन्छ । भक्तपुर राज्यको त्यस्तैएक पात्र हुन्– भाजु कस ।

**सन्दर्भ सामग्री**

१. नेपालको मल्लकालीन इतिहास– पेशत दाहाल
२. 'भक्तपुर' मासिक सङ्ख्या १५८– लेख
३. वंशजका बाजे चक्रधरलाई चिठ्ठी – बिजुली प्र.कायस्थ
४. 'भक्तपुर' मासिक सङ्ख्या १५६– ओम धौभडेल
५. भूपतीन्द्र मल्लः लीलाभक्त मुनंकर्मी
६. डा.पुरुषोत्तम लोचन श्रेष्ठ
७. ऐतिहासिक कुण्डली

# बहुआयामिक व्यक्तित्व खलिल जिब्रान



*न्हुछे रत्न बुद्धाचार्य*

*'यो नसोध कि तिम्रो देशले तिम्रोलागि के गर्न सक्छ आफैलाई सोध कि तिमी आफ्नो देशको लागि के गर्न सक्छौं !'- खलिल जिब्रान*

खलिल जिब्रानको जन्म सन् १८८३ मा सिरियाको माउन्ट लेबनान प्रान्तमा एक सम्पन्न परिवारमा भएको थियो। सन् १८८३ को वर्ष यस्तो रह्यो जुन वर्ष कार्लमार्क्सको मृत्यु भयो। प्लेटो पछिका विख्यात दार्शनिक नित्सेले त्यसैवर्ष इश्वरको मृत्युको घोषणा गरे।

खलिल जिब्रान अरबीसाहित्य जगतमा मात्रै होइन विश्व साहित्यमा नै चर्चित साहित्यकार हुन्। सम्पन्न परिवारमा जन्मेपनि पछि उनको परिवार घरवार विहीन हुनपुग्यो। यो घटना कसरी भयो भने कर छलेको अभियोगमा उनका पितालाई सरकारबाट जेल चलान गरी सबै सम्पत्ति जफत गऱ्यो। उनका आमा कामिलाले सपरिवारलाई अमेरिका लिएर गइन्। त्यहाँ झन् उनका परिवारलाई दुखै दुखको पहाडले किच्यो। चौध वर्षमा नै बहिनी मर्नु, फेरि दाजु र आमालाई क्यान्सर लागेर मर्नुले खलिल टुहुरा मात्र भएनन् पीरै पीरले थिचिएर निक्कै दयनीय स्थितिमा पुगे। त्यसको ६ वर्ष नबित्दै लेबनानमा पिताको मृत्युले उनी झन् दुख र समस्याको भुमरीमा परे। त्यसको पाँचवर्ष पछि फ्रान्स गएर चित्रकला सिके। सन् १९१२ मा अमेरिका फर्की न्युयोर्कमा बस्नथाले। सन् १९१८ देखि उनले अंग्रेजीमा लेख्न थाले।

अमेरिकामा अग्रेजी भाषाका साहित्यको अध्ययन र फ्रान्समा चित्रकला सिकेपछि उनको कल्पना शक्ति उच्चाइमा पुग्यो।

खलिल जिब्रान चित्रकला र वास्तुकलामा अगस्त रोंदाबाट र दर्शनमा नित्सेबाट प्रभावित थिए भने साहित्यमा शेक्सपियर र दाँतेबाट प्रभावित थिए। कथन के छ भने वाल्ट हिटम्यान पछि अमेरिकाका सबैभन्दा प्रख्यात कवि खलिल जिब्रान भए। अमेरिकी राष्ट्रपति जोन अफ केनेडीसमेत उनका प्रशंसक थिए। खलिल जिब्रान वास्तवमा बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन्। कविताका क्षेत्रमा उनी जसरी सफल कवि त्यसरी नै उनका उत्कृष्ट निबन्धले बेजोड निबन्धकार भए। रोचक र उत्सुकतापूर्ण कथाहरूको संयोजनबाट उनले तयार गरेका उपन्यासले उनलाई विशिष्ट उपन्यासकार सिद्ध गरेका छन्। उनी कुशल चित्रकारीबाट उत्कृष्ट चित्रकार पनि सावित भएका छन्। चित्र कोर्न खप्पिस जिब्रानले एक पटक चित्रकला प्रदर्शनी पनि गराएका थिए।

प्रचुर कल्पना शक्तिका धनी प्रखर सिर्जनशील व्यक्तित्व खलिल जिब्रान सुफी सन्त परम्पराका साहित्यकार हुन्। उनको प्राकृतिक प्रशन्नतामा नै इश्वर खुसी हुन्छन् भन्ने धारणाले गर्दा उनका चित्रहरू मूर्त र भावुक लाग्दछ। इश्वरवादको आधार भावुकता हो भन्ने उनको मान्यता थियो। मानसिक उन्मादमा विधाता प्रकट हुन्छन् भन्दै आनन्द र खुशी भनेकै प्रकृतिसँग मिल्नु र मानव शान्तिको उपासक बनेर समुद्रमा होइन हिमालतर्फ उन्मुख हुनपर्दछ। असीम विन्दु सीमाहित सिन्धुमा विलाए जस्तै प्रमका भावनाले जीवनका पीडाहरू हराउँछन्। प्रम भनेको प्राकृतिक हुनुपर्दछ भन्ने उनको विचार हो।

खलिल जिब्रान धर्मले इस्लामिक भएपनि इस्लाम धर्मको पाखण्ड बारे कडा प्रहार गरी लेख्थे। कुनै पनि धर्मको आडम्बर र ढोंगबारे विवेकले जे देख्छ त्यही लेख्थे। 'स्परिट रिवेलियस' प्रकाशित भएपछि धर्मको ब्याख्यानबारे तहल्कै मच्चियो। यस पुस्तकमा उनले धर्मन्धतामाथि निकै प्रहार गरेर लेखेका छन्। पुस्तक प्रकाशित भएपछि पुरोहित आक्रोशित मात्रै भएनन्। ठाउँ ठाउँमा उनको पुत्लाहरू पनि जलाइयो। सम्पूर्ण चर्चले उनलाई बहिस्कार गऱ्यो तर जिब्रान आफ्नो विचारबाट कति विचलित भएनन्।



खलिल जिब्रान

खलिल जिब्रानका प्रसिद्ध कृतिहरूमा 'मैडमैन वान्डरर' र 'द प्रोफेट' मुख्य छन्। उनले लेखेका कृतिहरूमध्ये 'द प्रोफेट' अत्यन्त सफल र चर्चित कृति हो। कृतिमा उनले आफ्नो विवेकले देखेका दार्शनिक विचारहरू व्यक्त गरेका छन्। यसै कृतिले उनलाई अन्तर्राष्ट्रिय ख्याति दिलायो। 'द प्रोफेट' को विश्वका धेरै भाषामा अनुवाद समेत भइसकेको छ। उनका रचनाहरू झण्डै २५ भाषामा अनुदित भइसकेका छन्।

उनका दर्शनपक्ष बढता बेजोड देखिन्छ ।

जिब्रान कृतिविहीन संसारको कल्पना गर्दैनन् । उनी स्थिरतालाई क्षणिक मान्दछ् र परिवर्तनलाई शाश्वत भन्दछन् । प्रकृतिका सम्मेलन नै जीवनको आधार हो श्रम प्रति निष्ठा राख्नुपर्छ भन्दै खलिल भन्छन् ' श्रमको कार्य द्वारा नै तिमीले आफ्नो भाग्य बदल्न सक्छौ, मरेका मान्छेलाई बाँचेका मान्छेले चिहान खन्नुपर्छ । जीवन खुसी र दुखीको तराजुको तल–माथि हुँदै गर्छ । जीवनमा विवेक र बासना सन्तुलित रह्यो भने मात्र मानिसले प्रगति गर्छ । तिमी हामी आफ्नो लक्ष्यको लागि कटिबढ रहनुपर्छ । विचार आकाशको चरा हो, तर सत्य अनेक सत्यको अंश हो । बयस्क उमेरमा परिवारका सबै सदस्यलाई गुमाएर विरक्तिएकोमन सम्हाल्न थुप्रै युवतीसँग प्रेम गरे तर घर बार भने बसाउन सकेनन् । सुल्लाना तावितसँग उनले लेवनानमा रहँदा प्रेम गरेका थिए त्यति सुखद भएन । फेरि उनी जियादे नामक युवतीको प्रेममा परे । त्यो प्रेम पनि लामो समय रहन सकेन । यसरी प्रेममा असफल हुँदै जिब्रानले जोसेफाइन भने केहीसँग सम्बन्ध जोडे, उनले विहेको प्रस्ताव राखे । त्यो पनि सफल भएन । जोसेफाइनले अर्कै व्यक्तिसँग विहे गरिन् । यो घटनाले उनलाई गहिरो चोट पुऱ्यायो । यस्तै घाइते मन लिएर बाँचि रहँदा उनको 'मेरी' नामक युवतीसँग प्रेम हुन गयो । मेरीले उनलाई मायामात्र होइन उनका हरेक कार्यमा सहयोग गर्थिन । जिब्रानको रचनालाई राम्रो अक्षरमा सारिदिने, सम्पादन गरिदिने अलिक नमिलेको ठाउँमा सल्लाह सुझाव दिदैं सच्याइदिने समेत गर्दथिन् । सम्बन्ध यतिसम्म गहिरिएपछि मेरीलाई उनले विवाहको प्रस्ताव राखे तर उनले पनि उमेरको फरकले गर्दा विवाह गर्न मानिन् तर जीवनभर साथ दिइरहिन् ।

मन मस्तिष्कभरि चोटै चोट बोकेका खलिल जिब्रानले पीर व्यथा विर्सन रक्सी खाने गर्थे । अत्यधिक रक्सी सेवनले गर्दा जीवनको उत्तरार्द्धमा कलेजोको रोगले पीडा दियो । त्यसको साथै उनलाई १० वर्षको हुँदा अचानक भीरबाट खस्नपुग्दा देब्रेकुममा चोट लागेको थियो । त्यो चोटले पनि उनलाई जीवनभर दुख दिइरह्यो । अत्यधिक रक्सी सेवनले उनको कलेजो बिग्रिसकेको थियो । जति औषधि उपचार गर्दा पनि रोग निको हुनको साटो गम्भीर हुँदै गयो । विश्व प्रसिद्ध साहित्यकार जिब्रानले ४८ वर्षको उमेरमा १० अप्रिल सन १९३१ मा यस धरतीबाट बिदा भए ।

**सन्दर्भ सामग्री**


१. The world Book encyclopedia volume 11

२. विश्व विख्यात साहित्यकारहरू – भीम राना 'जिज्ञासु'

३. विश्व प्रसिद्ध व्यक्तिहरू : मधुसुदन पाण्डे


## बासिबियाँलो




१ देखि ९ सम्मको अङ्कलाई यहाँ मिलाएर राख्दा पहिलो लहरको १९२ भन्दा दोश्रो लहरमा दोब्बर ३८४ छ भने तेश्रो लहरमा पहिलो लहरकोभन्दा तेब्बर ५७६ छ । यसलाई अङ्कको स्थान हेरफेर गरी पहिलोको भन्दा दोब्बर र तेब्बर बनाउने तीन अर्को तरिकाबाट हल निकाल्न सकिन्छ, प्रयास गरेर हेर्नें हो कि ? (उत्तर ७८पृष्ठमा छ)


भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्

'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०

शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म


झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# लिच्छविकालीन नेपाली समाजः एक अध्ययन



डा. बलराम कायस्थ


## सार

नेपालको प्राचीन इतिहासमा लिच्छविकाल हरेक दृष्टिकोणबाट उन्नत अवस्थामा रहेको पाइन्छ । त्यतिबेला कुनै एक पक्षको मात्र नभएर राज्यको समग्र पक्षकै विकास भएको थियो । यथार्थमा भन्ने हो भने नेपालको इतिहासमा ऐतिहासिक युगको थालनी नै लिच्छविहरूको शासन शुरु भएपछि भएको मान्न सकिन्छ । किनकि पहिलोपल्ट अभिलेख प्रसार गर्ने, मुद्रा निश्कासन गर्ने आदिदेखि लिएर राजनीतिक व्यवस्था, आर्थिक विकास, भाषा, साहित्य, कला, वास्तुकलाका साथै वैदेशिक सम्बन्ध आदि हरेक क्षेत्रको विकासमा लिच्छविहरूले उल्लेखनीय योगदान पुऱ्याएका थिए । आन्तरिक रूपमा शान्ति र स्थिरता कायम भएपछि आर्थिक उन्नति र समृध्दि निश्चित् रूपमा हुन्छ नै र त्यस परिस्थितिमा राज्यको सर्वाङ्गिण विकास असंभव पनि हुँदैन । अतः लिच्छविहरूले गरेको चौतर्फी विकासका आधारमा लिच्छवियुग नेपालको इतिहासमा स्वर्णयुगको रूपमा अंकित रहेको छ भन्नुमा अत्युक्ति नहोला । नेपाली समाजको विकासका दृष्टिले पनि लिच्छवियुगको विशेष महत्त्वपूर्ण स्थान रहेको छ । अनादिकालदेखि यहाँ बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको परम्परागत जीवनशैलीमा परिवर्तन ल्याई समग्र नेपाली समाजलाई नै एउटा संगठित स्वरूप प्रदान गर्नुमा पनि लिच्छविहरूको ठूलो देन रहेको पाईन्छ । प्रस्तुत लेखमा लिच्छविकालको नेपाली समाजका विविध पक्षलाई संक्षेपमा प्रकाश पार्ने प्रयास गरिएको छ ।


## पृष्ठभूमी

ईशापूर्व सातौ शताब्दीतिर उत्तरी भारतमा मगध साम्राज्यको उत्कर्षले गर्दा त्यहाँ संघराज्य खडा गरी शासन गरिरहेका लिच्छवि, वृजिक, शाक्य, कोली र मल्ल आदिलाई मैदानी भागमा टिक्न गाह्रो भयो । फलस्वरूप आत्मरक्षाका लागि उनीहरू नेपालका विभिन्न पहाडी भूभागहरूमा प्रवेश गर्न लागे । प्रकारान्तरले यी विविध जातजातिहरूको नेपाली माटोमा प्रवेश निश्चय पनि नेपाली राष्ट्रियता, जातियता र संस्कृतिलाई ठोस रूप दिनमा महत्त्वपूर्ण साबित हुन गयो । लिच्छविहरू सभ्य र सुसँस्कृत थिए । यसैले यहाँका स्थानीय जनजातिका रुढिवादी परम्परालाई परिवर्तनको संघारतिर लगे । र नेपाली समाजलाई एक पृथक र सबल अस्तित्व प्रदान गरे । किनकि यस अघिको समाजले स्पष्ट रूप धारण गरेको थिएन । यसकारण के भन्न सकिन्छ भने प्राचीन नेपाली समाजलाई एउटा स्वतन्त्र र संगठित स्वरूप प्रदान गर्नुमा लिच्छविकालको विशेष महत्त्व रहेको छ ।

## लिच्छवि समाजका विविध पक्ष

किरातकाल र त्यसभन्दा अघिको प्राचीन नेपाली समाज कस्तो थियो ? प्रमाणको अभावमा यो कुरा थाहा पाउन सकिँदैन । तर लिच्छविहरूको आगमन पश्चात् अथवा उनीहरूले यहाँको शासन सम्हालेपछि भने नेपाली समाजले एउटा नयाँ दिशा प्राप्त गरेको देखिन्छ । यद्यपि समय, परिस्थितिका कारणले गर्दा होस् वा शासकहरूको निहित स्वार्थले गर्दा होस् बेलाबेलामा सामाजिक नीति नियमहरूमा फेरबदलहरू भए होलान् तर समग्रमा भन्नुपर्दा लिच्छविहरूले मार्गनिर्देश गरेकै बाटोमा नेपाली समाज आजसम्म पनि अघि बढ्दै आइरहेको छ । तात्कालीन नेपाली समाजका विविध पक्षलाई निम्नअनुसार अध्ययन गर्न सकिन्छ ।

### क) वर्णव्यवस्था

यद्यपि नेपाली समाजमा जातिपाति र वर्णव्यवस्थाको शुरुवात गर्ने श्रेय मल्लकालीन प्रसिध्द शासक जयस्थिति मल्ललाई दिइने गरिन्छ । यसआधारमा उनलाई महान सुधारवादी शासक पनि भन्ने गरिएको पाइन्छ । तर वास्तवमा त्यसभन्दा धेरै पहिले नै अर्थात् लिच्छविकालमै नेपाली समाजमा वर्णव्यवस्था प्रचलित थियो । यस कुराको पुष्टि सम्वत् ३८६ को मानदेवको चाँगुनारायणको अभिलेखबाट हुन्छ । जसमा वर्णव्यवस्था सम्बन्धी कुराहरू पनि उल्लेख छन् । वैदिककालमा हिन्दु धर्मग्रन्थ मनुस्मृतिका आधारमा समग्र मानव समुदायलाई ब्राम्हण, क्षत्री, वैश्य, शुद्र गरी जुन किसिमले चार वर्णमा विभाजन गरिएको थियो, त्यसैलाई वर्णव्यवस्था भनेर भनिन्छ । हिन्दु धर्मग्रन्थ ऋग्वेदअनुसार ब्रम्हाजीको मुखबाट ब्राम्हण, हातबाट क्षत्री, कम्मरबाट वैश्य र खुट्टाबाट शुद्र जातिको जन्म भएको विश्वास गरिन्छ । लिच्छविकालीन समाज पनि वर्णव्यवस्थामा आधारित थियो ।

**ब्राम्हण–** ब्रम्हाजीको मुखबाट उत्पति भएकाले ब्राम्हणहरूको मुख्य काम अध्ययन, अध्यापन, धार्मिक कर्मकाण्ड, विभिन्न देवदेवीका मठमन्दिरहरूमा पूजापाठ गर्ने जस्ता धार्मिक कार्यहरू रहेका थिए । चार वर्णमध्ये पहिलो मानिने ब्राम्हणलाई

धर्मशास्त्रहरूले निक्कै महत्त्व दिएका थिए। समाजको उच्च वर्गका रूपमा तिनले प्रतिष्ठा पाएका थिए। बौध्दिक वर्गका रूपमा राजनीतिक क्षेत्रमा पनि तिनको प्रभाव रहेको थियो।

त्यसबेला मिथिला र वैशाली राज्यको पतन पश्चात् त्यहाँबाट नेपाल प्रवेश गरेका मैथिल ब्राम्हण अनि उत्तर भारतको पावा कुशीनगरबाट नेपाल प्रवेश गरेका कान्यकुब्जी ब्राम्हण गरी दुई थरिका ब्राम्हणहरू यहाँ रहेका थिए। तात्कालीन समाजमा दानको महत्त्वपूर्ण स्थान थियो। त्यस्ता दान लिने अधिकांश अधिकारी ब्राम्हण नै हुन्थे। मानदेवले विद्रोही सामन्तहरूको दमन गरेपछि ब्राम्हणहरूलाई धेरै दान दिएका थिए। नरेन्द्रदेव र जयदेव द्वितीयले पशुपतिका ब्राम्हणहरूलाई खुशी पार्न ठूलो भोजन गराएका थिए, जुन कुरा तात्कालीन अभिलेखहरूको अध्ययनबाट थाहा हुन्छ।

**क्षत्री**- समाजमा ब्राम्हण पछिको दोश्रो उच्च वर्गमा क्षत्री पर्दथे। ब्रम्हाजीको हातबाट उत्पत्ति भएकाले क्षत्रीको मुख्य कर्तव्य शुरता र वीरता प्रदर्शन गर्नु हो अर्थात लड्नु, भीड्नु र बाह्य आक्रमणबाट राज्य र जनताको सुरक्षा गर्नु क्षत्रीको मुख्य कार्य थियो। लिच्छविहरू स्वयम् सूर्यवंशी क्षत्री थिए। लिच्छविहरू बाहेक भारतबाट आएका अन्य जातिहरू जस्तो शाक्य, कोली, वृजिक, मल्लहरू पनि क्षत्री अन्तर्गत नै पर्दथे। क्षत्रीहरूमा पनि सूर्यवंशी र चन्द्रवंशी भन्ने दुई भेद थियो।

**वैश्य**- ब्यापार ब्यवसाय, खेतीपाती, पशुपालन आदि गरी जीविकोपार्जन गर्ने वर्गलाई वैश्य भनिन्थ्यो। त्यसबेला ब्यापार ब्यवसाय निक्कै फस्टाएको अवस्थामा थियो। ब्यापारीहरूको समूहलाई सार्थ र त्यसका नाइकेलाई सार्थबाहु भनिन्थ्यो। लिच्छविकालीन अभिलेखहरूमा ब्यापारीहरूको चर्चा निक्कै ठाउँमा भएको पाईन्छ। चीनीयाँ ताङ बृत्तान्तमा समेत नेपालमा किसानहरू भन्दा ब्यापारीहरूको सङ्ख्या ज्यादा रहेको उल्लेख पाईन्छ।

**शुद्र**- समाजको सबभन्दा तल्लो वर्ग शुद्र थियो, जसले आफूभन्दा माथिल्लो वर्गको सेवा गर्दथ्यो। चण्डाल शव्दको उल्लेख लिच्छविकालीन अभिलेखहरूमा भएको पाईन्छ।

लिच्छविकालका अभिलेखहरूमा सबभन्दा ज्यादा उल्लेख भएको वर्ण ब्राम्हण र क्षत्री हुन्। ब्यापारीहरूको पनि निक्कै उल्लेख भएको पाईन्छ, शायद ती वैश्य थिए। शुद्रको स्पष्ट उल्लेख पाईदैन। शुद्रभन्दा मुनिको चण्डाल जातको उल्लेख एकैपल्ट भएको पाईन्छ। जनजातिहरूमध्ये किरातको उल्लेख पनि एकपल्ट मात्र भएको पाईन्छ। तात्कालीन समाजमा यति मात्र जात थिए भनेर स्पष्ट रूपमा भन्न सकिंदैन। अन्य जात र सामाजिक वर्गहरू पनि रहेको अनुमान गर्न सकिन्छ। तात्कालीन समाजको एउटा पक्ष दासप्रथा पनि थियो। दश देवदास र बीस देवदासीहरूको उल्लेख नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखमा पाईन्छ। साथै अर्को जुनीमा मान्छे भएर जन्मिनु नपरोस् भन्ने यथार्थताले पनि तात्कालीन समाजमा दासप्रथा रहेको संकेत गर्दछ। तर अनन्तलिंगेश्वर अभिलेख बाहेक अन्य अभिलेखहरूमा दासहरूको उल्लेख नपाइएको हुनाले त्यतिबेला दासप्रथा सामान्य रूपले मात्र चलेको भन्ने थाहा हुन्छ।

## ख) संयुक्त परिवार प्रथा

लिच्छविकालीन समाजमा संयुक्त परिवार प्रथाको प्रचलन प्रचलित थियो। छुट्टिएर वा छरिएर बस्नुभन्दा सँगै मिलेर बस्नुमा परिवारको हित र सुरक्षा हुने हुनाले संयुक्त परिवारप्रथाको अवधारणा अगाडि आएको देखिन्छ। काठमाडौं उपत्यकाका प्राचीन नेवार बस्तीहरूले पनि यस कुराको पुष्टि गर्दछ। किनकि यी बस्तीहरू गुजमुज परेका छन्। यसैले त्यसबेला एउटै परिवारमा चार पाँच पुस्ता संगै रहन्थे। परिवारको मुख्य ब्यक्तिलाई थाकाली भनिन्थ्यो। परिवारका सबै सदस्यहरूको दायित्व र कर्तब्यको निर्धारण थाकालीले गर्दथ्यो। थाकालीलाई परिवारका सबै सदस्यहरूले आदर सम्मान गर्दथे। भीमार्जुनदेव र विष्णुगुप्तको यंगालहिटीको अभिलेख तथा नरेन्द्रदेवको पाटन यागबहाल अभिलेखबाट चोरी गर्ने, ज्यान मार्ने, राजद्रोह गर्ने आदि पंचअपराध गर्ने कसुरदारको पुरै परिवारलाई दण्डित गर्ने परिपाटी रहेको देखिन्छ। यताबाट के थाहा हुन्छ भने संयुक्त परिवार प्रथाको प्राधान्यता रहेको कारणले गर्दा नै त्यसबेलाको समाजले ब्यक्तिलाई भन्दा परिवारलाई ज्यादा महत्त्व दिएको थियो। यसैकारण कसुरदारलाई मात्र नभएर त्यसको पुरै परिवारलाई दण्डित गर्ने गरिएको थियो भन्ने बुझिन्छ।

## ग) सामाजिक संगठन

त्यतिबेला गाउँघरका मुद्दामामिला हेर्न र विकास निर्माण सम्बन्धी कार्य गर्न प्रत्येक गाउँगाउँमा पांचाली खडा गरिएका हुन्थे, जसलाई ग्रामपांचाली भनिन्थ्यो। साथै धार्मिक, शैक्षिक र स्वास्थ्य, सरसफाइ, चाडपर्व, कूलोपानी सम्बन्धी कार्य गर्न त्यतिबेला जनसहभागिताद्वारा गोष्ठीहरू पनि स्थापना गरिएका हुन्थे। ग्रामपांचालीमा गाउँघरकै गण्यमान्य ब्यक्तिहरू सदस्य भएका हुन्थे। जसमा राजाका प्रतिनिधि पनि हुन्थे, जसलाई द्वारे, प्रतिद्वारे भनिन्थ्यो। यद्यपि पांचाली विशुध्द सामाजिक संस्था थियो, तर पछिल्लो समयमा आएर यसलाई केही प्रशासनिक अधिकारहरू पनि दिइयो। जस्तो- त्यसबेला

जग्गा जमीन सम्बन्धी कार्य गर्ने प्रमुख निकाय कुथेर अधिकरण थियो, तर स्थानीय जनतालाई सुविधा होस भनी यस सम्बन्धी अधिकार ग्रामपांचालीलाई नै दिइयो । त्यस्तै पंचअपराध सम्बन्धी मुद्दामामिला त्यसबेला शोल्ल अधिकरणले हेर्दथ्यो, तर जनताको सुविधा हेतु यस सम्बन्धी अधिकार पनि ग्रामपांचालीलाई नै दिइयो । यस कुराको पुष्टि शिवदेव र अंशुवर्माको वि.स. ६५१ को भक्तपुर गोलमढी टोलको अभिलेख, वि.सं. ६५२ को भक्तपुर तुलाछें टोलको अभिलेख, वि.सं. ६५२ कै काठमाडौं धर्मस्थली, बुढानीलकण्ठ, र काभ्रेको खोपासी अभिलेखहरूबाट थाहा हुन आउँछ । राजा नरेन्द्रदेवले पनि विवाह, सम्बन्धविच्छेद, पुनर्विवाह जस्ता सामाजिक कार्य गर्ने प्रमुख प्रशासनिक निकाय माप्चोक अधिकरणका अधिकार स्थानीय ग्रामपांचालीलाई नै सुम्पेका थिए । साथै जात अनुसारको पेशा गरेको छ कि छैन भनी निरीक्षण गर्ने प्रमुख निकाय भट्टाधिकरण थियो । उनले यस सम्बन्धी अधिकार पनि ग्रामपांचालीहरूलाई नै सुम्पे । यसप्रकार तात्कालीन समाजमा ग्रामपांचाली गाउँगाउँमा रहने एउटा यस्तो सामाजिक संस्था थियो, जसले आ–आफ्नो गाउँको ब्यबस्थालाई सुव्यवस्थित र सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्थ्यो, जसलाई राज्यका तर्फबाट पनि केही सुविधा र अधिकारहरू प्रदान गरिएको थियो । यताबाट केन्द्रले आफूमा निहित अधिकार शक्ति क्रमिक रूपले स्थानीय निकायहरूलाई सुम्पदैं लगेकोले त्यतिखेरको प्रशासन विकेन्द्रीकरण सिद्धान्तमा आधारित थियो भन्ने देखिन्छ ।

त्यसबेलाको समाजमा जुनसुकै सामाजिक कार्य पनि आपसमा मिलेर गर्ने भन्ने भावना थियो । यस्ता सामाजिक कार्य सम्पन्न गर्न अनेक थरिका गोष्ठीहरू स्थापना गरिएका हुन्थे । यस्ता गोष्ठीहरूको संचालनका निम्ति विभिन्न धनीमानी ब्यक्तिहरूले अक्षयकोषको रूपमा जग्गा दान गरेका हुन्थे । यस्ता गोष्ठीहरूमा मल्लयुध्द गोष्ठी, प्रवहण गोष्ठी, पानीय गोष्ठी आदि प्रमुख गोष्ठी थिए । मल्लयुध्द गोष्ठीले पहलमानी सिकाउने, जनताको मनोरन्जनका लागि मल्लयुध्द गराउने प्रबन्ध गर्दथ्यो । पानीय गोष्ठीले आ–आफ्नो इलाकामा पानीको बन्दोबस्त मिलाउँदथ्यो । विशेष गरेर ठूल्ठूला जात्रा, मेला आदि प्रशस्त जनता भेला हुने अवसरहरूमा पानी ख्वाउन यो गोष्ठी सक्रिय हुन्थ्यो । प्रवहण गोष्ठीले मालसामान वा मानिस ओसार्ने गाडाको अर्थात यातायातको प्रबन्ध गर्दथ्यो । यसदेखि बाहेक अन्य गोष्ठीहरूमा ब्राम्हण गोष्ठी, धूप गोष्ठी, इन्द्र गोष्ठी, बादित्र गोष्ठी, अर्चा गोष्ठी, ध्वज गोष्ठी आदि थिए । यसप्रकार सामाजिक र धार्मिक कार्यलाई सम्पन्न गर्न स्थानीय ब्यक्तिलाई नै संगठित गराएर ब्यबस्थित रूपले काम चलाउने गरिएको यो प्रचलन लिच्छविकालीन समाजको एउटा महत्त्वपूर्ण पक्ष थियो । यस पक्षले तात्कालीन समाजलाई कतिसम्म ब्यबस्थित पारेको थियो भन्ने कुरा हामी सहजै अनुमान गर्न सक्दछौं । किनकि उपत्यकाको नेवार समाजमा पाइने विविध किसिमका जुन गुठीहरू छन् ती यही गोष्ठीको प्रतिरूप मान्न सकिन्छ । यसरी त्यसबेला स्थानीय प्रशासन र जनहित सम्बन्धी मामिला मिलाउन एकातर्फ प्रत्येक गाउँमा पांचाली गठन गरिएका थिए भने अर्कातर्फ धार्मिक, शैक्षिक, स्वाथ्य आदि लौकिक कामकुरा चलाउन गोष्ठी (गुठी) हरू खडा गरिएका देखिन्छन् ।

## घ) रहनसहन, खानपान

त्यसबेला चामल, गहुँबाट बनेका परिकार नै मुख्य भोजन थियो । पशुपालन निक्कै फस्टाएकोले दूध, दही, घ्यूको कुनै कमी थिएन । माछा, मासु खाने चलन पनि निक्कै प्रचलित थियो । यहाँको हावापानी ज्यादै चिसो भएकोले मदिरापान प्रति पनि तात्कालीन समयका मानिसहरूको निक्कै रुची थियो । धार्मिक अनुष्ठान एवम् अन्य विशेष अवसरहरूमा जोगी, सन्यासी र ब्राम्हणहरूलाई भोजन गराएको उल्लेख पाईन्छ, तर भोजमा के कस्ता विशेष परिकार रहन्थे भन्ने थाहा पाउन सकिएको छैन ।

गरगहनाप्रति लिच्छवि समाज निक्कै आकृष्ट रहेको देखिन्छ । चिनीयाँ वर्णनअनुसार राजा नरेन्द्रदेव स्वयम् विभिन्न मोती, रत्न, मुगा, मणि जडित लामो लुगा लगाउँदथे साथै कानमा कुण्डल अनि कम्मरमा बुध्दको मूर्ति भएको पेटी (कवच) बाँध्दथे । तर सर्वसाधारणको भेषभूषाबारे भने यकिन रूपमा थाहा पाउन सकिएको छैन । चिनीयाँ स्रोतअनुसार सर्वसाधारण जनताहरू एउटै धरो कपडाले आफ्नो शरीर ढाक्दथे । अनि बाँस, सिंग र साधारण धातुका गहनाहरू लगाउँदथे । तर यो वर्णन सर्वसाधारण गरीव समुदायकालागि हुनुपर्छ । सम्पन्न मानिसहरूको भेषभूषा भने यो भन्दा उच्च खालकै हुनुपर्दछ । किनकि बुद्धकै समयमा स्तरिय भड्किला रंगीविरंगी पहिरन लगाउने प्रचलन शुरु भइसकेको हुनाले त्यसको प्रभाव यहाँ परेन भन्न मिल्दैन ।

घरवस्तीका सम्बन्धमा मध्यकालमा जुन तीन, चार तल्ले घरहरू बनेको उदाहरण पाईन्छ, त्यसआधारमा लिच्छविकालमा पनि प्रायः घरहरूको स्वरूप त्यस्तै रहेको हुनुपर्छ । त्यतिबेलाका बस्तीहरू छरिएर रहेका हुन्थे । बस्तीहरू मध्ये ब्यापारिक केन्द्रहरूलाई द्रङ भनिन्थ्यो । भन्सार जाँच गर्ने ठाउँलाई गुल्म भनिन्थ्यो । त्यसबेलाका प्रख्यात बस्तीहरूमा खोपृङ (भादगाउँ), कुर्पासी (खोपासी), तेङ्खु (टेकु), यूपग्राम, कोलीग्राम, दक्षिण कोलीग्राम आदि थिए ।

### ङ) समाजमा नारीको स्थान

त्यतिबेला पतिपरायणता नै नारीको सबभन्दा ठूलो धर्म थियो अर्थात पतिपरमेश्वर नै महिलाकालागि सबै परमेश्वर भन्दा महान् थियो। यसो हुनुको मुख्य कारण तात्कालीन नेपाली समाज पुरुषप्रधान हुनु हो। यद्यपि आइमाईले भ्रैं लोग्ने मानिसले पनि आफ्ना पत्नीलाई आदर स्नेह गरेको उदाहरणहरू पाईन्छ। त्यतिबेलाका महिलाहरूलाई अनेक थरिका स्वतन्त्रताहरू प्राप्त थिए भन्ने कुरा तात्कालीन अभिलेखहरूबाट थाहा हुन्छ। जस्तो- धार्मिक स्वतन्त्रताको कुरा गर्दा राजा मानदेव वैष्णव धर्म मान्दथे भने उनकी रानी तथा छोरीहरू शैव धर्म प्रति आस्था राख्दथे। धार्मिक स्वतन्त्रता पाएकै कारणले गर्दा नै लिच्छवि नारीहरू भिक्षुणीको रूपमा बौध्द बिहारमा बसी धार्मिक कार्य गर्दथे। राजनैतिक स्वतन्त्रताको कुरा गर्दा राजाको मृत्यु पछि राज्यको सम्पूर्ण अधिकार रानीमा जाने गर्थ्यो। राजा मानदेवले आफ्नी आमा राज्यवतीको आज्ञाले राज्य गरेका थिए। त्यतिबेला छोरीहरूलाई पेवा दिने चलन चलाई महिलाहरूलाई आत्मनिर्भर बनाउन प्रयास गरिएको बुझिन्छ। इतिहासमा राजा महिदेवले छोरी जयसुन्दरीलाई पेवाका रूपमा जग्गा दिएको उल्लेख पाईन्छ। नारी स्वतन्त्रताको कुरा गर्दा सतीप्रथा प्रचलित भएर पनि त्यसमा अनिवार्यता नहुनु पनि एउटा महत्त्वपूर्ण पक्ष थियो। मानदेवकी आमा राज्यवती, भौमगुप्तकी आमा आभारी, जयदेवकी आमा वत्सदेवी सती नगएबाट यस तथ्यको पुष्टी हुन्छ। यताबाट लिच्छविकालका नारीहरू अन्य युगका नारीहरू भन्दा बढी स्वतन्त्र थिए भन्ने कुरा स्पष्ट हुन्छ। तर उपरोक्त स्वतन्त्रता केवल उच्च वर्गका नारीहरूलाई मात्र थियो कि निम्न वर्गका नारीहरूमा पनि थियो भन्ने कुरा स्पष्ट छैन।

विभिन्न अभिलेखहरूमा देवदासी र कूचो लगाउने आइमाईको उल्लेख पाईन्छ। चाबहिलको अभिलेखमा त्यसकी संस्थापिका महिलाले अर्को जुनीमा स्वास्नी मानिस हुन नपरोस् भन्ने कामना गरेको सन्दर्भ बडो मार्मिक छ। साथै नरेन्द्रदेवको पशुपति अभिलेखमा चोरी आदि पंच अपराध गर्ने मानिसको सम्पति, छोरो र पत्नी आर्यसंघको हुनेछ भन्ने उल्लेख छ। तर पतिले गरेको अपराधमा पत्नीलाई समेत मुछेर दण्ड दिने ब्यबस्थाले त्यसबेला नारीको स्वतन्त्र अस्तित्व नरहेको तथ्य स्पष्ट पार्दछ। तरपनि सम्बन्धविच्छेद र विधवाविवाहले स्थान पाएकाले महिलाको हक र अधिकार केही हदसम्म थियो भन्ने देखिन्छ। जिष्णुगुप्तको मालीगाउँ अभिलेखमा तात्कालीन समाजमा नारीको पुनर्विवाह हुन्थ्यो भन्ने कुराको वर्णन परेको छ। हुनतः यस अभिलेखमा समाजको कुन वर्गको नारीको वर्णन गरिएको हो त्यो स्पष्ट छैन, तरपनि यसलाई नारी अधिकारका निम्ति सकारात्मक नै मान्नु पर्दछ।

### च) विवाह

समाजमा बहुविवाह, पुनर्विवाह, विधवा विवाह, गन्धर्व विवाह जस्ता विवाह प्रथाहरू प्रचलित रहेता पनि अन्तर्जातीय विवाह भने चलेको देखिँदैन। लिच्छविहरू आफ्नो रक्तशुध्दतामा (जातित्वमा) गर्व गर्दथे। तर ठकुरी वंशका अंशुवर्माको बाबुको विवाह लिच्छवि राजकन्यासँग भएको तथा अंशुवर्माले आफ्नी छोरी भृकुटीको विवाह तिब्बती शासक स्रङचङगम्पोसँग गरिदिएबाट त्यसबेला यहाँ अन्तरजातीय विवाह पनि चलेको थियो भन्ने देखिन्छ। यद्यपि भृकुटीको प्रसङ्ग नेपालको इतिहासमा आजसम्म पनि विवादास्पद नै रहेको छ। बहुविवाह लिच्छवि शासक परिवारमा प्रचलित थियो तर सर्वसाधारण वर्गमा भने प्रायः एक विवाह लोकप्रिय थियो। त्यसबेला धनी वर्गमा भित्रिनी राख्ने चलन थियो। यस कुराको उल्लेख पाटन चपटोलको अभिलेखमा भएको छ। जसमा मृगिनी नामकी महिलाले आफूलाई विशिष्ट धर्म्मपाल भोगिनी भनी लेखाएकी छिन्, भोगिनीको अर्थ भित्रेनी हुन्छ। धर्मपाललाई विशिष्ट विशेषण लगाइएकोले उनी धनी वर्गका रहेछन् भन्ने बुझिन्छ। विवाह तथा सम्बन्धविच्छेद जस्ता मुद्दामामिला हेर्न एउटा छुट्टै सरकारी निकाय स्थापना गरिएको थियो, जसलाई माप्चोक अधिकरण भनिन्थ्यो।

### छ) शिक्षा

समाजका सबै वर्गमा शिक्षा लोकप्रिय थियो। शिक्षा दुई प्रकारका थिए - शास्त्रीय शिक्षा र ब्याबसायिक शिक्षा। उच्चवर्गमा शास्त्रीय शिक्षा प्रचलित थियो। यस अन्तर्गत वैदिक साहित्य जस्तो- वेद, मनुस्मृति, रामायण, महाभारतका साथै दर्शन, योग, तर्कशास्त्र आदि विषयको अध्ययन, अध्यापन हुने गर्थ्यो। ब्याबसायिक शिक्षा ब्यबसायसँग सम्बन्धित हुने गर्थ्यो। यो ब्याबसायिक शिक्षा सर्वसाधारण वर्गमा ज्यादा लोकप्रिय थियो। बाबु बाजेले जे पेशा वा काम गर्दै आएको हो, छोरा नातिले पनि त्यही पेशा अपनाउनु पर्थ्यो। तात्कालीन समाजमा महिला शिक्षा पनि प्रचलित थियो भन्ने कुरा मानदेवकी छोरी विजयवत्तीको वि.सं. ५६२ को पशुपति सूर्यघाट अभिलेखबाट थाहा पाईन्छ। त्यसमा उनलाई विभिन्न विषयमा निपुण भएकी भनिएको छ। शिक्षा दीक्षाका निम्ति अग्रहारको ब्यबस्था गरिएको थियो। बौध्दमार्गीहरूको शिक्षा प्राप्त गर्ने मुख्य थलो बौध्दविहार थियो, जहाँबाट तिनले भिक्षु, भिक्षुणीका रूपमा बौध्द दर्शन र त्यस सम्बन्धी शिक्षा, दीक्षा ग्रहण गर्दथे।

## ज) भाषा

लिच्छविकालका प्राप्त सबै शिलालेखहरू विशुध्द संस्कृत भाषामा लेखिएका हुनाले त्यतिबेलाको राजभाषा संस्कृत भाषा थियो भन्ने कुरा थाहा पाईन्छ अर्थात संस्कृत भाषालाई राज्यले विशेष संरक्षण दिएको थियो भन्ने बुझिन्छ। बोलीचालीको भाषा स्थानीय भएता पनि पढेलेखेका उच्च वर्गमा संस्कृत भाषा प्रति विशेष रुचि र आदर थियो। किनकि वैदिककालका ग्रन्थहरू संस्कृत भाषामा लेखिएका हुन्थे। भारतमा गुप्त सम्राटहरूको दरबारमा जस्तै यहाँ पनि कवि र विद्वानहरूको ठूलो आदर र सम्मान गरिन्थ्यो। राजाहरू आफै विद्वान थिए र संस्कृत भाषामा स्तरिय ग्रन्थहरू निर्माण गर्थे। सातौं शताब्दीमा नेपाल भ्रमणमा आएका चिनीयाँ यात्री हु एन सांगले नेपालका शासकहरू शिक्षित र जनताचाहिं अशिक्षित थिए भनेर उल्लेख गरेका छन्। निश्चय नै लिच्छवि शासकहरूको शिक्षाप्रति असीम प्रेम थियो। विद्याप्रति तिनको ठूलो झुकाव थियो। राजा मानदेव स्वयम् विद्वान थिए भन्ने कुरा उनका अभिलेखबाट थाहा पाईन्छ। त्यस्तै अंशुवर्मा ज्ञान प्राप्तिका लागि रातोदिन विविध शास्त्रको अध्ययन गर्ने गर्दथे। उनले शब्दविद्या नामक ग्रन्थ लेखेका थिए भन्ने वर्णन चिनीयाँ यात्रीले गरेका छन्। जयदेव द्वितीय विद्वानहरूको सत्सङ्ग गर्ने र स्वयम् महाकवि थिए भन्ने कुरा उनको पशुपति अभिलेखले पुष्टि गर्दछ।

## झ) धर्म

लिच्छविहरूको आगमन हुनुभन्दा पहिलेदेखि नै बौध्दधर्म नेपालको लोकधर्म थियो। यद्यपि शैवधर्म पनि यहाँ प्राचीनकालदेखि नै लोकप्रिय थियो तर समयको गतिसँगै भारतबाट विभिन्न हिन्दु धर्मावलम्वीहरू शरणार्थीको रूपमा नेपाल प्रवेश गरे। जसले नेपालमा हिन्दुधर्म संस्कृतिको प्रचार गरे। त्यसपछि हिन्दुधर्मले ब्यापकता लिन थाल्यो। यद्यपि गुप्तकालमा भारतमा हिन्दु धर्मको पुनःजागरण भयो र नेपालका लिच्छविहरूले पनि हिन्दु धर्मलाई नै अपनाए, तर त्यसोभएपनि यसबाट नेपालको लोकधर्ममा कुनै असर पर्न दिइएन। हिन्दु धर्म राजधर्म भएतापनि लिच्छविहरूले बौध्दधर्मप्रति पनि सहिष्णुता र उदारताको भावना लिए। दुवै धर्म मान्नेहरूका बीच सदा समन्वयको भावना कायम रह्यो। बौध्दविहार र हिन्दु मन्दिरहरू सँगसँगै निर्माण भएका दृष्टान्तहरूबाट पनि यस कुराको पुष्टि हुन्छ।

## ञ) मनोरन्जन

लिच्छविपुर्व यहाँ मनोरन्जनको स्थिति के कस्तो थियो भन्ने कुरा प्रमाणको अभावमा कुनै स्पष्ट जानकारी पाईदैन। तर लिच्छविकालमा आईपुग्दा भने जात्रापर्व, नाचगान आदि त्यसबेलाको समाजको मनोरन्जनको मुख्य माध्यम थिए भन्ने कुरा अभिलेखीय प्रमाणहरूबाट थाहा हुन आउँछ। प्राप्त जानकारीअनुसार केही जात्राहरू यसप्रकार थिए– राजा नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखमा जेठ शुक्ल एकादशीका दिन हुने बराहयात्राको उल्लेख गरिएको पाईन्छ। यो जात्रा भक्तपुरतिर हुने गर्थ्यो भन्ने अनुमान संस्कृतिविद् जगदिशचन्द्र रेग्मीले गर्नु भएको छ। शिवदेव र अंशुवर्माको खोपासी अभिलेखमा कैलाशयात्राको उल्लेख पाईन्छ। यो यात्रा कहाँ हुन्थ्यो भन्ने स्पष्ट छैन। तर पशुपतिनाथनेरको कैलाश नामक सानो डाँडामा हुने गर्थ्यो भन्ने अनुमान केहीले गरेका छन्। शिवदेव द्वितीयको बलम्बु अभिलेखमा राजाले पुण्य प्राप्तिका निमित्त प्रत्येक वर्ष भगवान पशुपतिनाथमा छाता चढाउने जात्रा चलाएको उल्लेख पाईन्छ। त्यस्तै लोकपाल स्वामीको जात्रा, मण्डपीयात्रा, द्वारोद्‌घाटन यात्रा आदिको उल्लेख पनि तात्कालीन अभिलेखहरूमा पाईन्छ। यी यात्राहरू प्रत्यक्षतः विविध देवदेवीसँग सम्बन्धित देखिन्छन्। तर पनि जात्राका बेला गरिने विभिन्न क्रियाकलापहरूले गर्दा यसले अप्रत्यक्ष रूपमा स्थानीयवासीलाई मनोरन्जन प्रदान गर्दथ्यो भन्ने कुरा जान्न सकिन्छ। यी धार्मिक यात्राका अतिरिक्त नाचगान, पहलवानहरू लडाउने, साँढे जुधाउने, आदिद्वारा पनि त्यसबेलाका मानिसले मनोरन्जन प्राप्त गर्दथे भन्ने कुरा थाहा पाउन सकिन्छ।

चिनीयाँ ताङ वृत्तान्तमा नेपालीहरू सनही तथा ढोल बजाएर नाचगान गर्न खुसी मान्छन् भनी उल्लेख भएको पाईन्छ। नेपालका विभिन्न ऐतिहासिक जातिमा यस किसिमको गान बजान गरी मनोरन्जन लिने परम्परा अद्यावधि थुप्रै देख्न पाईन्छ। शिवदेव प्रथमको लेले अभिलेख र नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखले नाचगान सम्बन्धी व्यवस्थाबारे उल्लेख गरेको छ। पहिलो अभिलेखमा वादित्र गोष्ठीको चर्चा गरिएको छ। मन्दिरहरूमा बाजा बजाउने व्यवस्थाका लागि मात्र छुट्टै गोष्ठीको (वादित्र गोष्ठीको) व्यवस्था भएको देखिन्छ भने दोश्रोमा दश देवदास र बीस देवदासी नाचहरूको उल्लेख भएको छ। यी देवदास देवदासीहरूको मुख्य काम विविध भावभङ्गिमा गानद्वारा सम्बन्धित देवीदेवताहरूलाई खुसी पार्नु रहेको हुनुपर्छ। बाजा बजाउन तालिमको आवश्यकता पर्दछ तालिम लिन नियत समयको जरुरत पर्दछ। यसकारण बाजाको बन्दोबस्तका लागि बढ्ता ध्यान दिन वादित्र गोष्ठीको व्यवस्था गरिएको बुझिन्छ। वर्तमानमा पनि विभिन्न ऐतिहासिक मन्दिरहरूमा कतै नित्य त कतै पर्व विशेषमा बाजा बजाउने गुठी चलिआएको देखिन्छ। यसरी नाचगानद्वारा पनि त्यसबेलाको समाजले मनोरन्जन प्राप्त गर्दथ्यो।

यी धार्मिक यात्रा र नाचगानका अतिरिक्त त्यसबेला मानिस एवं पशु लडाएर रमिता गर्ने गराउने प्रचलन पनि रहेको बुझिन्छ । सम्वत् ५२६ को लेले अभिलेखमा मल्लयुद्ध गोष्ठीको चर्चा परेको छ । यसले पहलवान मानिसहरू लडाएर जनतालाई मनोरन्जन प्रदान गर्दथ्यो । भीमार्जुनदेव र जिष्णुगुप्तको थानकोट अभिलेखमा गोयुद्धको चर्चा पाईन्छ । नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखबाट साँढे जुधाउँदा पताका अर्थात भण्डा विशेष पनि रहन्थ्यो भन्ने थाहा पाईन्छ । यसबाट गोयुद्ध त्यतिबेला अति लोकप्रिय मनोरन्जन रहेको देखिन्छ । हाल यो चलन हराइसकेको छ तर यसको सट्टा राँगोको युद्ध गराउने चलन चलेको छ । भक्कुलाई राँगो दिने चलन सम्भवतः गोयुद्धकै फेरिएको रूप हो । यसदेखि बाहेक शिकार खेल्ने, मदिरापान, हुक्का पिउने, पासा खेल्ने, मूर्तिकला, चित्रकला आदिद्वारा पनि त्यसबेलाका मानिसहरूले मनोरन्जन लिने गर्दथे ।

**निष्कर्ष**

लिच्छविकालीन समाज वर्णब्यबस्थामा आधारित समाज थियो । यो वर्णब्यबस्था सनातन हिन्दुधर्मबाट अभिप्रेरित थियो । मानिसहरू देवदेवीप्रति ठूलो विस्वास र आस्था राख्दथे, धर्मकर्मप्रति तिनको अटुट निष्ठा थियो । धर्म र पुण्यप्राप्तिका लागि हरसंभव प्रयासहरू गरिन्थ्यो । यस अर्थमा नैतिक, आदर्श र सदाचारमा आधारित सुख र सन्तोषमय पारिवारिक जीवन नै तात्कालीन समाजको एक मुख्य उद्देश्य बनेको थियो । यसैकारण गृहस्थी जीवन ब्यतित गरेर पनि तात्कालीन मानिसहरूले आफ्ना धेरै कर्तब्यहरू सफलतापूर्वक पालना गर्न सकेका थिए । हिन्दुहरूको सान्निध्य र सम्पर्कमा आएका र जातपातको फन्कोमा बाँधिएका बौद्धमार्गीहरूको पारिवारिक बनौट पनि यसै अनुरूपको थियो भन्ने अनुमान गर्न सकिन्छ । ठूलाले सानालाई गर्ने माया, प्रेम, स्नेह, अर्ती, उपदेश र उपकार अनि सानाले पनि आफूभन्दा ठूलालाई आदर, सम्मान र सेवा गर्ने जस्ता अति नै उत्कृष्ट निष्ठा त्यतिबेलाको समाजमा रहेको पाईन्छ । यताबाट त्यसबेलाको समाज निक्कै आदर्श स्वरूपको थियो भन्ने देखिन्छ । मानिसहरू बीच परस्परको आत्मीयपन, सहृदयता, सहयोगी भावनाले गर्दा समाजमा जुनसुकै कार्य पनि आपसमा मिलेर गर्नुपर्छ भन्ने भावना मौलाएको थियो । यसैको फलस्वरूप तात्कालीन समाजमा विविध प्रकारका गोष्ठीहरू (गुठी ब्यबस्था) स्थापना भए । यसैगरी स्थानीय प्रशासन र जनहित सम्बन्धी कामकुरा मिलाउन प्रत्येक गाउँमा पांचालीखडा गरिएका थिए । अर्को कुरा, संयुक्त परिवार प्रथाको प्राधान्यताले गर्दा पनि अप्रत्यक्ष रूपमा तात्कालीन समाजलाई मजबुत र संगठित बनाउनमा मदत पुऱ्याएको देखिन्छ । किनभने एउटा ब्यक्तिले गरेको कामको जसअपजस पुरैपरिवारलाई मिल्ने भएकोले ब्यक्ति आफ्नो परिवार र समाजप्रति सदैव जिम्मेवार बनेको हुन्थ्यो । उसले मनपरि गर्न पाउँदैनथ्यो । यी उल्लिखित दृष्टान्तहरूका आधारमा लिच्छविकालीन नेपाली समाज निक्कै सभ्य र उन्नत अवस्थामा रहेको तथ्य स्पष्ट हुन्छ । यसप्रकार लिच्छवि समाज एउटा संगठित तथा सामुहिक स्वार्थ प्रति आस्था राख्ने प्रगतिउन्मुख समाजको रूपमा देखा पर्दछ, जसले भविष्यको नेपाली समाजको आधारशिला खडा गर्नमा ठूलो भूमिका खेलेको थियो । अस्तु ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरु लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरुलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**


## हार्दिक समवेदना



**स्व. चन्द्रशोभा तिमिला**

**जन्म : १९९१ असोज ११ निधन : २०७५ चैत २४**

भक्तपुर नगरपालिकाका निलम प्रधानाङ्गका सासुआमा **चन्द्रशोभा तिमिला**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# dxfg\lr lgofÞfqL O{T ; a

रत्नसुन्दर शाक्य

नेपालमा जन्मनुभएका ऐतिहासिक शाक्यमुनि बुद्धको धर्म ईशाको प्रथम शताब्दीमा नै चीनमा प्रवेश भएको प्रमाण चीनको लोयाङ्ग शहरमा सन् ६७ मा बनेको पहिलो बौद्ध बिहारबाट स्पष्ट हुन्छ, जुन विहारलाई 'श्वेताश्व विहार' भनिन्छ। यस विहार पूर्वी हान राजवंश (२०-२२१ ईस्वी) का सम्राट् मिङ (राज्यकाल, ५८-७५ ई.) को पालामा बनाइएको हो।

त्यसताका (ईशाको प्रथम शताब्दी) सम्राट मिङले एक दिन सपनामा एक स्वर्णमय पुरुष देखे। त्यस सपनाको कुरालाई लिएर दरबारका एक मन्त्रीले सम्राटलाई अवगत गराए कि पश्चिममा गौतम (बुद्ध) नामका एक महान् ऋषि थिए सम्राटले उहाँकै दर्शन गरेको हुनुपर्छ।

सम्राटले तुरून्तै बौद्ध भिक्षुहरू र बौद्धग्रन्थहरू ल्याउन को निमित्त तीनजना दूत ( राजकर्मचारी)हरू भारत पठाए। ती दूतहरूले भारतबाट काश्यपमातङ्ग र धर्मरत्न नामका दुईजना भिक्षु र कयौं बौद्ध ग्रन्थहरू श्वेत (सेता) घोडाहरूमा चढाई चीनको लोयाङ्ग नगरमा पुऱ्याएका थिए। अतः लोयाङ्ग शहरमा बनाइएको 'श्वेताश्व विहार' (श्वेत-अश्व-विहार) मा सेतो घोडाको प्रतीक पनि बनाइराखेको हामी पाउँछौं जसको अवलोकन महापिण्डत राहुल सांकृत्यायन (सन् १८९३-१९६३) ले पनि सन् १९५८ को अन्तमा आफ्नो झण्डै ५ महिनाको चीन निवासकाल (१५ जून-९ नवेम्बर) मा गरेर आउनुभएको थियो।

यसप्रकार चीनमा ईश्वीको प्रथम शताब्दीदेखि सर्वाधिक रूपमा प्रभावित गर्दै आएको बौद्ध-धर्मले चीनको सांस्कृतिक जीवनमा यसले अभूतपूर्व योगदान गर्दै आएको थियो। अतः त्यसबेलादेखि चिनियाँ जनता (विशेषतः भिक्षुहरू) ले तथागत बुद्धको पावन भुमि (विशेषतः भारतको विहार र उत्तर प्रदेशमा अवस्थित क्षेत्र) लाई पुण्यभूमिको रूपमा स्वीकार गरी भारतको धर्मयात्रा शुरू गर्दै ल्याए।

ती कयौं यात्रीहरूमा भारत पुगी महत्त्वपूर्ण उपलब्धि हासिल गरेका ३ महान् पर्यटकहरू फाहियान र हयनसाङ पछिका ई-त्सिङ (यिचिङ (yijing) लाई अंग्रेजीमा इ-त्सिङ (I-Tsing या I-Ching) लेखिएको छ।) अन्तिम चीनी बौद्ध भिक्षु हुन् जसले भारतमा आई सबभन्दा बढी समय बिताई अध्ययन-मनन गरी स्वदेश फर्की महत्त्वपूर्ण योगदान दिएका थिए।

उहाँको जन्म सन् ६३५ मा चीनको चो-शाङ्ग (फानयान) प्रदेशमा भएको थियो। वाल्यकालमा उहाँको नाम चाङ वेन्मिङ थियो। उहाँले ७ वर्षको उमेरमा त्यसताका चीनमा प्रचलित कन्फ्यूशियस र ताओको शिक्षाबाट अध्ययन शुरू गर्नुभएको थियो।

सन् ६४५ मा महान् चिनियाँ यात्री हुयनसाङ्ग भारत यात्रा सम्पन्न गरी चीन फर्कनुभएको बेला ई-त्सिङ १० वर्षका बालक थिए। तर १० वर्षको अवधिभित्र मै उहाँ प्रव्रजित हुने धुनमा रहिसक्नु भएको थियो। उहाँ १२ वर्षको उमेर हुनुभएको बेला उहाँका एक गुरूवर शान-यूको निधन हुन गएको कारण उहाँमा विरक्तिभाव झन बढ्यो। यसैको परिणामस्वरूप उहाँले १३ वर्षको उमेरमा सन् ६४८ मा बुद्ध-धर्ममा प्रव्रजित भए।

उहाँले बुद्ध-धर्ममा विशेषतः विनयपिटकको अध्यापनमा जोड दिनुभयो। त्यसताका (सातौं शताब्दीमा) चीनमा पीढी-दर-पीढी विनय-नियममा ह्रास हुँदै आएका कारण मूल विनयपिटकको नियमहरूको गलत व्याख्या हुँदै आएको कारण ई-त्सिङले यस (विनयपिटक) को विस्तृत अध्ययन एवं तथागतका संवेजनीय स्थलहरूको पनि अवलोकन गर्ने मनसायले १७ वर्षको उमेर (सन् ६५२) मा भारत-यात्रा गर्ने निर्णय गरिसक्नुभएको थियो तर उहाँको आकांक्षा ३६ वर्षको उमेरमा, सन् ६७१ मा आएर मात्र कार्यरूपमा परिणत गर्न सफल भयो।



ई-त्सिङ

यस अवधि (सन् ६५२-७१,१९ वर्ष) भित्रमा ई-त्सिङ उपसम्पन्न भई आफ्ना गुरूवर शान-यूको रिक्त स्थानमा रही अध्यापन कार्य पनि गर्नुभयो। यसको साथै अन्य एक उहाँका प्रमुख गुरूवर व्हीसीको सल्लाहअनुसार सन् ६५३ देखि सन् ६५८ सम्म ५ वर्ष त्यहाँ प्रचलित विनयपिटकको अध्ययनमा लाग्नुभएको थियो।

यसै अवधिभित्रमा सन् ६६४ मा तत्कालीन चीनको राजधानी चाङ्ग-आनमा हुयनसाङ्गको निधनको बेला ई-त्सिङ त्यहीको एउटा विहारमा हुनुहुन्थ्यो। हुयनसाङ्गको अन्तिम संस्कार (दाहसंस्कार) को निमित्त राजाले विशेष प्रबन्ध गरिएको थियो। यसबाट पनि ई-त्सिङ निकै प्रभावित भए। उहाँ फाहियानको यात्रा विवरणबाट पनि परिचित हुनुहुन्थ्यो। अतः फाहियान र हुयनसाङ्गका विशेष प्रशंसक भई ई-त्सिङले हुयनसाङ्गको निधनको ७ वर्षपछि सन् ६७१ मा आफ्नो लक्ष्यअनुरूप भारत यात्राको निमित्त क्वाङ्गचाओ (कैन्टन) बन्दर्गाह

पुगी एक फारसी (इरानी) जहाजबाट यात्रा शुभारम्भ गर्नुभयो।

शुरूमा उहाँलाई शानहिंग नामका एक नवयुवक विद्यार्थीले साथ दिएका थिए तर उनी श्रीविजय (हाल सुमात्रा इन्डोनेशियाको एक टापू) मा पुग्नासाथ बिरामी भई चीनमै फर्के। अतः ई-त्सिङ मात्र तत्कालीन बौद्धधर्म अध्ययनका एक प्रमुख केन्द्र भइरहेको सुमात्रा (श्रीविजय) मा रही ६ महिना संस्कृतको अध्ययनमा लाग्नुभयो। सौभाग्यको कुरा, सुमात्रामा उहाँको सम्पर्क त्यहाँका एक राजकुमारसित भयो। जसको जहाज पूर्वी भारतमा आवतजावत भई नै रहन्थ्यो। अतः राजाको जहाजमा निर्धक्कका साथ रही ई-त्सिङ समुद्रको बाटो हुँदै दुई महीनापछि ताम्रलिप्ति (बंगाल) पुग्नुभयो।

सन् ६७३ मा ताम्रलिप्तिमा रहँदै आउनुभएका उहाँले त्यहाँ हुयनसाङ्का एक मित्रलाई पनि भेट्नुभयो, जसले हुयनसाङ्का साथ कयौं समय बिताई भारतका विभिन्न भूभागमा भ्रमण गरेका थिए।

ताम्रलिप्तिमा केही महीना रही ई-त्सिङ त्यहाँबाट पश्चिम दिशातर्फ लाग्नुभयो। उहाँले मगध राज्यमा अवस्थित कयौं पवित्र बौद्ध स्थलहरूको अवलोकनपश्चात् पुनः पश्चिमतर्फ लागी कुशीनगर, सारनाथ, लुम्बिनी-कपिलवस्तु र श्रीवस्तीको अवलोकन गरी गया एवं बोधगया आइपुग्नुभयो। बोधगयाबाट नालिन्दा फर्की १० वर्ष उहाँले नालन्दा महाविहार (विश्वविद्यालय) मा रही बौद्ध ग्रन्थहरूको अध्ययन-मननको साथै ती ग्रन्थहरूको पनि संकलन गर्दै जानुभयो। उहाँले ४०० वटा संस्कृत बौद्ध ग्रन्थहरू संकलन गर्नुभयो जुन ५ लाख श्लोकहरूको बराबरीमा थियो।

सन् ६७५-८५ सम्म नालन्दा विश्व विद्यालयमा रही बौद्ध साहित्यमा विशेषतः विनयपिटकको अध्ययनमा लागेका उहाँले सन् ६८५ मै ताम्रलिप्ति (हाल तमलुक-मेदिनीपुर) मा पुगी त्यहाँबाट सिंहल (श्रीलंका) को निमित्त प्रस्थान गर्नुभयो। सिंहलमा केही वर्ष रही उहाँ सन् ६८९ मा सुमात्रा पुग्नुभयो। सुमात्रामा उहाँ ६ वर्ष रही पुनः बौद्ध साहित्यको अध्ययन मननको साथै अनुवाद कार्य पनि गरी सन् ६९५ मा ६० वर्षको उमेरमा स्वदेश (चीन) फर्कनुभयो।

सन् ६९५ मा, २५ वर्ष (सन् ६७१-९५) को विदेश यात्रा सम्पन्न गरी ई-त्सिङ चीन फर्केको बेला उहाँलाई महान् चिनियाँ यात्री हुयनसाङ्लाई जस्तै नै भव्य रूपमा स-सम्मान स्वागत गरिएको थियो। स्मरणीय छ, त्यसबेला चीनमा बौद्ध धर्मका प्रख्यात संरक्षिका महारानी बू-चो-तियान्को शासनकाल थियो।

ई-त्सिङले स्वदेश फर्की सन् ७१२ सम्ममा आफूले संकलन गरी ल्याएको ४०० संस्कृत र पालिभाषाका बौद्ध ग्रन्थहरूमध्ये ५६ वटाको अनुवाद (चिनियाँभाषामा) उहाँ स्वयंले पूर्ण गर्नुभएको थियो। यसको अतिरिक्त उहाँले दुईवटा विशिष्ट कृतिको पनि रचना गर्नुभएको थियो। जसमा एउटा थाङकाल (सन् ६१८ देखि ९०७) को शुरूदेखि उहाँको समय सम्ममा बौद्धधर्मको खोजमा भारत यात्रा गरेका विख्यात भिक्षुहरूको जीवन चरित्र थियो। त अन्य 'दक्षिण पूर्व एशियास्थित दक्षिणी सागरवर्ती (समुद्रतट) देशहरूमा बौद्ध धर्मको स्थिति विवरण' थियो।

ई-त्सिङले गर्नुभएको अनुवाद कृतिमा केही प्रमुख निम्न छन् -

१) मूल सर्वास्तिवादी पिटक-१२ खण्ड, यसको निमित्त उहाँलाई अन्य केही विद्वानहरूले पनि साथ दिएका थिए।
२) आचार्य जिनमित्रद्वारा रचित मूल सर्वास्तिवाद विनय-संग्रह।
३) आर्चाय विशाखद्वारा रचित 'मूल सर्वास्तिवाद निकाय विनय-गाथा'।
४) आचार्य मातृचेत (कनिष्क-कालीन) द्वारा रचित 'अध्यर्ध-शतक' (बुद्धस्तोत्र)।
५) आचार्य मातृचेत नागार्जुन द्वारा रचित 'सुहृल्लेख' (घनिष्ठ मित्रलाई लेखेको पत्र)।

यो 'सुहृल्लेख' आचार्य नागार्जुन (पहिलो-दोश्रो शताब्दी) ले आफ्ना एक परम मित्र दक्षिण भारतका आन्ध्र राजा गौतमी पुत्र यज्ञश्री (राज्यकाल, सन् १६६-९६) लाई पत्रको रूपमा लेखिएको रचना थियो, जसमा उहाँले परमार्थ र व्यवहारिक शिक्षाको रूपमा १२४ वटा श्लोकका साथ पूर्ण गरिएको थियो। स्मरणीय छ यस कृति नेपालभाषामा ३ दशक अगाडि बुद्धनारायण मानन्धरले सम्पादन एवं अनुवाद गरी दोस्रो संस्करण (ने.सं. ११०२) समेत प्रकाशित गरिसकेको छ।

यसप्रकार एसियाको इतिहासमा बेजोड भूमिका निभाएका चिनियाँ बौद्ध यात्रीहरूमा फाहियान र हुयनसाङ्गपश्चात् महान् पर्यटकको रूपमा ई-त्सिङले आफ्नो सम्पूर्ण जीवन बुद्ध-धर्मको संरक्षणार्थ लगाई सन् ७१३ मा ७८ वर्षको उमेरमा सम्राट चुंग-त्संगुको शासनकालमा आफ्नो जीवन परित्याग गर्नुभएको थियो।

## सहयोग सामग्री


१) बौद्ध संस्कृति-महापण्डित राहुल सांकृत्यायन, आधुनिक पुस्तक भवन, कलकत्ता १९५२
२) हे चो (हुइ शाओ) का यात्रा वृत्तान्त (हिन्दी अनुवाद) -डा. जगदीश चन्द्रिकेश, नेशनल बुक ट्रष्ट, इण्डिया २०११ चौथो संस्करण)
३) बौद्ध धर्मका एक अध्ययन-डा अवधेश सिंह, रामानन्द विद्या भवन, दिल्ली-१९८७
४) चीन भारत मैत्रीका संक्षिप्त इतिहास-प्रो चिन खमू (हिन्दी अनुवाद)-जानकी बल्लभ, विदेशी भाषा प्रकाशन गृह, पेइचिङ-१९८४
५) चीन मे क्या देखा-महापण्डित राहुल सांकृत्यायान, पीपुल्स पब्लिसिंग हाउस, नई दिल्ली १९६०

# ?;df af}4 wd{ kl/ro / ljz]ftf



रविन्द्र मुनंकर्मी

## परिचय

रुसमा तिब्बती बौद्ध धर्मले प्रभाव पारेको हुनाले त्यहाँ निग्मापा सम्प्रदाय, काग्यूपा सम्प्रदाय, शाक्यपा सम्प्रदाय, र गेलुपा सम्प्रदायका साथै केही सङ्ख्यामा थेरवादीको पनि अस्तित्व रहेका छन्। त्यहाँ चीनको पश्चिम क्षेत्र जाने रेशम मार्गबाट व्यापारका लागि आवतजावत गर्ने क्रममा मध्यएसियाली भू-भागमा प्रथम शताब्दीतिर बौद्ध धर्म दर्शन व्यापक प्रचार भएको थियो। बौद्ध धर्म प्राचीन स्थान खोरेज्ममा प्रवेश भई क्यास्पियन, अरब सागर र प्रशान्त महासागरको बीचमा स्थापित भएका थिए। प्राप्त हस्तलिखित ग्रन्थअनुसार सातौं शताब्दीमा समरकूचा र खोतानलाई बौद्ध संस्कृतिको केन्द्र मानिन्छ। रुस बहुभाषीय, बहुजातीय, बहुराष्ट्रिय गणतन्त्र र स्वशासित देश हो। त्यहाँको ८९ प्रान्त एकाइहरू महासंघ पुरानो राजधानी सेन्टपिटर्सवर्ग थियो। त्यहाँ युरोपको सबैभन्दा पुरानो गन्जेचोइने दात्सान (गुम्बा) को सन् १८५२ देखि १९२७ सम्म निर्माण कार्यलाई आगा-बान-दोर्जेपले संस्थापक भूमिका निर्वाह गरेका थिए। त्यहाँको ३०३ वर्ष पुरानो सहरलाई द्वितीय विश्वयुद्धमा ध्वस्त पारिएको थियो। त्यो उत्तरी राजधानी भएकाले पुनः निर्माण गरिएका छन् र यसको निर्माता पिटर द ग्रेटलाई मानिन्छ। त्यहाँको अक्टोबर क्रान्ति अगाडि ११ मिटर अग्लो बुद्धको प्रतिमा थियो। यस स्थानलाई धेरैपटक सैनिक प्रयोजनका लागि नियन्त्रण गरिएका थिए।

अक्टोबर १९१७ भन्दा पहिले त्यहाँ क्रिश्चियन अर्थोडक्स चर्चको प्रधान धर्म मानिएका कारण त्यहाँ अन्य धर्म मान्नेहरूको लागि पूजा-अर्चनामा प्रतिबन्ध लगाएका थिए। २३ जनवरी १९१८ मा लेनिनले चर्चलाई राज्यबाट र विद्यालयलाई चर्चबाट अलग्ग गर्ने विषयमा हस्ताक्षर गरिएको थियो। यसले सोभियत रुसको सम्पूर्ण नागरिकहरूलाई धार्मिक स्वतन्त्रता मिलेको थियो। त्यहाँको मुख्य धर्मलाई राजकीय मान्यता दिएकोमा क्रिश्चियन, इस्लाम, बौद्ध, र यहुदी पर्दछन्। रुसमा भएका चार धर्महरूले राजकीय मान्यता प्राप्त गरेको मध्य बौद्धधर्मका अनुयायीहरू यहाँको एसिया भू-भागमा बसोबास गर्ने जनजातिहरू बढी छन्। सोभियत संघमा प्रचलित ४० धर्महरूमध्ये एक बौद्ध धर्म पनि थियो। यसका अनुयायीहरूले त्यहाँ समान अधिकारको उपभोग गरेका छन्। संविधानले बौद्ध धर्मलाई पनि अन्य धर्महरूसरह सक्रिय धार्मिक जीवन सञ्चालन गर्न सक्ने अधिकार दिएको छ। त्यहाँको एसियाली भू-भागमा पर्ने स्थानहरू वुरियाकिया, तुभा, एगेन्स्की, चित्ता, र इर्कुस इत्यादि स्थानहरूमा बौद्धमार्गीहरू बस्दछन्। यस जातिभित्रकै मध्यबाट अहिले पनि प्रकृति पूजालाई मानी आएको देखिन्छ। बौद्ध धर्मभित्र त्यहाँको आदिवासी परम्पराअनुसार मान्यता दिएका छन्।

## पुरातत्त्व अवशेषहरू

रुसको दक्षिणी भू-भागमा पर्ने उज्वेकिस्तानको तेरभेज नजिक पहाडी क्षेत्रलाई दोस्रोदेखि चौंथो शताब्दीमा बौद्ध संस्कृतिको प्रमुख केन्द्र मानिएको छ। यात्री दुओईत्साओंले सन् ७२७ मा तेरभेजको क्षेत्रबाट यात्रा गर्ने क्रममा त्यहाँ उनले बौद्ध राजा, श्रेष्ठजन अथवा प्रजाहरूले बौद्धधर्म अपनाएको पाए। त्यो स्थानमा प्रथमदेखि चौंथो शताब्दी अनुमान गरिएका गुम्बाहरूको अवशेष पुरातत्त्व विभागले उत्खनन गरी एक विशाल बौद्ध गुम्बाको अवशेष र अनेक गुफाहरू एवं किल्लाहरूका साथै बुद्धका पाषाण मूर्तिहरू प्राप्त गरेका छन्। फारगाना उपत्यकाको दक्षिण ताजकिस्तान (अजिन-तेपे) पहाडी एरियाको एउटा बौद्ध गुम्बा उत्खनन गर्दा चिनियाँ माटोको अनेक रंगिन मूर्तिहरू र बुद्ध जीवनी घटनासम्बन्धी भित्तेचित्रहरूको अवशेषका साथै १४ मिटर अग्लो बुद्ध निर्वाण मुद्रामा रहेको मूर्ति प्राप्त भएको छ।

सन् १९७०-१९७१ मा करा-तेपे र फायज-तेपेमा उत्खनन गर्दा बौद्धस्तुपा र विभिन्न बौद्ध कथाहरू अंकित गरिएका बहुरंगी भित्तेचित्र प्राप्त भयो। सन् १९७६ मा ताजिक पुरातत्त्व बेत्ताहरूले नदी घाटीमा सातौं शताब्दीको एक बौद्ध अवशेष गुम्बामा चित्रहरू र मूर्तिहरूबाट सुसज्जित भएको पाए। भित्तेचित्र भन्दा माथि एउटा गद्दीदार सिंहासनमा बुद्ध बसेको छ। त्यहाँको उत्खनन विभागले डोनजुआनको नजिकै रहेको 'हजार बुद्ध गुफा' नामबाट प्रसिद्ध बौद्ध विहारको छानबिन तथा उत्खनन गर्दा बुद्धका अनेक सुन्दर मूर्तिहरू, भित्तेचित्र, र धर्मग्रन्थ प्राप्त भएका थिए।

तुर्कमानिया बेरामअलिको उत्तरतिर उत्खनन गर्दा बौद्ध मन्दिर र माटोको पात्रमा स-साना बुद्धमूर्ति, पाँचौं शताब्दीका केही इरानी पैसा, र टाँसिएको भोजपत्रहरू प्राप्त भएका छन्। यो अन्दाजी १५०० वर्ष पुरानो हस्तलिखित ग्रन्थलाई एसिया जनगण संस्थानको लेनिनग्राड विभागले

होशियारी साथ प्रत्येक पन्नालाई छुट्याएका छन्। रुसका पुरातत्त्वविदहरूले हालसम्म बीसवटा भन्दा बढी खरोष्टि र ब्राम्ही लिपीमा लेखिएको ग्रन्थहरू भेटाइसकेका छन्।

बौद्ध ग्रन्थहरू १८७५ मा इभान पाभ्लोभिच मिनायेभले संकलन गरी युरोप लगेर अनुवाद गरी रुसको प्राच्य विध्याकेन्द्र सेन्टपिटसवर्गबाट प्रकाशित गरिएको थियो। त्यहाँ प्रेस गुम्बा भित्रै राखिनुका साथै प्रत्येक गुम्बामा पुस्तकालयको व्यवस्था गरिएका छन्। त्यहाँको दात्सान (गुम्बा) पुस्तकालयमा सुत्रपिटकहरूको संग्रह १०८ खण्डमा छन्। इवोलिन्स्की बौद्ध गुम्बामा सुरक्षित यस ग्रन्थलाई हस्तलिपिबाट तयार गर्दा मूल्यवान रत्नहरू तथा धातुहरूबाट निर्मित विशेष घोलहरूलाई प्रयोग गरिएको छ। यो पवित्र ग्रन्थ राख्नका लागि विशेष भवन बनाएका छन्। यो विहारमा कंग्यूर र तंग्यूरको सम्पूर्ण संग्रह गरिएका छन्। जसमा धर्मशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्र, भिषज विज्ञान, भाषा विज्ञान, कला, रितिस्थिति विधान, र स्थापत्य विज्ञानको २२५ खण्ड छन्। त्यहाँ ६ रत्नः नागार्जुन, आर्यदेव, असंग, वसुवंधु, दिगनांग, र धर्मकीर्तिको अत्यन्त महत्त्वपूर्ण कृतिहरू र अश्वघोष, चंद्रोगमणी र शान्तिदेवको ग्रन्थ पनि छन्। यो पुस्तकालयमा तिब्बती, मंगोली, संस्कृत, बुर्यात तथा अन्य भाषाहरूको अमूल्य पाण्डुलिपीहरू पनि संकलन गरिएका छन्।

बौद्धहरूको चार प्रमुख स्थान– कलमिकिया, बुरियातिया, एगेन्स्की, तुभा, कलमिकिया गणराज्य एउटै मात्र युरोपको भू-भागमा पर्ने बौद्धहरूको वाहुल्यता रहेको रुसीक्षेत्र हो। त्यो स्थानमा मंगोल मूलको कलमिक जनजातिले बसोवास गरेका हुनाले यसलाई कलमिकिया भनिएको मान्न सकिन्छ। कलमिक जनतालाई बौद्धधर्मको सन्देश मंगोलियाबाट मिलेको थियो। उनीहरूले बौद्धधर्म ग्रन्थहरूलाई कलमिक भाषामा लामाहरूद्वारा अनुवाद गराएका थिए। सन् १७१२ मा ५० जना तिब्बती बौद्धभिक्षुहरूले तुरानी खानाबदोशी जातिमा धर्म फैलाएका थिए। त्यही खानाबदोशीहरू द्वारा काला सागर छेउमा बुद्धको उपदेश ल्याएकाले विहारको शैलीबाट पनि प्रभावित भई बनेका देखिन्छन्। त्यस स्थानमा सन् १६२८ देखि १६३० सम्ममा पश्चिमी मंगोलियन गोठालाहरू क्यास्पीयन सागर किनारा, वोल्गा नदी तट र डोन नदी बीचको स्थानबाट चरण गर्ने क्रममा प्रवेश गरी बसोवास गर्ने चिनियाँ मूलका हुन्। उनीहरूले आफूसँगै बौद्धधर्म र संस्कृति ल्याएका थिए। त्यहाँको सुदूर पूर्वी क्षेत्रमा मंगोलियन, चिनियाँ, जापानी, कोरियाली मूलका रुसी नागारिकहरू मध्य बढी सङ्ख्यामा बौद्धहरू नै छन्। त्यहाँ बौद्धधर्म प्रचलनमा आउनुभन्दा पहिले प्रकृति पूजक थिए। त्यहाँको राजधानी एलिस्ता बौद्ध संस्कृति र धर्मको आकर्षक केन्द्र मानिन्छ।

बुरियातिया गणराज्य मंगोलिया र चीनसँग सिमाना जोडिएका क्षेत्र हुन्। सन् १२०६ मा त्यहाँ चंगेज खाँले सबै घुमन्ते जातिलाई एकीकरण गरेर महान मंगोल साम्राज्य स्थापना गरेको थियो। त्यहाँ सत्रौं शताब्दीको मध्यतिर मंगोल र तिब्बती लामाहरू बैकाल तालको पूर्व क्षेत्रमा प्रवेश गरी बौद्धधर्मलाई पहिला त्यहाँको पारक्षेत्रहरूबाट फैलाएका थिए। यो पछि तुभामा प्रभाव बढेर प्रमुख धर्म बनेको थियो। त्यहाँको बौद्धधर्मलाई राजकीय मान्यता सन् १७१४ मा एलिजावेथ पेट्रोभ्नाले लालमोहर प्रदान गरी अधिकारिक मान्यता प्रदान गरिएको समयमा सेलेगिन जिल्लाको त्योडगोल दजानमा पहिलो विहार निर्माण गरिएको थियो। सोभियत कानूनद्वारा दिएको अधिकारअनुसार त्यहाँका बौद्धमार्गीहरू आफ्नो धर्म संस्कृतिमा आस्थावान र पहिचान प्रति सम्वेदनशील भएकाले सन् १९६९ मा स्वायत्त जनतन्त्रको इवोल्गाग्राममा एउटा राष्ट्रिय सम्मेलन गरिएको थियो। त्यहाँको इतिगुई गुम्बामा सातौं शताब्दीको श्रीखण्डको बुद्धमुर्ति प्रतिस्थापना गरेको छ, जुन भृकुटीले तिब्बतमा नेपालबाट लगिएको मूर्ति मध्य एक मानिन्छ। त्यहाँका गुम्बाहरूमा नेपालको राष्ट्रिय लिपिमा महायानी मन्त्र संयुक्ताक्षर र 'ॐ मनी पद्मे हुँ' लेखिएका छन्। बुरियातियाको किसिङ्गामा ञ्यारुङ खास्ती चैत्य बनाउनुका साथै नेपालको पौभा (थाङ्का) र मूर्तिहरू सजाएर राखिएका छन्। अर्को उलानउडुको सुखावती विहारमा पनि नेपाली बुद्धमूर्तिहरू र पौभाहरूले सजाएका छन्।

एगेन्स्की, २६ सेप्टेम्बर १९३७ मा बुरियातबाट स्वशासित भएको क्षेत्रमा रमणीय प्रकृति र बौद्ध सम्पदा भएको पूर्वीय रुसको आकर्षक स्थान हो। यस क्षेत्र भित्र स्थापना गरिएको गुम्बाहरूः सन् १८०१ मा स्थापना गरिएको चुगोल्स्की दात्सनभित्र भव्य मन्दिरको दायाँबायाँ नेपालको लिपी संयुक्ताक्षर मन्त्र टाँगिएका छन्। यस गुम्बामा धेरै पुराना मूर्तिका साथै थाङ्काहरूले मन्दिर सजाइएको छ। त्यहाँ पहिले ३००० लामा बस्थे, सन् १९३० को घटनाका कारण लामाको सङ्ख्यामा कमी आएका देखिन्छ। यसको जीर्णोद्धार सन् १९९० पछि हुन थालेको देखिन्छ। यस गुम्बाले मैत्रय बुद्ध मूर्ति रथमा राखी जात्रा चलाउने गरिएका छन्। पहिला त्यहाँ दर्शनशास्त्र र चिकित्साशास्त्रको अध्ययन गराइन्थ्यो। सन् १८०२ को गुनेस्की गुम्बा, सन् १८११ मा निर्माण गरिएको एगेन्स्की दात्सन भित्र शाक्यमुनि मन्दिर स्थापना गर्नुको साथै धर्मशास्त्र, दर्शनशास्त्र, चिकित्साशास्त्र,

खगोलशास्त्र, तर्कशास्त्रहरूका ग्रन्थहरूलाई पुरानै स्वरूपमा छाप्ने काम गरिन्छन्। सन् १८२० को युगोलस्को गुम्बा, सन् १८५० मा स्थापना गरिएको उजोन्स्की दात्सन सन् १९३० मा ध्वस्त पारिएकालाई पुनः निर्माण १९९८ मा गरिएको छ। चिता नजिकै सन् १९९१ मा स्थापना गरिएको उग्दोन्स्की गुम्बा पनि एगेन्स्की भित्रै पर्न आउँछ। सन् १९९५ को उजोयन्स्की गुम्बा, सन् १९९७ को उग्दोन्स्की दात्सान (गुम्बा) इत्यादि प्रमुख बौद्ध सम्पदाहरू हुन्। त्यस स्थानलाई गुम्बाहरू निर्माण गरी सजाएका कारण दात्सनहरूको देश भन्न सकिन्छ।

तुभाको राजधानी किजिलमा एशियाको भौगोलिक केन्द्रविन्दु देखाउनका लागि एउटा स्मारक ठड्याइएको छ। यो रुसको बौद्ध मार्गीहरूको बाहुल्य भएका चारवटा मध्य एक हो। त्यहाँ २०,००० वर्ष पहिलाको मानव अवशेष फेला पारिएका छन्। तुभा एशियाको व्यापारी कारोबारीको मार्गमा पर्नाले यहाँ स्किथियन, हुन, टुर्किक, उगुर, किर्गिज, चिनियाँ, मंगोल, रुसी र विविध जातिहरू प्रवेश गरी एक आपसमा घुलमिल भएको देखिन्छ। त्यहाँको बौद्धधर्म सत्रौं देखि तिब्बती तथा मंगोलियन लामाबाट व्यवस्थित रूपमा धर्म विस्तार गरिएका थिए। त्यहाँ निग्मापा, काग्यूपा, शाक्यपा सम्प्रदाय भएता पनि गेलुपा सम्प्रदायलाई प्रमुख मानिन्छ। सन् १९२९ तिर तुभामा २५ वटा गुम्बाहरू र ४,८१३ लामाहरू थिए। रुसमा क्रिश्चियनहरूको साशनकाल अवधि भित्र तुभामा बौद्धधर्म माथि दमन भएका कारण यसमा ह्रास आएको थियो। सन् १९९० पछिको बहुदलीय प्रजातन्त्र स्थापना भई धार्मिक स्वतन्त्रता आएको कारण बौद्धहरूले पुनर्जागरण हुन पाए लगतै त्यहाँका युवाहरूलाई लामा विद्या सिक्नका लागि भारत, मंगोलिया र बुरियातिया पठाएका थिए। तुभामा हाल पाँचौं काम्वेलामा वरिष्ठ धर्मगुरुमा छिन्। त्यहाँको काम्वेलामा क्रमशः पहिलो कजाक सान्दाक, दोश्रो अगानक खेर्तेक, तेश्रो दोलान कुलर, चौथो मार्टन नोर्वु-साम्बु, र हालको जम्बल लोदोई हुन्। त्यस स्थानको काम्वेलामा सन् २००० मा पुनः निर्माण गरिएको चेचोलिंग खुर्रे दात्सान (गुम्बा) मा बस्छन्। त्यो गुम्बा भित्र नेपालमा निर्मित बुद्धमुर्तिका साथै पौभा (थाङ्का) हरू राखिएका छन्। त्यहाँका बौद्धमार्गीहरूले धामी-झाँक्रीमा विश्वास गरेका कारण भूतप्रेतमा विश्वास गरी रोगव्याधी निवारणका लागि ढ्याङग्रो बजाउनुका साथै मन्त्र पाठ गर्ने प्रचलन देखिन्छ। त्यहाँ प्राकृतिक चिकित्सा जडिबुटीको पनि प्रयोग गरिनुका साथै मूल फुटेर निस्केको पानीबाट उपचार गर्ने प्रचलन देखिन्छ। तुभा बौद्ध सम्पदाका साथै प्राकृतिक सम्पदाहरूले भरिएको क्षेत्र हो।

## बौद्धधर्मको विशेषता

सोभियत कानूनले एकै स्थानमा विशेष रहनेहरू २० जना व्यक्ति र एकै प्रकारको धर्म मान्नेहरूलाई पञ्जीकरण अधिकार दिएका छन्। यदि सङ्ख्या कम भएमा पञ्जीकरण रहित धार्मिक समूह स्थापना गर्न सकिन्छ। राज्यमा यस्तो धार्मिक संगठनहरूले उपयोगका लागि सितैमा पूजा गृहको स्थापना गर्न सकिन्छ वा भाडामा लिनको लागि स्वीकृति दिएको छ। त्यहाँ बौद्ध परिषद र धार्मिक मामलाहरूको आयोग राखी केन्द्रीय बौद्ध परिषदमा कमसेकम एक पटक अधिवेशन आयोजना गरी लामा र बौद्धधर्मावलम्वीबाट प्रतिनिधिहरू चुनिन्छन्। यसबाट प्रत्येक दात्सानको आफ्नो नियम संहिता त्यहाँका लामाहरूद्वारा भिक्षुहरूको अधिकार तथा कर्तव्यलाई ध्यानमा राखेर बनाएको हुन्छ। तिनीहरूको नियमअनुसार बौद्ध विहारहरू तथा मन्दिरहरूको नेतृत्व लामाहरूका साथै सर्वसाधारण बौद्धहरूबाट चयन गरिन्छ। यसले अन्तराष्ट्रिय बौद्धहरूको बीच सम्पर्क बढाउने तथा राष्ट्रिय बौद्धहरूको बीच शान्ति तथा मैत्री सुदृढ गर्नका लागि महत्त्वपूर्ण भुमिका खेलिन्छ। त्यहाँ मंगोल बौद्धहरूको सहायताबाट गोम्बोयेवको पहिलो उच्चस्तर बौद्ध संस्थान सन् १९७० मा उलानबतोरमा स्थापना गरिएको थियो। यसमा बौद्धधर्मको सेवामा अर्पित भई अध्ययन गर्ने युवाहरूका लागि खुल्ला गरिएको छ। त्यहाँको बौद्ध संगठनहरूको बजेट धर्मावलम्वीहरूको दानबाट निर्माण गरिएको हुन्छ। यसलाई बौद्ध मन्दिरको कोषमा जम्मा गरी दात्सानहरूको प्रबन्धक तथा लामाहरूको जीविकाको लागि र शाक्यमुनीका अनुयायीहरूलाई शिक्षण पेशामा लामो समय काम गरेकाहरूका लागि केन्द्रीय बजेटबाट मासिक पेन्सन दिइन्छ। यस प्रकारका आयश्रोतहरूमा कर लगाईंदैन।

रुसको गुम्बामा बस्ने लामाहरूले दैनिक प्रार्थनाहरू गरी नियम पूर्वक धार्मिक प्रवचन आयोजना गरिन्छ। यिनीहरूले आफ्नो अनुयायीहरूको अनुरोधमा टाढासम्म पुगेर धार्मिक विधि पूरा गरिनुका साथै परिवारिक प्रार्थनाहरू गरिदिन्छन्। बुर्यात, कलमिक र तुभाका अनुयायीहरूको जीवनमा समस्त महत्त्वपुर्ण घटनाहरूको साथ धार्मिक विधिहरू हुन्छन्, जसमा लामा पुरोहित उपस्थित हुन्छ। यस प्रकारका केही विधिहरू घर तथा दात्सानहरूमा गरिन्छ। त्यहाँ गाउँ घुमी हिंड्ने लामाहरू हुन्छ। यस्तो प्रकारका ग्रामिण लामाहरूले गाउँमा आवश्यक सहयोगका तथा श्रद्धालुको कार्य गर्नुका साथै धार्मिक कार्य गर्ने गरिन्छ। यिनीहरू घुमन्ते जीवनमा दात्सन बाहिरै बिताउँछन। रुस भित्र

प्रकृति पूजक धारणाको धामी झाँक्रीमा बोनको प्रभाव देखिन्छ । रुस बौद्ध धर्मावलम्वीहरू प्रकृति पूजाको प्रभावका कारण नाग पुजा, भूमि पूजा, पानीको मुहान पूजा गर्ने र मन्त्र छापी माला सजाउनेका साथै पर्यावरण संरक्षण चेतना पनि यिनीहरूमा देखिन्छ । त्यहाँको प्रत्येक गुम्बामा परम्परागत विधिअनुसारको स्वास्थ्य उपचार गर्ने लामाहरू पनि हुन्छन् । त्यहाँका गुम्बाहरू भित्र दलाई लामाको तस्बिरलाई विशिष्ट स्थानमा राखिन्छ र त्यहाँ अवतारी लामाहरूको प्रचलन पनि देखिन्छ । त्यहाँ दलाईलामाको तस्बिर मूनिको स्थानमा अन्य लामाहरूका लागि स्थान छुत्याइएको हुन्छ । रुसमा सन् १९९० को चौधौं दलाई लामा आगमण भई कालचक्र धर्मदेशना गरिएको थियो ।

**वार्षिक पर्व**

रुसमा प्रचलित बौद्धधर्म तिब्वती र मंगोलियन धर्ममा ६ वटा विदाको दिन अथवा विशेष पर्वको रूपमा देखिन्छ । त्यहाँका बौद्धमार्गीहरू प्रत्येक वर्ष बौद्धविहारहरू र मन्दिरहरूमा एकत्रित भएर ६ वार्षिक पर्व रंगारंग पूर्ण उत्सव, खुरालहरू मनाउँछन् । धार्मिक पर्व त्सागन–सारा या त्सागलानगनको अवसरमा बुद्धको चमत्कारको लागि १६ दिवसीय प्रार्थनाहरूका साथै धार्मिक विधि पूरा गरिन्छ । यस प्रकारका चाडपर्वलाई खुराल भनिन्छ । यो नयाँ वर्षलाई विभिन्न विधि विधानमा मुख्य विहारहरूका लामाहरूले शान्तिको कामना गरी विशेष प्रार्थना गरिन्छ । रुसको बौद्धमार्गीहरूले १२ वर्ष चक्र प्रणाली चन्द्रमासको ल्होसारलाई नै ठूलो चाड मनाउँछन् । यो वर्ष अनुसारको जनावरलाई प्रतिक मानी मनाउँछन् । यसमा नूनिलो चिया पिउने, खादा चढाउने र पाहुनालाई सत्कार सम्मान गरिन्छ । त्यहाँका बौद्धहरूले मण्डला र देव–देवीहरूका पौभा (थाङ्का) झुण्ड्याउनुका साथै धार्मिक विधिअनुसार रंगीन बालुवाबाट मण्डल बनाउने चलन देखिन्छ । यसरी बनाएका मण्डलको रंगीन बालुवाको केही अंश प्रसादको रूपमा वितरण गरी बाँकी खोलामा लगेर सेलाउने गरिन्छ । रुसमा पनि नेपालको हिमाली क्षेत्रको जस्तो मुकुण्डो नाच प्रदर्शन गर्ने र बाजाहरू बजाउने परम्परा चलिआएको देखिन्छ ।

त्यहाँको ६ विशेष पर्वहरू निम्न प्रकारका छन्ः

१. **लुनार** (नयाँ वर्ष), यो खुरालको दिन ठूलो स्वेत शंख बजाएर नयाँ साल आगमनको उद्घोष गरिन्छ । दात्सनहरूमा उपहार दिनुका साथै लामाहरूद्वारा भोजन पर्व मनाईन्छ । यसलाई फेब्रुअरीमा पर्ने ल्होसार भनिन्छ ।

२. **दोइन–खोर**, यस प्रकारको खुराल बुद्धको जन्मदिनको उपलक्षमा कालचक्र दर्शन गरी अप्रिल महिनाको अन्तिम ३ दिन मनाइन्छ ।

३. **ज्यानदम शुसेरमे**, बुद्धको जन्म, बोधि प्राप्ति, परिनिर्वाण सम्बन्धी चाड । यो गर्मी महिनामा मनाइन्छ ।

४. **मैदारी खुराल**, यसलाई ग्रीष्म ऋतुको मध्यताका भावी मैत्रय बुद्ध आगमनप्रति समर्पित भई मनाइन्छ । यसको पहिलो दिन प्रार्थना गरिन्छ । दोश्रो दिन बुद्ध (मैत्रयबुद्ध) लाई रथमा राखेर परिक्रमा गराइन्छ ।

५. **नवाब दुइसेन** (दैसान), यो खुराल त्रयोदश भूवनबाट बुद्ध फेरि पृथ्वीमा आउने विश्वासमा प्रार्थनाहरू गरेर उत्सव मनाइन्छ । यो सरद् ऋतुको मध्यमा मनाइन्छ । (यल् खावब् दुयसुन)

६. **जुला**, यसलाई चोङ्खापा देहावशानको सम्झनामा मनाइन्छ । चोङ्खापालाई गेलुपा सम्प्रदायका गुरु मानी यस दिन १००० दिप प्रज्वलन गरिन्छ । यसमा मंगोलियन प्रभाव परेको देखिन्छ ।

**सहयोगी सामग्री**

१. धर्मरत्न शाक्य, विश्वमा बुद्धधर्म, (काठमाडौंः नयाँ बानेश्वर, २०५६), पृ.२४७

२. हिरण्यलाल श्रेष्ठ, रुसमा बौद्ध धर्म र नेपालसितको सम्बन्ध, (काठमाडौंः रत्न पुस्तक भण्डार, २०६४), पृ. ४१–४२

३. रामस्वरूप राकेश, प्राचीन बौद्ध स्थल, (नई दिल्ली, सम्यक साहित्य प्रकाशन, सन् १९९८), पृ.३४६

**हार्दिक समवेदना**



**स्व. कृष्णेश्वरी श्रेष्ठ**

**जन्म : १९८३ पौष निधन : २०७५ फागुन १०**

यस नगरपालिकाको ६ नं. वडा कार्यालयका प्रशासन सहायक योगेश्वर श्रेष्ठका हजुरआमा **कृष्णेश्वरी श्रेष्ठ**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

साभार

# रानीपोखरी पुन:निर्माणको एक महिना



कृष्णप्रसाद दुमरु

नेपाल संवत् ७९० मा कान्तिपुरका राजा प्रताप मल्लले आफ्ना छोरा चक्रवर्तीन्द्र मल्ल दिवंत हुँदाको पीडा सहन नसकी विलाप गरिरहेकी महारानीलाई सान्त्वना दिन काठमाडौंको रानीपोखरी निर्माण गर्न लगाएको इतिहास हामी पढ्न र सुन्न पाउँछौं। तद्अनुसार रानीपोखरी आजभन्दा ३४९ वर्ष अगाडि बनेको थियो। यस कालखण्डमा रानीपोखरीले अनेक प्राकृतिक विपत्ति र विनाशलीला खेपिसक्यो। मर्मतसम्भार, पुन:निर्माण र जीर्णोद्धार पनि भयो। पोखरीको बीच खण्डमा ग्रन्थकुट (शिखर) शैलीमा बनेको मन्दिरको ठाउँमा विदेशी प्रभावमा वि.सं. १९९० सालको भूकम्पपछि जुद्ध शमशेरले गुम्बज (रोम) शैलीमा मन्दिर पुन:निर्माण गराउँदा विरोधमा कसैले बोलेनन्। त्यसले तत्कालीन सामन्ती शासनको चाप र छाप वा आफ्नो कला र संस्कृतिप्रति जनता आफैं सचेत, जागरूक र शिक्षित नभएको तत्कालीन अवस्था झल्काउँछ। तर, समयको गतिशीलतालाई कसैले रोक्न सक्दैन।

विक्रम संवत् २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पकै कारणले मात्र क्षतविक्षत भएको थिएन रानीपोखरी। त्यसअघि नै जीर्ण बनिसकेको रानीपोखरीको ऐतिहासिकताको आधारमा पुरातात्त्विक उत्खनन विधिद्वारा जीर्णोद्धार वा पुन:निर्माण भइसक्नुपर्ने हो। तर, भूकम्पपछि पनि आधुनिक निर्माणको नाममा पुरानो, आफ्नोपन झल्केको संरचनालाई नष्ट बनाउँदै कंक्रिटको संरचना बनाउन खोज्दा रानीपोखरी पुन:निर्माण लामो समय विवादमा तानियो। एक पक्षले ताला लगाउने र अर्को पक्षले ताला फोड्ने गरेका समाचारहरू प्रकाशमा आए। यसरी 'साँढेको जुधाइमा बाछाको मिचाइ' भनेझैं रानीपोखरीका माछालाई तीन वर्ष अगावै अन्यत्र लगियो। पानी छचल्किनुपर्ने पोखरी घाँसे मैदान र झारमा परिणत भयो। सम्पदाप्रेमी युवाहरूले विवादरहित ढङ्ले पुरानै शैली र स्वरूपमा रानीपोखरी पुन:निर्माण गर्न ध्यानाकर्षण गरे। यसरी काठमाडौं महानगरपालिकाले गर्दै आएको रानीपोखरी पुन:निर्माण कार्य एकपछि अर्को गर्दै विवादमा फस्यो। २०७५ माघ १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले रानीपोखरी र बालगोपालेश्वर मन्दिरलगायत सो क्षेत्रमा रहेका पुरातात्त्विक अन्य संरचनाको पुन:निर्माणको जिम्मेवारी राष्ट्रिय पुन:निर्माण प्राधिकरणलाई दियो।

समस्याले जेलिएर जटिल बनेको कुनै पनि विषयवस्तु वा कार्य पुन: थालनी गर्न समस्याको चुरो पत्ता लगाउनु पहिलो कदम हुने गर्छ। यही मर्मलाई बुझी प्राधिकरणबाट रानीपोखरी पुन:निर्माणमा देखापरेका समस्या र समाधानका उपायको सोधखोज भयो। लामो समयको सोधखोज र वस्तुगत आवश्यकताका आधारमा सांस्कृतिक र सम्पदा संरक्षणको दृष्टिले उदाहरणीय बनेको भक्तपुर नगरपालिकाले गर्दै आइरहेको पुन:निर्माण विधिबाट प्रभावित भई पुन:निर्माण प्राधिकरणका प्रमुख आयुक्त सुशीलचन्द्र ज्ञवालीको नेतृत्वमा आएको टोलीले फागुन ११ गते भक्तपुरको भाजुपोखरी, सिद्धपोखरीलगायत अन्य पुरातात्त्विक क्षेत्रको अवलोकन भ्रमण गऱ्यो। टोलीले काठमाडौं रानीपोखरी पुन:निर्माण कार्यमा भक्तपुर नगरपालिकाबाट प्राविधिक सहयोगको प्रस्ताव गऱ्यो। विकास निर्माणको निर्णय प्रक्रियामा स्थानीय उपभोक्ताको पहुँचका लागि ठेक्कामा भन्दा उपभोक्ता समितिमार्फत अगाडि बढ्नु उपयुक्त हुने समझदारीकै आधारमा भक्तपुर नपा,



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत रानी पोखरी पुन:निर्माणको अवलोकनमा


भक्तपुरका सहयोगी महिलाहरू

भाजुपोखरी उपभोक्ता समितिको नेतृत्वमा दैनिक करीब ५० जना दक्ष महिला दिदीबहिनीहरूको समूहले फागुन २० गतेदेखि रानीपोखरी पुन:निर्माण उपभोक्ता समितिलाई प्राविधिक सहयोग गर्दै आएको छ ।

रानीपोखरी पुन:निर्माण कार्य पुन: सुचारु गर्नेबारे छलफल गर्न राष्ट्रिय पुन:निर्माण प्राधिकरणले विशेष आमन्त्रण गरेको बैठकमा भाग लिन भाजुपोखरी उपभोक्ता समितिको तर्फबाट म अध्यक्ष कृष्णप्रसाद दुमरु र कोषाध्यक्ष रञ्जन बमनु प्राधिकरण कार्यालय सिंहदरबारमा फागुन १९ गते बिहान ११:३० बजे पुग्यौं । बैठकमा भक्तपुरका प्रतिनिधिको व्यग्र प्रतिक्षा भइरहेको थियो । सामान्य परिचयपछि बैठक प्रारम्भ भयो । सम्पदा सबैको साझा सम्पत्ति भएको हुँदा भक्तपुरसँग रहेको ज्ञान, विज्ञान र काम गर्ने दक्षता रानीपोखरी पुन:निर्माणमा उपयोग गर्ने भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको भनाइलाई बैठकमा स्मरण गरें । पुन:निर्माण प्राधिकरणको मनसायअनुरूप काठमाडौँ महानगरपालिकाले अजयरत्न बज्राचार्यको अध्यक्षतामा उपभोक्ता समिति गठन गऱ्यो । रानीपोखरीको पुन:निर्माण स्थानीय जनताको सहभागिता रहेको उपभोक्ता समितिमार्फत हुनु उत्साहप्रद थियो ।

विवादरहित समझदारीको आधारमा काठमाडौँको रानीपोखरी पुन:निर्माण पुन: सुरू गर्ने कार्य भक्तपुर नगरपालिकाका प्राविधिक सहयोगमा थालनी हुँदा सञ्चारकर्मीहरूको ओइरो लाग्यो । सञ्चारमाध्यममार्फत सर्वसाधारण जनमानससमक्ष सकारात्मक समाचार सम्प्रेषण हुँदा रानीपोखरी पुन:निर्माण कार्य पुन: ऐतिहासिक र सांस्कृतिक तरिकाले ब्युँतिने सबैमा आशा पलायो ।

काम सुरु गर्न चाहिने सामान्य औजारहरू सावेल, पञ्जा, कोदालो, गाडाजस्ता सामग्रीसमेत हामी आफैंले बन्दोबस्त मिलाई अघि बढिरहनुपर्ने सकसपूर्ण अवस्थाले कतै कला, संस्कृति, सम्पदा जोगाउनेतर्फको हाम्रो स्वच्छ सहयोगलाई कसैले अन्य दृष्टिले हेर्ने त होइन ? भन्ने चिन्ता सहभागी सबैमा छ । काम गराइको क्रममा तिर्खा लाग्दा पिउने पानीको व्यवस्थासम्म गरिएको छैन । समय कसैका लागि पनि सजिलो छैन । प्राधिकरणमा बैठक हुँदा भोलि नै हुने भनी आश्वासन दिए पनि काम सुरु भएको मितिले एक महिना नाघिसक्दा पनि हुन सकेको छैन । बल्ल बजेटको चाँजोपाँजो मिल्दै गरेको जानकारी प्राप्त भयो । टेबुलमा भएका निर्णय वा समझदारी निश्चित समयसीमामा व्यवहारमा कार्यान्वयन नहुँदा उपभोक्ता समितिले आफू सुरक्षित हुन खोज्नु नौलो कुरा भएन । समय नबित्दै सामूहिक हितका लागि छलफल विधिद्वारा सही निर्णय लिई डटेर अगाडि बढ्न सके काठमाडौंको रानीपोखरी पुन:निर्माण कार्यले गति पाउनेछ । ढिलो चाँडो अपेक्षाकृत सफलता हासिल गर्न सकिने सकारात्मक भावनाका साथ रानीपोखरीसँग जोडिएका वडाका जनप्रतिनिधिहरूमा आफूहरूले गठन गरेको उपभोक्ता समितिकै कारण पुन:निर्माण कार्यमा ढिलासुस्ती हुनेप्रति चिन्ता देखिनु स्वाभाविक हो । विशेषत: वडा नं. २८ का स्थानीय युवाहरूको रानीपोखरीमा दिनहुँ जस्तो एकछिन भए पनि कार्यस्थलमा हुने जमघट र संलग्नता उत्साहप्रद छ । उहाँहरूमा पुन:निर्माणमा सामूहिक चासो र लगाव देखियो । यो प्रशंसनीय पक्ष हो ।

हामीले आफ्नो उपस्थितिलाई उपलब्धिमूलक बनाउन हरसम्भव प्रयास गरिरहेका छौँ । झारैझारले छोपिएको **रानीपोखरीको सफा गर्ने कार्य अहिले पूरा भएको छ ।** पुन:निर्माणको लागि पूर्वतयारी गरेको नक्साको डिजाइनमा केही भाग सुधार्नुपर्ने आवश्यकताबोध गराउन सफल भएका छौँ । भक्तपुरसँग रहेको कला, सीप र श्रम नयाँ पुस्तामा हस्तान्तरण कसरी सम्भव भयो ? अनि शोधकर्ताहरू सम्पर्कमा आउँदा 'एक घर एक स्नातक' र 'ज्ञान विज्ञानको केन्द्र' बनाउने भक्तपुरको लक्ष्य प्राप्ति धेरै टाढा नरहेको महसुस गरायो ।

*(लेखक काठमाडौँ रानीपोखरी पुन:निर्माणमा संलग्न भक्तपुरको टोलीसँग सम्बन्धित हुनुहुन्छ ।)*

*(मजदुर दैनिकबाट)*

# भक्तपुरबाट सिक्ने हो कि !

नन्दु उप्रेती

प्रत्येक बिहान एउटा जागरण गीत बज्छ नगरका टोलटोलमा, गल्लीगल्लीमा र चोकचोकमा । त्यसले सुतिरहेका नगरवासीलाई ब्युँझाउँछ । उठिसकेकाहरूलाई जाँगरिलो बनाउँछ । काममा लागिसकेकाहरूसँग कामको लयमा साथ मिलाउँछ । मानिसहरूको मन मस्तिष्क दुवैलाई प्रभावित गर्छ । सिङ्गै नगरलाई गुन्जायमान गराउँदै तरंगित हुने यो जागरण गीत भक्तपुर नगरवासीको मुटुको स्पन्दन जस्तै छ, चेतना जस्तै छ, जाँगर जस्तै छ र छ यहाँका नागरिकको भावना जस्तै ।

नानीहरूको मस्तिष्कमा रमाउँछ यो गीत र नानीहरू रमाउँछन् यो गीतमा । यो नगर भक्तपुर नेपालीको धरोहर । आफ्नो घर आँगन, टोल, नगर, आफ्नो प्यारो जन्मभुमिप्रतिको प्रेमले नानीहरूलाई छपक्कै ढाक्छ । जीवनभरका लागि मनभित्र घर बनाउँछ आफ्नो ठाउँको प्रेमले । अहा ! कति महान ! भक्तपुर आकारमा सानो छ तर हिरा मूल्यवान हुन ठुलो आकारको हुनु पर्दैन । भक्तपुर हिरा हो जो सानो तर मूल्यवान छ, चम्किलो छ र आकर्षक छ । संस्कृतिको भण्डार, कलाकृतिको सङ्ग्रहालय र श्रमको सागर यस ठाउँका परचायक नीधिहरू हुन् । भक्तपुरका भौतिक सांस्कृतिक सम्पदा, मौलिक संस्कृति र कला, भाषा र भेषभुषा तस्बिर र चलचित्रमा हेरेरसमेत चरम आनन्दानुभूति गर्छन् परका मान्छेहरू र तानिन्छन भक्तपुरको नजिक नजिक । हेर्छन, छुन्छन र अनुभव गर्छन् यो विश्व सम्पदाको धरोहर भक्तपुरलाई । स्वदेश वा विदेश कहिंका पनि मानिसहरू अत्यधिक रमाउँछन्, आल्हादित हुने गर्छन् र भक्तपुरको यात्रापछि जीवनको एउटा कर्म पूरा भएको अनुभव गर्छन् । अहा ! कत्रो गौरव भक्तपुरको । टेकेर यो भक्तपुरमा म, हामी र सबै गाउँछौ–

*विश्व सम्पदा जोगाउने हाम्रो रहर*
*कला संस्कृतिले सुसज्जित हाम्रो शहर*
*यो नगर भक्तपुर नेपालीको धरोहर ।*

यहाँका सत्तल, पाटी, पौवाहरू स्वयम् इतिहास बताइरहेका हुन्छन । बृद्धबृद्धाहरू यही बसेर यहाँको पौराणिक एवं सांस्कृतिक **शीर्षथता** ब्युँझाइरहेका हुन्छन् । उनीहरू बचाइरहेका हुन्छन् आफ्नो गौरवशाली इतिहास । बालबालिका र युवाहरू आफ्नो मन मस्तिष्कमा यसलाई सजाइरहेका हुन्छन् । न बिर्सन्छन् अघिल्लो पुस्ताले न त्याग्छन् आउने पुस्ताले । कति हार्दिक हस्तान्तरण ! कति आकर्षक संग्रहण ।

धार्मिक मठ मन्दिरहरू सांस्कृतिक एवं पौराणिक महत्त्व उठाइरहन्छन् शिरमा बोकेर । ऐतिहासिक दरबारहरू यो ठाउँको इतिहास भएर स्वयम् उभिरहेकाछन् संसारभरिका मानिसहरूका लागि आकर्षणका चहकिला गन्तब्य भएर । नवदुर्गा, चाँगुनारायण र पचपन्नझ्याले दरबार पुर्खाले छोडेका कति आकर्षक उपहार । कतिपय सम्पदाहरू त प्रकृतिले यो ठाउँलाई उज्यालो पार्नका लागि भक्तपुरलाई नै समर्पण गरेको छ । नगरकोट भन्छ संधै आऊ सगरमाथा र सूर्योदय हेरेर संसार बिर्सदै खुसीले सबैरै रमाउ । यो गौरवगाथा नगरवासीका अन्तरहृदयसम्म गुन्जायमान हुन्छ यसरी–

*नवदुर्गा, चाँगुनारायण, पचपन्नझ्याले दरबार*
*नगरकोटको सौन्दर्यले बिर्साईदिन्छ संसार*
*यो नगर भक्तपुर नेपालीको धरोहर ।*



भनिन्छ भक्तपुरमा जति चाडपर्व, मेला र जात्रा हाम्रो मुलुकमामात्र हैन संसारका कुनै ठाउँमा पनि मनाउँदैनन। टोल टोलको जनजीवनका साथै सिङ्गै भक्तपुरका ऐतिहासिक र पौराणिक महत्त्व बोकेका चाड पर्वहरू यहाँका पहिचान हुन्। जात्रा र मेलाहरू संस्कृतिका धरोहरहरू हुन्। कहाँ छ भक्तपुर ? कस्तो छ भक्तपुर ? कसैले यसरी प्रश्न गरे कति गौरवशाली जवाफ छ भक्तपुरसँग – संसारलाई चकित पार्ने अनगिन्ति चाडपर्व, मेला, जात्रा, मठ मन्दिर र दरबारहरूले झकिझकाउ र सजिसजाउ सुन्दर नगर जहाँ छ त्यही हो भक्तपुर। पुर्खादेखि नै परिचित छ भिन्नै चिनारीसहितको भेषभुषा र भादगाउँले टोपीले भक्तपुर। यिनै पहिचानका कोमल थुंगाहरूले चुम्छन प्रत्येक शुभ विहानीमा भक्तपुरवासीका मन मस्तिष्कलाई गुन्जाउँदै–

*चाडपर्व, मेला, जात्रा संस्कृतिको भण्डार*
*भादगाउँले टोपीको झनै सान अपार*
*यो नगर भक्तपुर नेपालीको धरोहर*

यो जागरण गीतले भक्तपुरको इतिहास, वर्तमान र भविष्यलाई गुन्जाइरहन्छ। यहाँका मानिसहरूमा आफ्नो जन्मभूमिको, आफ्नो कर्मभूमिको गौरव जगाइरहन्छ। यसको रचनाले लाख लाख आभार दिलाइरहनेछ सधैं सधैं रचनाकार नारायणप्रसाद आचार्यलाई भक्तपुरका जन्म सन्तान र कर्मसन्तानका तर्फबाट। संगीतको माधुर्यता संधैसंधै बलिरहनेछ भक्तपुरवासीका अन्तर हृदयमा संगीतकार किशोर खतिवडा तथा मधुर र कर्णप्रिय स्वर प्रकाश श्रेष्ठको नाम ज्योति भएर।

साहित्य, कला, सङ्गीत र संस्कृतिले जीवित राख्छ, कुनै पनि ठाउँ, जाति र त्यहाँको जीवनशैलीलाई। भक्तपुर यसरी नै जीवन्त छ र रहिरहने छ। नेपालका अरु **सयकक** गाउँ र नगरहरू पनि सुन्दर छन्, रमणीय छन्, आकर्षक छन्। ऐतिहासिक, पौराणिक, सांस्कृतिक र प्राकृतिक सम्पत्तिले हराभरा छन्। तर दुःख लाग्छ कति गाउँका बासिन्दाले, कति नगरका बासिन्दाले आफ्नै सम्पत्ति देखेका छैनन्, आफ्नै संस्कृति चिनेका छैनन्, आफ्नै पहिचान र चिनारी बुझेका छैनन्। जन्मथलो र कर्मथलोको प्रेम, माया र स्नेहलाई नागरिकको मन मस्तिष्कमा सजाउन सके भौतिक, सामाजिक एवं भावनात्मक विकासमा ठूलो फड्को अगाडि बढ्न सक्छ कुनै पनि गाउँको र कुनै पनि नगरको। यसका लागि सबै गाउँ र नगरहरूले सिक्नुपर्छ भक्तपुरबाट–

*यो गाउँ .................. नेपालीको धरोहर*
*यो नगर .................. नेपालीको धरोहर।*

*(भक्तपुर-१, सिर्जनानगर)*

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाको प्रतिवेदन (२०७५ चैत महिना)**

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २४१ | ८७ | ४५ | १३ | १७ | १८ | ६ | १५ | १० | ८ | ० | १ | ० | ० | १ | १ | २ | २ | ७ | १ |
| २ | रजनी सुवाल जरेजू | ४३१ | १३७ | ४८ | १८ | ४ | १ | ११ | ३ | ३ | १ | ० | ० | २ | १ | ० | १ | ० | ० | ० | २ |
| ३ | अनु गोसाई | ३९५ | ५७ | ३५ | १२ | २० | २१ | ६ | ५ | ६ | ३ | १ | ० | ० | ० | ० | ० | ० | ४ | १८ | ० |
| ४ | विमला कुम्पाख | ३०७ | ७८ | ४० | २२ | १५ | २० | ५ | १२ | ५ | ८ | ० | १ | १ | ० | १ | १ | ० | २ | ० | ७ |
| ५ | मञ्जु छुकां | २४२ | ३९ | ४ | २ | ३ | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ३ | ३ |
| ६ | सृजना बोहजू | १७५ | ५४ | २२ | १३ | १४ | १३ | ३ | ५ | ४ | ४ | ४ | ० | ० | ५ | ० | ५ | ३ | ५ | २ | ४ |
| ७ | सुमित्रा राजचल | २८० | ७२ | २२ | १८ | २३ | १३ | ७ | ८ | ८ | २ | ० | ० | ० | ० | ० | १ | २ | ० | १७ | २ |
| ८ | सरिता गोसाई | ७० | २० | ५ | ३ | ५ | ० | १ | २ | ० | २ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ९ | सविना दुवाल | १६१ | २८ | १३ | ७ | ८ | ० | ५ | ७ | ३ | ३ | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | २ |
| १० | मोनिका पही | २०० | ३२ | २७ | ५ | ४ | ० | ५ | ६ | ६ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |

संकलन - कमल केशरी राजचल



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 36

The circumstances which led to this appeal are curious and interesting. It is from this date (1767) that our political relations with Nipal commence.* For some years previous the British had carried on a rather extensive trade with the Niwars, but no Treaties, or political connections with the country or people, had been formed. The British had always looked on the reigning Rajah of Kathmandu as necessarily ruler of Nipal, although the contemporary Rajahs of Bhatgaon and Patan held territory equal to and sometimes exceeding that of the former prince. The slight intercourse which had existed between the British and the Niwars had been purely of a commercial character, and no occasion had offered, nor indeed had been desired, for contracting political obligations between the two Governments. The invasion of the Valley of Nipal by Prithi Narayan at the head of a Gorkha army, led to our taking a more decided interest in the affairs of that country.

From the published account of Father Guiseppe, who was in the valley at the period of the invasion and was an eye-witness of many of the scenes which he describes, it appears that the Sardars of Patan had placed on the throne Gainprejas, a man of courage as well as great influence through the country. He was tribute, one elephant annually. The Nipalese agreed to do the same, and actually paid us an elephant annually as afterwards deposed, and, after some years of contention, they made an offer of the throne to Prithi Narayan, King of Gorkka. Prithi Narayan deputed his youngest brother, Dalmadan Sah, to govern the kingdom of Patan for him. Dalmadan Sah,** Once established on take throne, refused to acknowledge the authority of his brother, and he was supported by the people and Sardars for some time in carrying on war against him.

After a time Dalmadan Sah in his turn was deposed, and Taiz Ner Sing, a poor man, but of the royal blood, was placed upon the throne by the Sardars and people of Patan.

Meantime Ranjit Mal, King of Bhatgaon, became engaged in war with the kings both of Patan and Kathmandu; and applied for assistance to Prithi Narayan, who readily afforded it, hoping by this means to recover the throne of Patan, which had already some years before been voluntarily offered to him by the nobles of that principality, and from which his own brother Dalmadan Sah had been deposed and driven into exile. Ranjit Mal, however, soon discovered that his new ally, taking advantage of the dissensions which existed among the kings and nobles of the different

(* The first political transaction between the British and the Nipalese after the Gorkha conquest was the following one : — The hill country of the Rajah of Makwanpur having come into the possession of the Nipalese by right of conquest in 1772, they claimed also the Makwanpur lowlands in the Terai, for which the Makwanpur Rajah had been accustomed to pay to the British, as tribute until 1801, when we relinquished it in the Treaty of Commerce and Alliance. Thus, within three years of the conquest of Nipal, Gorkha shrewdness and desire for gain induced them to pocket their pride, and enabled them to acquire a large tract of cultivated land on the easy condition of paying one elephant a year into the Company's commissariat.)

(** This Dalmadan Sah left one son, whose eye-sight was destroyed by Ran Bahadur (Swami as he was called after his abdication) in order to disqualify him from the throne, and prevent him from ever gaining it. On Ran Bahadur's death without a legitimate heir (and both his children were illegitimate) the crown would have reverted to this lad, by name Kula Chandra Sah, as the legitimate heir to the throne, being own nephew to Prithi Narayan. Ran Bahadur destroyed his eye-sight when a child by pouring the milky juice of the cactus into his eyes.

February, 1854. — Kula Chandra Sah is now alive, very old, and stone blind. I met him at Thappatalli, where he had gone to pay his respects to Jang Bahadur. He has been, in his day, a mischievous intriguer against the Thappas, he himself having always been a warm ally of the Pandits.)

principalities, was intriguing to possess himself, supported as he was by an army of Gorkhas, of the whole country of Nipal. The King of Bhatgaon, therefore, came to friendly terms with the sovereigns of Patan and Kathmandu, and the three princes united their arms to defend their own possessions and to endeavour to expel Prithi Narayan and his army from the country. Prithi Narayan succeeded in securing in his interest many of the mountain chiefs, especially those connected with or feudatory to the principality of Patan, by promises to keep them in possession of their jagiers and largely to augment their authority and importance. By their assistance chiefly he gained possession of all the mountains which surround the Valley of Nipal, and built numerous small forts upon their summits, in which his troops were stationed, and from which they were able to command all the approaches to the valley. Then collecting his forces, he entered the valley and laid siege to the city of Kirtipur, anticipating little or no opposition. Kirtipur is situated in the south-west quarter of the valley, and stands alone upon and around the level crest of a hill, about two or three hundred feet above the surrounding plain. It was strengthened on all sides by a wall which encircled the whole town, having in it a few gates which were strongly fortified *; while within were several buildings which acted as fortresses, especially in the upper part of the town, around and supporting the durbar, which was situated at the highest point of the hill. Considering the rude materials with which war was then carried on, Kirtipur may be said to have been a very strong, if not an impregnable, post of defence. At this time Kirtipur was subject to the King of Patan, and to him the inhabitants naturally looked for support; but none being afforded to them, they applied for assistance to Gainprejas, the deposed king of Patan. He promptly inarched with an army to their relief, fought a pitched battle with the forces of the King of Gorkha, and gained a complete victory. A brother of the King of Gorkha was killed on the field of battle, and Prithi Narayan himself narrowly escaped with his life by fleeing to the mountains.

The people of Kirtipur then elected Gainprejas as their king. Having failed in this attack, Prithi Narayan attempted to starve the country into submission by causing a famine. With this object he posted troops at all the passes of the mountains, to prevent any provisions being supplied to the inhabitants of the valley. Every man, woman, or child detected or suspected of violating the orders he issued on this subject, was hanged immediately, and Father Guiseppe saw the bodies of many such offenders hanging on the trees by the road-side.

Not gaining his object by these means, he had recourse to the assistance of that ever-intriguing class, the Brahmans, and by their means fomented dissensions among the leading nobles of Nipal, and attached many of them to his party by holding forth liberal and enticing promises. When he thought he had a party sufficiently strong he again advanced with his army to Kirtipur, and laid siege to it on the north-west quarter, that he might avoid exposing his army between the two cities of Patan and Kathmandu. After the siege had lasted several months, Prithi Narayan sent a message demanding the regency of the town. An insulting and exasperating answer was returned to him, fastened to an arrow. Enraged at their still holding out, he ordered an immediate attempt to storm the town on every side; but the bravery of the inhabitants defeated all the efforts of the Gorkhas, who, after losing a large number of their men, retreated, and, raising the siege a second time, withdrew their army to the hills. A brother of the King of Gorkha, named Suru Partap, was wounded by an arrow during the attempt to storm the town, but was afterwards cured of his wound by a member of Father Guiseppe's mission.

**(To be continued)**

(* The ruins of these forts still exist on several hills. On "Deo choak" there are four, the branches of which are very distinct. On the low range of hill connecting Nagarjun with Kukanni there are three or four others. On the east side of the valley, on the hill of Changu Narayan, there are rather extensive remains of fortified forts, which were probably occupied by the Gorkhas during their operations against Bhatgaon.)

# नेपालको संविधान २०७२ (४३)

## भाग - ३२

## विविध

**२८५. सरकारी सेवाको गठन :** (१) नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्नेछ। त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐन बमोजिम हुनेछ।

(२) संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ।

(३) प्रदेश मन्त्रिपरिषद, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन्।

**२८६. निर्वाचन क्षेत्र निर्धारण आयोग :** (१) यस संविधान बमोजिम संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले देहायका अध्यक्ष र सदस्य रहेको एक निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ :-

(क) सर्वोच्च अदालतको सेवानिवृत्त न्यायाधीश - अध्यक्ष
(ख) भूगोलविद एक जना - सदस्य
(ग) समाजशास्त्री वा मानवशास्त्री एक जना - सदस्य
(घ) प्रशासनविद वा कानूनविद एक जना - सदस्य
(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत - सदस्य सचिव

(२) निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि त्यस्तो आयोग गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

(३) देहायको योग्यता भएको व्यक्ति निर्वाचन क्षेत्र निर्धारण आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको,
(ख) पैंतालिस वर्ष उमेर पूरा भएको, र
(ग) उच्च नैतिक चरित्र भएको।

(४) देहायको कुनै अवस्थामा निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले लिखित राजीनामा दिएमा,
(ख) निजलाई नेपाल सरकार, मन्त्रिपरिषदले हटाएमा,
(ग) निजको मृत्यु भएमा।

(५) निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्या र भूगोललाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसंख्या र सदस्य संख्या बीचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गर्नेछ।

(६) उपधारा (५) बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सो क्षेत्रको जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनु पर्नेछ।

(७) निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन।

(८) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ।

(९) नेपाल सरकार, मन्त्रिपरिषदले उपधारा (८) बमोजिमको प्रतिवेदन संघीय संसद समक्ष पेश गर्नुको अतिरिक्त कार्यान्वयनका लागि निर्वाचन आयोगमा पठाउनेछ।

(१०) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

(११) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त सरह हुनेछ।

(१२) उपधारा (५) बमोजिम निर्धारण भएको निर्वाचन क्षेत्रको प्रत्येक बीस वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१३) निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

**२८७. भाषा आयोग :** (१) यो संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले प्रदेशहरूको प्रतिनिधित्व हुने गरी एक भाषा आयोगको गठन गर्नेछ।

(२) भाषा आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक संख्यामा सदस्यहरू रहनेछन्।

(३) भाषा आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ। निजहरुको पुनः नियुक्ति हुन सक्ने छैन।

(४) देहायको योग्यता भएको व्यक्ति भाषा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ख) नेपालका विभिन्न भाषाहरूको सम्बन्धमा अध्ययन, अध्यापन, अनुसन्धान र अन्वेषणको क्षेत्रमा कम्तीमा बीस वर्षको कार्य अनुभव भएको,
(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र
(घ) उच्च नैतिक चरित्र भएको।

(५) देहायको कुनै अवस्थामा भाषा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) निजलाई नेपाल सरकार, मन्त्रिपरिषदले हटाएमा,

(ग) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(घ) निजको मृत्यु भएमा ।

(६) भाषा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकार समक्ष भाषाको सिफारिस गर्ने,

(ख) भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(घ) भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने ।

(७) भाषा आयोगले उपधारा (६) को खण्ड (क) बमोजिमको कार्य आयोग गठन भएको मितिले पाँच वर्ष भित्र सम्पन्न गर्नेछ ।

(८) नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी प्रदेशमा भाषा आयोगको शाखा स्थापना गर्न सक्नेछ ।

(९) भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

२८८. **राजधानी** : (१) नेपालको राजधानी काठमाडौंमा रहनेछ ।

(२) यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्बन्धित प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय भए बमोजिम हुनेछ ।

(३) उपधारा (२) बमोजिम निर्णय नभएसम्म नेपाल सरकारले तोके बमोजिमको स्थानबाट प्रदेशको कार्य सञ्चालन हुनेछ ।

२८९. **पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्था** : (१) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।

(२) उपधारा (१) मा उल्लिखित पद बाहेक अन्य संवैधानिक निकायको पदमा यस संविधान बमोजिम नियुक्तिको लागि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्ति वा जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति समेत योग्य हुनेछ ।

तर नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा दश वर्ष, जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति र धारा ११ को उपधारा (६) बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ ।

२९०. **गुठी सम्बन्धी व्यवस्था** : (१) गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउनेछ ।

(२) गुठी सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

२९१. **नियुक्तिका लागि योग्य नहुने** : (१) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक यस संविधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित, मनोनीत वा नियुक्तिको लागि योग्य हुने छैन ।

तर त्यस्तो विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको व्यक्तिलाई कम्तीमा तीन महीनाको अवधि व्यतित भए पछि त्यस्तो पदमा निर्वाचित, मनोनीत वा नियुक्त गर्न बाधा पर्ने छैन ।

(२) उपधारा (१) बमोजिमको विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

२९२. **संसदीय सुनुवाई सम्बन्धी व्यवस्था** : (१) यस संविधान बमोजिम संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाई हुनेछ ।

(२) उपधारा (१) को प्रयोजनका लागि संघीय संसदका दुवै सदनका सदस्यहरू रहने गरी संघीय कानून बमोजिम पन्ध्र सदस्यीय एक संयुक्त समिति गठन गरिनेछ ।

(३) उपधारा (२) बमोजिमको संयुक्त समितिमा रहने सदस्यले संघीय संसदको उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरबी गर्न पाउने छैन ।

२९३. **संवैधानिक निकायको काम कारबाहीको अनुगमन** : संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ । प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

२९४. **संवैधानिक निकायको वार्षिक प्रतिवेदन** : (१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानून बमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ । (क्रमशः)

तपाईंको भान्छा

# दहीं र मोही कतिको खानुहुन्छ ?

दही र मोही कत्तिको खानुहुन्छ, कुन्नि ? मोहीले शरीरमा हुने विभिन्न विषालु तत्वलाई निकालेर मानिसलाई स्वस्थ बनाउन ठूलो भूमिका खेल्छ। आयुर्वेदको एउटा ग्रन्थमा लेखिएको छ, **'नियमित मोही सेवन गर्ने व्यक्ति रोगी हुँदैन।'** स्वादको हिसाबले मात्र नभई दहीमोही स्वस्थ रहन र विभिन्न किसिमका शारीरिक समस्या समाधान गर्न पनि त्यति नै उपयोगी मानिन्छन्।

दूधबाट दही बन्दा विशेष प्रकारको किटाणु पैदा हुन्छ। यसले हाम्रो स्वास्थ्यकालागि सकारात्मक काम गर्छ। बच्चाबच्ची, गर्भवती महिला र वृद्धवृद्धाको हाडकालागि नभइ नहुने क्याल्सियम दहीमा पाइन्छ। हाडकालागि क्याल्सियमको निकै ठूलो महत्त्व छ। विशेषगरी उमेर बढ्दै जाँदा हाडको घनत्व कम हुँदै जान्छ र अस्टियोपोरोसिस नामक रोग लाग्ने सम्भावना हुन्छ। महिलाको महिनावारी बन्द भएको बेला यो समस्या निकै देखिन्छ। क्याल्सियमका लागि दही निकै राम्रो स्रोत हो।

दूध खान मन नलाग्ने, दूध नपच्ने वयस्क वा बच्चाहरूकालागि दही एउटा उत्तम विकल्प हो। कतिपय व्यक्तिलाई एन्टिबायोटिकको प्रयोग गर्दा पखाला लाग्ने गर्छ। यसबाट बच्न दहीको प्रयोग अत्यन्तै लाभदायक हुन्छ। दही पखाला रोक्नका साथै कब्जियत खुलाउन पनि उपयोगी हुन्छ। अनुसन्धानहरूले के पनि देखाएका छन् भने दहीमा रहेका लाभदायक किटाणुले क्यान्सर उत्पन्न गर्ने किटाणुको सक्रियता घटाउँछन्। यसले आन्द्रामा हुने क्यान्सर कम गर्न मद्दत गर्छ।

मध्य एसियाली देशहरू कजाकस्तान, उज्वेकिस्तान तथा युरोपेली देश बुल्गेरियाका बासिन्दाहरू दैनिक भोजनमा दही बढी नै प्रयोग गर्ने भएकाले स्वस्थ हुन्छन् भन्ने अध्ययनले देखाएको छ। सन् २००० को डिसेम्बरमा बंगलादेशको राजधानी ढाकामा सम्पन्न स्वास्थ्यसम्बन्धी एउटा सम्मेलनमा विश्व प्रसिद्ध किताब **'डाक्टर नभएमा'** का लेखक डा. डेभिड बर्नरले बच्चालाई पखाला लाग्दा दिइने अत्यन्त राम्रो औषधि दही र भात हो भनेर भनेका थिए।

कब्जियत आजको आधुनिक समाजमा ठूलो समस्याको रूपमा देखापरेको छ। कब्जियतले शरीरका विभिन्न भागमा समस्या निम्त्याउँछ। कब्जियतको समस्याबाट बच्न हरेक उमेरका व्यक्तिले मोही र दहीको प्रयोग गरेमा यो समस्या स्वतः समाधान हुन्छ। दही र केरा मिसाएर खाएमा कुपोषित व्यक्ति, गर्भवती महिला, दूध खुवाउने महिला र लामो बिरामीबाट भर्खर उठेका व्यक्ति सबैलाई अत्यन्तै जरुरी हुन्छ। नेवार समुदायमा भोज खानेबेलामा सम्पूर्ण भोजन सिद्धिसकेपछि अन्त्यमा दही र मूला दिने चलन छ । यो परम्परालाई निकै वैज्ञानिक मान्नुपर्ने हुन्छ। दहीलाई एउटा सम्पूर्ण भोजन पनि मानिन्छ, जसले शरीरलाई पुष्ट राख्छ र विभिन्न समस्याको समाधान पनि गर्छ। भारतका कतिपय ठाँउहरूमा छाला राम्रो बनाउन दही, बेसन र बेसार मिसाएर लगाउने चलन छ। यसले छालालाई नरम र चिल्लो बनाँउछ भन्ने मान्यता छ। घरेलु औषधिका रूपमा दहीलाई कपालको चाया हटाउनकालागि पनि प्रयोग गरिन्छ। दही र कागतीको मिश्रण बनाएर दुई घण्टापछि कपालमा लगाउनाले चायाको प्रकोप कम हुनुका साथै कपाल चम्किलो पनि हुन्छ भन्ने अनुभव धेरैले बटुलेका छन्।

*- डा अरुणा उप्रेती*


## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :

कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

email - bhaktapurmasik@gmail.com


## बसिबियाँलो (पृष्ठ५७) को उत्तर

| | | |
|---|---|---|
| 1 | 9 | 2 |
| 3 | 8 | 4 |
| 5 | 7 | 6 |

| | | |
|---|---|---|
| 2 | 1 | 9 |
| 4 | 3 | 8 |
| 6 | 5 | 7 |

| | | |
|---|---|---|
| 2 | 7 | 3 |
| 5 | 4 | 6 |
| 8 | 1 | 9 |

| | | |
|---|---|---|
| 3 | 2 | 7 |
| 6 | 5 | 4 |
| 9 | 8 | 1 |

# आ.व. २०७५/७६ चैत्र महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५३१ | ७०० | ३९४ | ५४२ | ४१४ | ३४९ | ५६२ | ६६७ | ६२८ | ४६५ | ५५० | ४२५ | ४५७ | ६८० | ५१२ |
| ■ सार्क तथा चिनियाँ | ३७६ | ३७९ | ४२३ | ४१९ | ६७३ | ६९३ | ५४० | ५४८ | ५७७ | ३७९ | ४०६ | ६१९ | ५१९ | ३८६ | ४२६ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५६६ | ३५६ | ५०९ | ४३३ | ४५० | ५०३ | ५४६ | ४८४ | ५१० | ४०२ | ५६६ | ४५६ | ५६७ | ४१६ | ९२३ |
| ■ सार्क तथा चिनियाँ | ५६० | ४२३ | ४०४ | ३११ | १७७ | १६९ | २८८ | ३७६ | २९७ | २३८ | २६० | २३२ | २७७ | २१३ | ३४३ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ चैत्र | १५,५६३ | ११,९३१ | २७,४९४ |
| २०७४ चैत्र | १६,०४७ | ८,७२४ | २४,७७१ |
| प्रगति | -४८४ (-३.०२%) | ३,२०७ (३६.७६%) | २,७२३ (१०.९९%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# पंचायती शैलीको संघीयता

'सिंहदरबारको अधिकार गाउँमा' धेरै हदसम्म संविधानले त्यस्तै भनेको छ, संघीयताको मर्म र सौन्दर्य पनि त्यही हो । तर पञ्चायतले विकेन्द्रीकरणको नारा जतिसुकै भट्याए पनि, बहुदलीय प्रजातन्त्रलाई 'उत्कृष्ट' र 'अद्वितीय' भनी मुख मिठ्याए पनि शासक दलहरूले जनता र जनप्रतिनिधिलाई अधिकार सम्पन्न बनाउने काम गणतन्त्रसम्म पनि कञ्जुस्याइँ गरेका छन्, धोखा दिएका छन् ।

'समाजवाद उन्मुख' संविधानको पालना गर्नु र गराउनुपर्ने 'कम्युनिस्ट' ट्रेडमार्क भ्रुण्डयाएको दुई तिहाइको सरकारले पूँजीवादी होइन दलाल पूँजीवादी नीति अंगालिरहेको छ । एक पछि अर्को राष्ट्रघाती काम गर्दै वर्तमान सरकारले संविधानको मर्म र संघीयताको भावनालाई हाकाहाकी उल्लंघन गर्न हौसिएको छ । विगतका केन्द्रीकृत राज्य प्रणालीबाट देशको विकास र जनताको हित भएन भनी ल्याइएको संघीयतालाई बुँख्याचामा सीमित राखेको छ, संविधानलाई कागजको खोस्टामा परिणत गरेको छ । त्यसैले प्रदेश र स्थानीय सरकारको केन्द्रीय सरकारसँग गुनासो बढेको छ, आलोचना र विरोध हुन थालेको छ ।

संविधानले शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । तर नयाँ ऐन नआएको भन्दै शाही कालीन शिक्षा नियमावली २०५९ को आड लिई केन्द्रले शिक्षकहरू नियुक्त गर्न जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइहरूलाई परिपत्र गरेको छ। निर्वाचित जनप्रतिनिधिहरूको स्थानीय सरकारको अधिकार कर्मचारीहरूलाई दिने चरित्र, प्रवृत्ति र व्यवहारले शासक दलहरूको गणतान्त्रिक, संघीयता र प्रजातन्त्रकै मुकुण्डो थुतिएको छ । यसले संविधानको प्रावधान, संघीय चरित्र र प्रजातान्त्रिक आचरण प्रतिकूल भएको घाम जतिकै स्पष्ट गर्छ ।

यदि पंचायती केन्द्रिकृत शासन प्रणाली ठीक थियो भने संघीयताको अर्थ र औचित्य के ? कतै दुई तिहाईको दम्भमा पञ्चायती शैलीको संघीयता लाद्न खोजको त होइन ?

अधिकार आफूमा केन्द्रित गरी, संविधानले दिएको अधिकारमा समेत हस्तक्षेप गरेर सरकारले के स्थानीय तह अधिकार प्रयोग गर्न सक्षम छैन भन्ने ठानेको हो ? हो भने 'सिंहदरबारको अधिकार गाउँमा' भनी फलाक्न छोड्नु पर्छ, पाखण्ड रोक्नुपर्छ ।




भक्तपुर नपाद्वारा २०७५ का उत्कृष्ट खेलाडी
सम्मान कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँलगायत सम्मानित खेलाडीहरूको सामुहिक तस्बिर




भूकम्प इन्जीनियरिङ र विपद्पछिको पुनर्निर्माण योजनाबारे दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समापनपछिको सामुहिक तस्बिर